# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौथो अधिवेशन

## (पन्ध्रौ बैठक)

### कार्यवाहीको सम्पूर्ण विवरण

### मिति २०७६/०३/०३ गते, बिहान ११:०० बजे ।

प्रदेश सभाको चौथो अधिवेशनको आजको बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा बिहान ११:३२ बजे प्रारम्भ भयो ।

## माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, सर्बप्रथम म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरिबहादुर चुमानलाई मिति २०७६ साल असार २ गते सभा समक्ष प्रस्तुत गर्नुभएको "प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

## माननीय हरिबहादुर चुमान

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल असार २ गते प्रस्तुत भएको "प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम ९१० बमोजिम विधेयकमाथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यबाद।

## माननीय सभामुख:

अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।

(हुन्छ भन्ने आवाज)

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन, तसर्थ "प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

अव, माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरिबहादुर चुमानले मिति २०७६ साल असार २ गते सभा समक्ष प्रस्तुत गर्नुभएको "प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथिको सामान्य छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउँछु।

सर्वप्रथम म माननीय सदस्य श्री दिपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय दीपक कोइराला

माननीय सभामुख महोदय, हामी प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि बारेमा अहिले छलफल गर्दै छौ प्रदेश लोकसेवा विधेयकको बारेमा । हामीसँग अब हाम्रो अभ्यासमा मात्रै यो सामान्य रुपमा हेर्दा लोकसेवा भनेको जागिर खुवाउने सरुवा सरुवा त कमै हुन्छ क्यारे

बढुवा गर्ने सिफारिस गर्ने जस्ता कामहरुमा मात्रै केन्द्रीत रहन्छ भने जस्तो देखिन्छ।तर मलाई लाग्दछ यो लोकसेवाको यति धेरै महत्त्व छ वास्तवमा यो अझै अगाडि नै हामीले यो विधेयक ल्याउन पर्ने अवस्थाको पनि हामीले अभाव महसुस गरिराखेका छौ किनभने हामीले हाम्रो प्रदेश सरकारले गर्नुपर्ने कामहरु हामी समयमा या अघिल्लो वर्षको बजेट खर्चदेखि लिएर हाम्रा योजनाहरु किन सही समयमा हामीले सक्न सकेनौ भन्दा एउटा महत्त्वपूर्ण हाम्रो समस्या भनेको के हो भने कर्मचारीको समस्या हो ।व्यवस्थापनको समस्या हो त्यसलाई हामीसँग हामीलाई पर्याप्त मात्रामा कर्मचारीहरुको व्यवस्थापन हुन नसक्दा हामीले हाम्रा कामहरु अगाडि बढाउन सकेनौ भन्ने कुरा नै हामीले समीक्षा गर्दै आएका छौ।त्यसकारण पनि हामीलाई हाम्रा कामहरु अगाडि बढाउनको लागि प्रदेश सरकारलाई या यो प्रदेशका समग्र योजनाहरु काम गर्न बजेटहरु खर्च गर्न र यो प्रदेशलाई हामीले एउटा समृद्ध प्रदेशको रुपमा अगाडि बढाउने हो भने हामीले यो लोकसेवा विधेयक पास गरेर छिटो भन्दा छिटो अझै हामीलाई केही कर्मचारीहरु अभाव रहेका कर्मचारीहरु भर्ती गर्नु पर्ने र अगाडि बढ्नुपर्ने आवश्यकता छँदैछ। यो सँगसँगै मैले अलिकति जोड्न खोजेको कुरा के हो भने मैले सरसर्ती यो हेरेँ पढेँ र यसो बुझेँ लोकसेवा मैले अघि थोरै सुरुमा भन्याथे लोकसेवा आयोग भन्दा खालि हामीले कर्मचारी भर्ना गर्ने मात्रै अर्थ राख्दछ कि जस्तो पनि हामी बुझ्दछौ तर यो प्रदेश लोकसेवा आयोग त्यति मात्रै होइन रहेछ। त्यो प्रदेश लोकसेवा आयोग भनेको चाहि समग्र हाम्रो व्यवस्थासँग जोडिएको कुरा जस्तो देखा पर्‍यो किनभने हामीले यो लोकसेवा आयोग बनाउन नसक्दा हामीले जे जस्ता कामहरु अगाडि बढाउन सकेनौ वा संघीयतालाई कार्यान्यन गर्न सकेनौ। संघीयतालाई कार्यान्यन गर्न किन हामीले सकेनौ भन्दा एउटा हामीसित अभाव रहेको कुरा के हो भने कर्मचारी व्यवस्थापनको कुरा हो। त्यतिमात्र होइन हाम्रो संविधानले हाम्रो प्रदेशलाई दिएको अधिकार सूची एकल अधिकार सूचीको २१ वटा बुँदा कार्यान्यन गर्ने काम पनि हामीसँग छदैछ। त्यसको एकै नम्वरमा प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षाको कुरा पनि हामी यो प्रदेशलाई जिम्मा छ। त्यसकारण यसको लागि पनि हामीलाई यो लोकसेवा जरुरी परिराख्याथ्यो। यो लोकसेवा आयोगको सम्बन्धी विधेयक हामीलाई जरुरी पर्‍याथ्यो

आज सदनमा आएको छ। अझै मैले जोड्न खोजेको कुरा के हो भने आज संघीयता माथि कोइसन चिन्ह उठेको छ। प्रदेशहरुले आफ्ना कामहरु सही ढङ्गले अगाडि बढाउन सकेका छैनन्। या प्रदेशको तह प्रभावकारी रुपमा अगाडि बढ्न सकेको छैन त्यसकारणले प्रदेशहरु चाहिन्छन् कि चाहिदैनन्। संघीयता माथि कोइसन उठिराछ। त्यो संघीयताको कार्यान्यन गर्ने पनि एउटा महत्त्वपूर्ण कडी पनि लोकसेवा आयोग हो रछ भन्ने कुरा आज देखा परिरहेको छ । किनिक हामीले निर्माण गर्ने या प्रदेश सरकारले प्रदेशले निर्वाह गर्नुपर्ने भूमिका पहिलो नम्वरको सूचीमा मैले अघि नै भनेँ जस्तो प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा कायम गर्नेदेखि अनुसन्धान व्युरो बनाउने कुरादेखि लिएर धेरै कुराको व्यवस्थापनको कामहरु त्यहाँ छ। यो सबै कामहरुलाई व्यवस्थापन गर्नको लागि हामीलाई आजको दिनमा प्रदेश प्रहरी चाहिएको छ अनुसन्धान व्युरो चाहिएको छ सँगसँगै हामीलाई अभाव रहेका कर्मचारीहरुको व्यवस्थापनको पनि कुरा पनि चाहिएको छ त्यो कहाँबाट पूरा गर्ने भन्दा त्यो संविधानले संवैधानिक व्यवस्था गरेको लोकसेवा आयोगबाट पूरा गर्नुपर्ने संवैधानिक व्यवस्था छ त्यसकारण त्यो संवैधानिक व्यवस्थालाई कार्यान्यन गर्ने र आफ्ना कामहरुलाई अगाडि बढाउने एउटा महत्त्वपूर्ण आयोग भनेको चाहि लोकसेवा आयोग देखा पर्दछ। लोकसेवा आयोग हो र त्यसलाई पहिले गर्नको लागि हामीले यो सम्बन्धी विधेयक बनाउनु पर्ने जरुरी थियो र सरकारले यो विधेयक ल्याएको छ र यो विधेयकले मलाई लाग्छ यो समग्रतामा यो विधेयक जसरी आएको छ यो एउटा महत्त्वपूर्ण छ र मैले अघि नै भनेँ यी हाम्रा कामहरुलाई व्यवस्थित गर्ने र प्रदेश सरकारको या प्रदेश तहको प्रभावकारितालाई स्थापित गर्न र संघीयताको वास्तविक अनुभूति गराउन हामीले संघीयताको वास्तविक अनुभूति गराउन सकिराखेका छैनौ किनकि हाम्रा सरकारका अंगहरु जसरी हामीले परिचालन गर्नुपर्ने हो जसरी त्यसका विभागहरु गठन गर्नुपर्ने हो जसरी त्यसका कार्यालयहरु व्यवस्थापन गर्नुपर्ने हो र हाम्रा सेवाग्राहीहरु नागरिक आम नागरिकहरुलाई हाम्रा प्रदेशका नागरिकहरुलाई सेवा प्रवाह गर्नुपर्ने हो त्यो सकिरहेका छैनौ यसकारणले प्रश्न चिन्ह उठिरहेको छ कि प्रदेशले के गरिरहेको छ वा प्रदेश तहले प्रदेशलाई व्यवस्थापन गर्न प्रदेश सरकारले हामीलाई के अनुभूति गरायो भन्नेजस्तो

कुराहरु आए। शान्ति सुरक्षादेखि सबै हाम्रा दैनिक जीवनका कामहरुमा पनि हामीले व्यवस्थापन गर्नुपर्ने दायित्व प्रदेश सरकारसँग छ। त्यो हामीले गर्न सकिरहेका पर्याप्त मात्रामा गर्न सकिरहेका अवस्था छैन त्यसकारणले त्यो कुरालाई पूरा गर्ने र संघीयताको वास्तविक संघीयताको अनूभुति गराउनको लागि पनि हामीलाई आज लोकसेवा चाहिएको छ त्यो जरुरी परिराखेको छ त्यसकारण त्यो सन्दर्भमा यो जुन लोकसेवालाई व्यवस्थित गर्ने प्रदेश लोकसेवा आयोगको गठन काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक जुन विधेयक छ त्यो जरुरी महसुस भएर यहाँ आएको छ यसलाई हामी यही रुपमा बुझौं यही रुपमा म राख्छु र यसको महत्त्वपूर्ण योगदान हुन सक्छ संघीयतासँग। मैले अघि नै भनें कर्मचारीहरुको भर्ना गर्ने, कर्मचारीहरुको व्यवस्थापन गर्ने कुरासँग मात्र होइन संघीयताको कार्यान्वयन गर्ने कुरासँग संघीयतालाई प्रभावकारी बनाउने कुरासँग पनि यो महत्त्वपूर्ण छ किन के संघीयता प्रभावकारी हुन नसक्दा संघीयता या हाम्रा प्रदेशहरु प्रभावकारी रुपमा हाम्रा नागरिकहरुका विचमा हाम्रा कामहरुलाई अगाडि बढाउन नसक्दा वा सेवाग्राहीहरुलाई समयमा  हामीले सेवा दिन नसक्दा या हामीले प्रदेश भित्रको शान्ति सुरक्षा ठिक ढंगले कायम गर्न नसक्दा समग्र सत्ता प्रति नै समग्र व्यवस्थाप्रति कोइसन चिन्ह जुन उठेको छ त्यो कोइसन चिन्ह हल गर्नका लागि पनि यो एकदमै महत्त्वपूर्ण सावित हुनेछ भन्दै कुरा राख्दछु र मेरो भनाइ अन्त्य गर्दछु धन्यबाद।

**माननीय सभामुख:**

माननीय सदस्य श्री विष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय विष्णु प्रसाद लामिछाने

माननीय सभामुख महोदय, हामी यतिवेला संघीयताको मेरुदण्डको रुपमा रहेको “प्रदेश लोक सेवा आयोगको गठन,  काम,  कर्तव्य,  अधिकार र कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ को सैद्धान्तिक पक्षको छलफलमा छौ। वास्तवमा यो विधेयक अझै अगाडि आउनुपर्थ्यो भन्ने मलाई लाग्दछ। हामीले गत वर्ष राम्रै काम

गऱ्यौ भन्ने लाग्यो। बजेट पनि राम्रैसँग विनियोजन गऱ्यौ। स्थानीय तह पनि अत्यन्त उत्साहित भएर आफ्नो काम गर्ने भनेर लाग्यो तर समस्या कहाँनेर आयो भन्दा काम हुनै सकेन। समस्या कर्मचारीसँग गएर जोडियो। प्रदेश स्तरको आफ्नै कर्मचारी नभएको कारणले जति काम गर्नुपर्ने हो त्यति काम हुन सकेन। जनतालाई जति सेवा दिन पर्ने हो हामीले त्यति सेवा दिन सकेनौ त्यसैले पनि यो विधेयक अत्यन्तै महत्त्वपूर्ण छ भन्ने मलाई लागेको छ। यसले आफ्नो प्रदेशभित्रका कर्मचारीहरु छनौट गर्दा निष्पक्षता, स्पष्टता र दक्षताको आधारमा छनौट गर्छ भन्ने विश्वास हो किनभने अहिले सम्म लोकसेवा आयोगले जुन विश्वास जितेको छ हामीले त्यसलाई विश्वास गर्छौ प्रदेश लोकसेवा आयोगले पनि त्यही किसिमको विश्वास जित्नेछ। यसमा गठन प्रकृयाहरु छन् । वास्तवमा सरसर्ती मैले अध्ययन गरेँ। गठनकै कुरा गर्दा पनि यसमा बढीमा ३ सदस्य भनेको छ र त्यसमा एक जना महिला अनिवार्य भनेको छ यसले अब कति हो भन्न सकिदैन तर आधा आकाश ओगटेको महिला जगतलाई पनि केही सम्मान पुऱ्याएको छ भन्ने मैले महसुस गरेको छु। जति हुनुपर्ने त्यति नभएपनि भएको छ र यसमा कम्तिमा पनि सिफारिस गर्दा समानुपातिक र समावेशी सिद्धान्तका आधारमा सिफारिस गर्नुपर्ने भनिएको छ यसले पनि तत् तत् ठाउँमा न्याय दिन्छ भन्ने मैले महससु गरेको छ। वास्तवमा हामी हिजो पनि हेऱ्यौ आज पनि हेरेका छौ कर्मचारी कै अभावमा हामीले काम गर्न गाह्रो भो। गाउँगाउँमा गयो पालिकाहरुमा छिऱ्यो छिर्नै नहुने परिस्थिति। ६ वटा वडा छ एउटा पनि वडा सचिव छैन भन्ने गुनासो। प्रदेशका अस्ति हामीले एउटा कृषि ज्ञान केन्द्रको कार्यालय सम्पर्क कार्यालयकै रुपमा अस्ति एउटा उद्घाटन भयो नवलपुरमा। कर्मचारी कतिजना भन्या त्यो त व्यवस्था हुँदै होला भन्या जस्तो परिस्थिति श्रृजना भयो। अर्थात कारण के हो त भन्दा हामीसँग आवश्यकता अनुसार कर्मचारी भएनन् र त्यो नियुक्ति गर्ने अन्य अवस्था पनि रहेन। यसैले त्यो नियुक्ति गरेर जनताको कामलाई सर्वसुलभ बनाउनको लागि, छिटोछरितो बनाउनको लागि र गुणस्तरीय काम गर्नेको लागि पनि यो विधेयकले राम्रो काम गर्छ भन्ने मलाई लाग्छ। यसमा अर्को एउटा मलाई राम्रो के लाग्यो भन्दा धेरै कुरा छन् हामी दफावार छलफलमा जान्छौ। त्यो मध्ये एउटा

दफा ३८ मा के भनिएको छ भन्दा विद्युतीय माध्यमको प्रयोग भनिएको छ यसले पनि दूरदराजमा रहेका व्यक्तिहरु जो अहिले कस्तो छ समस्या भने गाउँमा छ मान्छे समयमा खवर पाउँदैन त्यहाँ गएर तपाईको दर्ता गर्न नपाउने अवस्था छ त्यो अवस्थामा कम्तीमा पनि विद्युतीय माध्यमको प्रयोग गरेर उसले फर्म भर्न सक्छ। त्यसपछि उसले परीक्षा कहिले छ भनेर आफ्नो घरमै बसेर मोवाइलमा हेरेर उसले जानकारी हासिल गर्न सक्छ परीक्षा दिन्छ। मेरो रिजल्ट के भो भनेर उसले आफ्नै घरमा बसेर आफ्नै मोवाइल प्रयोग गरेर हेर्न सक्छ। यस्ता कुराले साँच्चै नै ती सम्बन्धित व्यक्तिहरुलाई सहयोग पुग्छ भन्ने मलाई लागेको छ। समग्रमा हेर्दा यो विधेयक जुन आएको छ यो विधेयकले प्रदेशको काम कारवाहीलाई अगाडि बढाउन ठूलो मद्दत पुग्छ भन्ने विश्वास सहित शुभकामना व्यक्त गर्दै बिदा हुन्छु धन्यबाद जयनेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री हरिशरण आचार्यलाई  छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय हरिशरण आचार्य

माननीय सभामुखज्यू, हामी कतिपय हाम्रो मुलुकका संवैधानिक निकायहरु लोकसेवा आयोग संवैधानिक परिषद् लगायतका यी निकायहरु हामी अलि स्वतन्त्र अलि निष्पक्ष अनि सबैको भावना अथवा संविधान अनुसार समावेशी अधिकारलाई कुण्ठित नगरीकन अगाडि बढाउने एउटा आधार सहित यी निकायहरु अगाडि बढुन् भन्ने हाम्रो पवित्र चाहना शायद सबैको होला नियतमा सबैको राम्रो होला तर पनि अहिले सम्म भैराखेको विगत र अहिले सम्म आउँदाखेरि लोकसेवा अलि बढी पारदर्शी जस्तो अलि बढी निष्कपटी जस्तो अनि सबैको भावनालाई छोएको जस्तो यस्तो टाइपको देखिन्छ तर पनि अहिले अख्तियार, लोकसेवा यी सबै संवैधानिक निकायहरु पनि निर्विवादित रहन सकेको स्थिति बनेको छैन। मैले यो विधेयकमा आज प्रदेशको यो लोकसेवा सम्बन्धी जुन विधेयक छ यो विधेयकको सम्बन्धमा पनि मलाई थोरै आशंका उब्जिएको अनुभूति भएको छ। यहाँनेर माथिको पनि जुन संघको पनि लोकसेवा आयोगको सिफारिस गर्ने

विषयवस्तु त्यहाँ पनि प्रधानमन्त्रीदेखि सभामुखदेखि लिएर सबैको एउटा भागवन्डा त्यो विचमा प्रमुख विपक्षी दललाई यसो सहभागी गराउने टाइपको त्यस्तो देखिन्छ। अनि यहाँ पनि त्यही प्रकृतिको देख्दाखेरि साँच्चै माथि पनि त्यो कोइसन खडा भइराखेको छ तलपनि त्यो कोइसन खडा भइराखेको छ साँच्चै यो निष्पक्ष बन्न सक्छ ? आज अख्तियारका मान्छे भ्रष्टाचारमा डामिएको स्थिति छ।अनि संवैधानिक परिषद्का मान्छेहरु भ्रष्टाचारमा डामिएको स्थिति छ।अनि तिनै मान्छेहरु फेरि अब चाहि प्रतिस्पर्धामा स्वच्छ ढङ्गले ल्याउन सकिन्छ भन्ने कुरा कुनै ग्यारेन्टी छैन।त्यसो भएको कारणले यसलाई अझ स्वतन्त्र ढङ्गले अधिकार सम्पन्न रुपमा हामीले कसरी अगाडि बढाउन सकिन्छ  त्यस्तो एउटा निकाय जसलेत्यसलाई  सिफारिस गर्ने अथवा त्यसको एउटा प्रतिस्पर्धामा चाहि फेरि त्यो ठाउँमा नियुक्ति गर्ने एउटा विधिको विकास गर्न जरुरी छ। यो भागबन्डाको हिसावले अहिले मैले देखिराखेको छु मुख्यमन्त्री अनि सभामुख त्यसपछाडि प्रमुख विपक्षी दलको नेताको रुपमा मात्रै अहिले तीन जना त्यसमा सिफारिस गर्ने मात्रै समितिको रुपमा ल्याउन खोजिएको छ।वास्तवमा यो विषयवस्तु बढो गम्भीर छ।के आ -आफ्नो दलको भागवन्डाको रुपमा अथवा दलीय भागवन्डाको रुपमा ल्याउने यो तरिका फेरि तपाईहरुले  चाहि कुनै प्रतिस्पर्धामा त्यो स्वच्छता आउन सक्छ भन्ने कुराको कुनै ग्यारेन्टी गर्न सक्नुहुन्छ ? यो मुलुकको विडम्वना यही हो। प्रतिस्पर्धामा चाहि त्यो ल्याउने व्यवस्था गरौ न सकिन्छ त्यो निर्णय गर्न हामी। प्रतिस्पर्धामा ल्याउने त्यो नियुक्ति गर्ने  एउटा  त्यो प्रतिस्पर्धात्मक एउटा विधि छनौट गरौ त्यो विधि मार्फत प्रदेश लोकसेवा निर्माण गर्ने त्यो लोकसेवा आयोग गठन गर्ने यो विधिको निश्चित गरौ मेरो आग्रह अहिले पनि छ।दोश्रो कुरा आयोगको जो सदस्यको योग्यता कति रहने ? कुन रुपमा रहने र यो कसरी त्यसको प्रतिस्पर्धाको छनौट विधि बनाउने भन्ने कुराको पनि निश्चित कुनै एउटा विधि निश्चित गर्न शायद मैले यो विधेयकमा त्यो स्पष्ट रुपमा उल्लेख गरेको मैले पाएको छैन र साच्चै भन्ने हो भने अहिले जुन त्यसको पदावधि अनि त्यो सबै हामी यस्तो बनायौ मतलव कि स्वच्छ ढङ्गले प्रतिस्पर्धात्मक ढङ्गले ल्यायो बल्ल भने त्यसको पदावधि जति बनाइदिए पनि बनाइदिनोस्। होइन भने त्यो फेरि के

हुन्छ भने त्यो पदावधि एउटा ६ वर्ष १० वर्ष ५ वर्ष जति राखे पनि त्यो एकै वर्षमा थाहा हुन्छ कि उसको घन्टी कहाँ झुन्डिएको छ ?। उसको घन्टी कहाँ नेर झुन्डिएको छ भनेर सबै कुरो थाहा हुन्छ। त्यसो भएको कारणले यसलाई स्पस्ट रुपमा व्याख्या गर्नुपर्ने हामीले चाहि यसलाई ठीक ढंगले नीतिगत रुमा चाहि स्पष्ट बनायनौ भने आगामी दिन लोकसेवा आयोग प्रदेश लोकसेवा आयोग पनि माथिको लोकसेवा आयोग जस्तै फेरि निर्विवादित बन्न सक्छ भन्ने कुनै ग्यारेन्टी छैन। साच्चै अर्को हामी अरु सबै परीक्षाहरु हामी हेर्छौं त्यहाँ अन्तर्वाताको रुपमा पनि हुन्छ अनि लिखित पनि हुन्छ अरु धेरै परीक्षाहरु होलान् तर मुख्य रुपमा लिखित परीक्षाका लागि हामीले बार कोड र चाहि विद्युतीय प्रणाली मार्फत त्यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ त्यसलाई स्वच्छ प्रतिस्पर्धामा बदल्नका निमित्त कुन चाहि विधि प्रयोग गर्न सकिन्छ त्यो विधिको बारेमा पनि हामीले ठीक ढंगले उल्लेख गरेर अगाडि बढ्न जरुरी छ।मैले त्यो अनुभूत गरिराखेको छु कि हामीले प्रतिस्पर्धात्मक तरिकाले जाने हो भने बार कोडलाई कोडिङ र डिकोडिङ्को एउटा सिस्टमलाई र बार कोडको अर्को सिस्टमलाई हामीले विद्युतीय प्रणाली मार्फत हामीले लिएर जान जरुरी छ। त्यस्तो विकास गरेर मात्रै हामीले स्वच्छ प्रतिस्पर्धामा बदल्न सक्छौ मैले यहाँनेर पनि अनुरोध गर्न चाहे र अर्को विषयवस्तु हामी साँच्चै यो अख्तियारले परीक्षालाई खारेज गर्न सक्ने अनि उसले कारणसहित पेश गर्ने अख्तियार आफै त्यही भ्रष्टाचारमा रुमलिराखेको छ उसले चाहि कसरी सिफारिस गरेर अनि फेरि हामीले त्यसलाई परीक्षा खारेज गरेको के मान्ने अब ? यसोभएर अहिले राज्यको एउटा जुन अलिकति अटोक्रयाटिक हुँदै जाने अख्तियारलाई पनि आफ्नो पञ्जामा लिन खोज्ने संवैधानिक आयोगहरुलाई पनि आफ्नो पञ्जामा लिन खोज्ने अनि त्यसपछाडि राज्य त्यहीबाट अर्को अटोक्रयाटिक बन्न खोज्ने अर्को प्रकृयाको सुरुवात गर्न खोजेको त छैन भन्ने यो विषयवस्तुहरु कतिपय ठाउँहरुमा आशंकित बनाउने खालको स्थिति बनिराखेको छ। त्यसोभएर यो हरेक नागरिकले आशंकाको विचबाट होइन विश्वासको विचबाट चाहि अगाडि बढ्ने एउटा आधार तयार गर्नसक्नुपर्छ अनि हरेक नागरिकले मेरो पनि यसमा स्वच्छ ढंगले प्रतिस्पर्धामा म भाग लिन पाउने अधिकार छ र त्यो ठाउँमा मेरो

पनि सबै मेरो दक्षता र मेरो योग्यतालाई त्यहाँ कदर गर्न सक्ने एउटा आधारसहितको ठाउँ छ भन्ने कुराको एउटा विश्वासमा यो लोकसेवा आयोग प्रदेश लोकसेवा आयोग अगाडि बढ्न सक्छ कि सक्दैन आगामी दिन हाम्रो लागि आशांकित विषयवस्तु बनेको छ। त्यसोभएर यसलाई अझ विशेष ढंगले यसलाई परिमार्जन सहित प्रदेश लोकसेवा आयोगको विषयवस्तु अगाडि बढोस् म आग्रह गर्न चाहन्छु, धन्यवाद।

## मा**ननीय सभामुख**

अब म,  माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरिबहादुर चुमानलाई छलफलमा उठेका प्रश्नहरुको जबाफ दिन अनुमति दिन्छु ।

## माननीय हरिबहादुर चुमान

सभामुख महोदय,  गण्डकी प्रदेश सरकारले ढिलै गरी यहाँहरुले अलिकति ढिलो भयो कि भन्ने प्रश्न पनि उठाउनुभएको थियो। ढिलै  गरी भए पनि भए पनि यो प्रदेश लोकसेवा विधेयक सदन समक्ष प्रस्तुत गरेको छ। यसको आवश्यकताको बारेमा माननीय सदस्यहरुले राखिसक्नुभएको छ र त्यसमा पनि सबैभन्दा मुख्य कुरा सरकार, सरकार हामी प्रदेश सरकार संविधानले व्यवस्था गरेको संविधानको धारा २४४ ले प्रत्येक प्रदेशमा चाहि प्रदेश लोकसेवा आयोग हुनेछ भनेर उल्लेख गरेको छ। यसमा मैले भन्न चाहेको सरकार भैसकेपछि उसको आफ्नै सार्वजनिक प्रशासन हुन्छ। आफ्नै निजामती कर्मचारी हुन्छ। आफ्नै प्रहरी हुन्छ। अर्थात् आफ्ना आफूद्वारा गठित विभिन्न निकायहरु हुन्छन तब न त्यो सरकार हुन्छ। अर्थात सरकार भैसकेपछि आफ्नै संरचनाहरु हुन्छन् त्यस मध्येमा पनि सार्वजनिक प्रशासन त सुशासनको मेरुदण्ड नै हो। हामी सुशासनको कुरा गरिराखेका छौ। अर्थात सुशासन हुनुपर्छ भन्छौ। त्यो सुशासनको मेरुदण्डको रुपमा कर्मचारी प्रशासन अथवा सार्वजनिक प्रशासन हुने गर्छ र त्यो सार्वजनिक प्रशासन त्यो आफैमा सक्षम, निष्पक्ष र प्रभावकारी हुन जरुरी हुन्छ। त्यो सक्षम, निष्पक्ष र प्रभावकारी बनाउनको निम्ति सार्वजनिक प्रशासनमा प्रशासनका पदमा नियुक्त हुने कर्मचारीहरु एउटा उपयुक्त विधिबाट छनौट गरिनुपर्छ। त्यो उपयुक्त विधि भनेको अहिले सम्म हामी

योग्यता प्रणालीको आधारमा भन्ने गर्छौं। त्यो योग्यता प्रणालीलाई हामी मेरिट प्रणाली पनि भन्छौ। अब एउटा स्थापित अहिले सम्म स्थापित हुँदै आएको प्रणाली हुन त यो योग्यता प्रणालीमा पनि प्रवर्धन गर्दै जानुपर्छ र पनि योग्यता प्रणाली एउटा स्थापित प्रणाली हो र यो विधिबाट अर्थात यो योग्यता प्रणालीलाई कार्यान्वयन गर्ने विधि हामी योग्यहरु मध्येको पनि योग्यलाई छनौट गर्ने छनौट गरेर एउटा उमेदवारको रुपमा सार्वजनिक प्रशासनको पदमा एउटा उमेदवारको रुपमा नियुक्त गर्ने अर्थात् उमेदवारको रुपमा ठहऱ्याउने र नियुक्त गर्ने एउटा विधि विकास भएर आएको छ र मैले यति चर्चा गरेर अब यस सन्दर्भमा लोकसेवा आयोग मुख्यत: लोकसेवा आयोग एउटा विश्वसनीय संस्थाको रुपमा स्थापित भइसकेको छ। यो प्रभावकारी पनि छ र पनि यस बारेमा यसलाई अझ सक्षम, सुदृढ र प्रभावकारी बनाउनको निम्ति लोकसेवा आयोगलाई एउटा स्वच्छ, शान्त र दवावरहित वातावरणमा काम गर्न दिनको निम्ति अर्थात त्यो स्थिति निर्माण गर्नको निम्ति हामीले कानूनमा व्यवस्था गरेर जाने कुरा छदैछ। यस सन्दर्भमा हामी यसको प्रवधर्नको निम्ति विभिन्न पक्षमा पनि हामी छलफल गर्दै जान सक्छौ र पनि अहिलेको सन्दर्भमा प्रदेश सरकारले आफ्नो कर्मचारी प्रशासन अर्थात् आफ्नो सार्वजनिक प्रशासनलाई व्यवस्थित गर्न त्यसलाई प्रभावकारी तुल्याउन हाम्रो अधिकार प्रदेश सरकारको हैसियतको रुपमा आफ्नो अधिकारको कार्यावयन गर्नको निम्ति यो लोकसेवा विधेयक हामी यहाँ प्रस्तुत गरेका छौ र यो मैले अघि चर्चा गरेँ। नेपालको संविधानको धारा २४४ ले लोकसेवा आयोग गठन गर्ने हामीलाई अधिकार दिन्छ र त्यसको त्यो त्यसको निम्ति फेरि आधार र मापदण्ड प्रदेशको लोकसेवा आयोगको आधार र मापदण्ड संघीय सरकारले नै निर्धारण गर्नुपर्ने हुनाले प्रदेश लोकसेवा आयोग आधार र मापदण्ड निर्धारण ऐन, २०७५ पारित भैसकेको छ। त्यसले यो आधार र मापदण्ड हामीलाई दिएको छ। यही आधार र मापदण्डको आधारमा र लोकसेवा आयोग ऐन २०६६ लाई टेकेर अर्थात् त्यसमा आधारित भएर हामीले यो विधेयक यहाँ प्रस्तुत गरेका छौ। यसमा अरु केही फरकहरु छन्। संघीय लोकसेवा आयोग र प्रदेश लोकसेवा आयोगमा केही अन्तर छ केही फरक छन्। त्यो फरक मुख्यत: यो आधार र मापदण्डले संघीय सरकारले जुन आधार

र मापदण्ड तोकिदिएको छ त्यसले गर्दा केही फरक छ अन्तर छ त्यसबारेमा मैले यहाँ स्पष्ट गर्नुपर्छ भन्ने लाग्छ। त्यस सन्दर्भमा यो प्रदेश लोकसेवा आयोग आधार र मापदण्ड निर्धारण ऐन २०७५ को दफा ३ को (१) मा हामीलाई ३ सदस्यीय यो आयोग लोकसेवा आयोग अघि नै यहाँ चर्चा भइसक्यो। मुख्यमन्त्री, सभामुख र विपक्षी दलको नेता रहेको ३ सदस्यीय यो आयोग बनाउनको निम्ति यो आधार र मापदण्ड तोकिदिएकोछ। यो ३ सदस्यीय भन्ने कुरा दफा ३ को (१) मा छ र दफा ३ को (२) मा को को त भन्ने सन्दर्भमा मैले अघि भनिहाले मुख्यमन्त्री सभामुख र विपक्षी दलको नेता र यसमा ३ (५) मा दफा ३ (५) मा यहाँ उमेर हद अध्यक्षको निम्ति उमेर ४५ वर्ष तोकिएको छ।र अरु सदस्यको निम्ति ३५ वर्ष तोकिएको छ। यी तिनटा कुरा मैले जुन भनें यी फरक छन्। संघमा चाहि के छ त भन्दा खेरि अब त्यो ५ सदस्यीय हुन्छ त्यहाँ लोकसेवा आयोग त्यहाँ संवैधानिक पदका संवैधानिक पदाधिकारीहरु र संवैधानिक प्रमुखहरु त्यसमा एक जना प्रतिनिधि सभाका उपसभामुख पनि हुनुहुन्छ त्यो सहित ५ जना हुन्छ भने हाम्रो ३ जना यसरी नै अब यो उमेरको हकमा संघको लोकसेवा आयोगमा सबै सदस्यहरु समेत ४५ वर्ष पूरा भएको हुनुपर्छ। हाम्रोमा अध्यक्ष ४५ वर्ष पूरा भएको हुनुपर्छ। सदस्यहरु ३५ वर्ष पूरा भएको यो आधार र मापदण्डले गरेको कुरा। अर्को, सारवान रुपमा फरक भन्छौ हामी यसमा सार तत्वको सन्दर्भमा के फरक छ भन्दा संघको लोकसेवा आयोगले निजामती सेवाको मात्रै उमेदवार छनौट गर्छ । अन्यमा लिखित परीक्षा मात्रै सञ्चालन गर्छ तर प्रदेश लोकसेवा आयोगले सबैको अर्थात् प्रदेश सरकार अथवा प्रदेश लोकसेवा आयोगले प्रदेश निजामती सेवा प्रदेशका प्रदेशले गठन गरेका प्रदेशका अन्य सरकारी सेवा प्रदेशको संगठित संस्थाको सेवा सरकारी सेवा स्थानीय सरकारी सेवा स्थानीय संगठित अर्थात् स्थानीय तहको संगठित सबैको संस्था यो सबैको निम्ति हामीले उमेदवारको छनौट नै गर्छौ तर प्रदेश प्रहरीको हकमा प्रदेश प्रहरीको हकमा हामीले लिखित परीक्षा मात्रै अर्थात् लोकसेवा आयोगले गण्डकी प्रदेशको लोकसेवा आयोगले लिखित परीक्षा मात्रै सञ्चालन गर्छ। मैले अझ यसलाई दोर्‍याउन चाहें।

संघकोले निजामती सेवाको उमेदवार छनौट बाहेक सबैको लिखित परीक्षा मात्रै सञ्चालन गर्छ। हामीलाई अलि मतलव हाम्रो गण्डकी प्रदेशको लोकसेवा आयोगलाई चाहि अलि बढी यसको फराकिलो क्षेत्र छ। प्रदेश प्रहरीको उमेदवार प्रदेश प्रहरीको निम्ति लिखित परीक्षा मात्रै सञ्चालन गर्छ र बाँकीको उमेदवार नै छनौट गर्छ। सारवान रुपमा यो फरक छ। यो रुपले हामीले यो विधेयकलाई प्रस्तुत गरेका छौ र यसमा यो प्रदेश लोकसेवा आयोग अर्थात् समग्रमा प्रदेश लोकसेवा आयोग निर्माण गर्नुपर्छ भन्ने बारेमा केही प्रश्नहरु आयो र यस सन्दर्भमा यो आशंकाको रुपमा यी कुराहरु जुन् उठ्याछ अब संघको सन्दर्भमा संवैधानिक आयोग मध्ये प्रदेश लोकसेवा आयोग अहिले सम्म निष्पक्ष, स्वच्छ भनेर विश्वास आर्जन गरेको आयोग हो भनेर सबैले भन्छन्। यो स्थापित छ यसरी नै प्रदेश लोकसेवा आयोग माथि पनि त्यो आशंका गरिराख्नु पर्ने यो लाग्दैन। अर्को कुरा यसको निम्ति मैले अघि नै सुरुमा पनि भनेँ यो दवावरहित वातावरणमा यसले काम गर्न पाउने स्थिति यो विधेयकले निर्माण गरेकै छ। यस सन्दर्भमा हामीलाई कही कतै यस्तो लागेछ भने पनि यसलाई हामी परिमार्जन गरेर जान सक्छौ। अर्को कुरो यो सिफारिसमा जो मुख्यमन्त्री, सभामुख र प्रतिपक्ष दलको नेता यो व्यक्ति हेरेर दल हेरेर बनाइएको कुरै होइन। यो त संस्था हेरेर बनाइएको कुरा हो। यो संस्था सधै रहने कुरा हो। पात्रहरु विभिन्न होलान् तर संस्था सधै रहने कुरा हुने हुदा अब यहाँ आशंका गरिराख्नुपर्ने कुरा संस्था माथिको आशंका दलमाथिको आशंका नभएर संस्था माथिको आशंका हुन पुग्छ। त्यसकारण त्यसो गर्नु उपयुक्त हुँदैन र यसले मैले सुरुमै भनेँ यो योग्यता प्रणालीलाई नै मुख्य आधार मान्ने प्रतिस्पर्धात्मक प्रणालीद्वारा उमेदवारको छनौट गर्ने यो सबै भन्दा अहिलेको उपयुक्त विधि अख्तियार गरेकोले अर्थात् अख्तियार गर्ने हुनाले त्यसकारणले यो निष्पक्ष हुन्छ यो सबैभन्दा विश्वसनीय संस्थाको रुपमा यो स्थापित हुनेछ र यसले हाम्रो जिम्मेवारी प्रदेश सरकारको जिम्मेवारी यहाँ अघि चर्चा भयो मुख्यतः सुशासन, सुशासन कायम गर्नको निम्ति र हाम्रो अभिभारा संघीयता कार्यान्यनदेखि लगायतका सम्पूर्ण अभिभाराहरु पूरा गर्नको निम्ति यसले अघि मेरुदण्डको कुरा भयो निकै ठूलो आधार यसले दिनेछ यही विश्वासका साथ यो विधेयक यहाँ प्रस्तुत गरिएको छ र यसमा

छलफलको प्रकृयामा  अघि बढेको छ।र यो सम्मानित सदनबाट आवश्यक सुझावहरु प्राप्त गरेर अझ  परिमार्जित हुदै यो अगाडि बढ्नेछ।यही विश्वास व्यक्त गर्दै आफ्नो भनाइ यही टुङ्ग्याउँछु हस्त धन्यवाद।

## माननीय सभामुख

अब यो छलफल यहिँ समाप्त हुन्छ ।

विधेयकमा संशोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको नियम ११० को उपनियम (१) बमोजिम बहत्तर (७२) घण्टा भित्र आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ।

माननीय सदस्यहरु, अब म, माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री हरिबहादुर चुमानलाई "प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" गण्डकी प्रदेश प्रदेश सभा नियमावलीको नियम १०८ को उपनियम १ को खण्ड (ख) बमोजिम विधायन समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय हरिबहादुर चुमान

माननीय सभामुख महोदय, सम्मानीत सभामा मिति २०७६ साल असार २ गते प्रस्तुत भएको "प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सैद्धान्तिक छलफल समेत समाप्त भएकोले उक्त विधेयक गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को  नियम १०८ को उपनियम (१) को खण्ड (ख) बमोजिम दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनी सम्मानित सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

## माननीय सभामुख:

अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन, तसर्थ “प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक बिधायन समितिमा पठाइयोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु उक्त विधेयक गण्डकी प्रदेश, प्रदेश सभा नियमाबली को नियम ११० को उपनियम (१) बमोजिम ७२ घण्टा समाप्त भएपछि विधायन समितिमा छलफल हुने कुरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरु अब, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले मिति २०७६ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७६/७७ को राजश्व र व्ययको वार्षिक अनुमान माथिको बाँकी छलफल प्रारम्भ हुन्छ। उक्त छलफलमा बोल्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १० मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम म, माननीय सदस्य श्री रामजीप्रसाद बराल जीवनलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय रामजी प्रसाद बराल जीवन

माननीय सभामुख महोदय, अद्धितीय त्याग र बलिदानको गर्भबाट प्राप्त समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानद्वारा प्रदत्त ३ तहका सरकार बन्दै गर्दा टोल टोलमा सरकार र जनताका आफ्ना प्रतिनिधिहरुको उपस्थिती हुँदै गर्दा आफ्ना आवश्यकता र समस्याको जानकारी लिने र दिने इतिहासमा सर्वाधिक महत्त्वको

अभ्यासमा हामी छौ। यो सर्वाधिक महत्त्वको अभ्यासमा संस्थागत भएका हाम्रा पुराना कार्यशैली सोच्ने तरिका एवम् जनताप्रति जवाफदेही बन्न बनाउन अझै काफी मेहनतको जरुरी छ। प्रदेशको संरचना निर्माण र सञ्चालन नितान्त नयाँ व्यवस्था हो। यसर्थ हामी सबैले बुझेका छौ प्रदेश सभा संघीयताको मुटु हो। संविधानले प्रदत्त गरेका एकल वा साझा अधिकार संघ सरकारले हस्तान्तरण गर्न विलम्व गर्नु त्यतिमात्रै होइन कतिपय अधिकारलाई कटौती समेत गर्न खोज्नु अहिले गरिरहेको बजेटको बाँडफाँड जस्ता कुराले संघीयताको मर्म प्रति संवेदनशीलतामा चर्को खडेरी पर्न गएको त होइन आशंका पैदा भएको छ। यो गम्भीर चासोको विषय हो। गण्डकी प्रदेशको सरकार र माननीय मुख्यमन्त्रीज्यूले सचेततापूर्वक अधिकार बारे संघ सरकारको भूमिका प्रति जे जे कदम चाल्नुभएको छ सुझाव दिनुभएको छ म हार्दिक आभार प्रकट गर्न चाहन्छु। सभामुख महोदय, प्रदेश सरकार जनताप्रति नजिकको सरकार भएको कारण विश्वास र अपेक्षामा भारी वृद्धि हुँदै गएको छ। यही परिवेशमा आर्थिक वर्ष ०७६ /०७७ को बजेट बक्तव्य बारे छलफलमा छौ। माननीय अर्थमन्त्रीज्यूले प्रमुख सचिव, अर्थ सचिव , सचिवज्यूहरु लगायत अन्य महानुभावहरुको सहयोगमा तयार गर्नुभएको बजेट, प्रदेशको स्थिति पत्र, गत वर्षको सबल दुर्वल पक्षको अनुभव नीति कार्यकर्मको मर्मलाई समेत केन्द्रमा राखी तयार गर्नुभएको छ। म यो सम्मानजनक मेहनतप्रति हार्दिक धन्यबाद दिन चाहन्छु । गत वर्ष आधार नहुँदा नहुँदै पनि जुन नीति कार्यक्रम र बजेट आयो मूल रुपमा वस्तुवादी नै देखियो। यो आर्थिक वर्षको बजेट धेरै तथ्यहरुमा आधारित भएको हुँदा वजेट बस्तुवादी यथार्थपरक छ।म पूर्ण रुपमा समर्थन गर्न चाहन्छु। आगामी साथसाथै आफ्नै आम्दानी र श्रोतलाई बढवा दिने कुरा असाध्यै सराहनीय रहेको छ। जो हामीले सुनिसकेका छौं। हामीले आफ्नै श्रोतमा वृद्धि गर्नुपर्छ संघमा मात्रै भर पर्न हुन्न भन्ने कुरा मलाई असाध्यै सराहनीय लागेको छ। त्यसै गरेर सबै क्षेत्रको विकासको मेरुदन्ड पूर्वाधार नै रहेछ जस अनुरुप सर्वाधिक महत्त्व दिएर बजेटको व्यवस्था गरिएको छ यसमा पनि धेरै चर्चा भइसकेको छ।पूर्वाधार विना कुनै पनि चिज संवृद्ध बन्न सक्दोरहेनछ भन्ने कुराको अनुभूति सहित जुन प्रकारको व्ववस्था गरिएको छ यो पनि सराहनीय पक्ष हो भन्ने मैले

ठानेको छु । धक फुकाएर इतिहासको सम्मान गर्ने संस्कार अर्थमन्त्रीज्यूले गर्नुभएको छ म खुलेर प्रशंसा गर्न चाहन्छु किनभने इतिहासको साच्चै हामीले कदर गरेनौ भने सम्मान र मर्यादा गरेनौ भने शायद हामी अर्कै ठाउँमा पुग्न पनि सक्छौ। अर्थमन्त्रीज्यूले धक फुकाएर इतिहासको जुन सम्मान गर्नुभएको छ म फेरि पनि प्रसंशा ब्यक्त गर्न चाहन्छु ।

सुझावका हिसावले गत वर्ष विनियोजन गरेका जुन योजनाहरु छन् ती योजनाहरुलाई निरन्तरता दिने जुन प्रकारको घोषणा भएको छ वजेट बक्तव्यमा आएका योजनाहरु म अपेक्षा गर्दछु गत वर्षका योजनाहरु कटौती हुने छैनन् । त्यसै गरेर सुकुम्बासीको सन्दर्भमा गण्डकी प्रदेशमा सुकुम्बासी चर्कै समस्या हो। साँच्चै यो सुकुम्बासी समस्या सही व्यवस्थापन सहित अन्त्य गर्ने लक्ष्य राख्नुपर्ने हुन्छ । कही कतै छुट्यो कि भन्ने खालको लागिराखेको छ। साथसाथै मलाई के पनि लागिरहेको छ भने मैले धेरै कुराहरु उठाउन चाहिनँ । आगामी दिनमा योजना छनौट रकम विनियोजनको मोडल चेन्ज गर्नुपर्ने देख्छु म किनभने हामी सुधारिएको संसदीय प्रगितशील राज्य प्रणालीको अभ्यासमा छौँ तर हाम्रा योजना छनौट गर्ने र बजेट बिन्यास गर्ने तरिका अलि पुरानै भए परम्परावादी भए भन्ने मैले अनुभूति गरेको छु । यसर्थ साच्चै हामी नेपालीपन सहितको यो सुधारिएको प्रगतिशील संसदीय व्यवस्थामा हामीले साँच्चै नयाँ ढंगको अभ्यास गर्न सकेनौँ भने केवल निरन्तरता मात्रै हुने र अपेक्षाकृत संवृद्धि नहुने विकास नहुने स्थिति पनि हुन सक्छ कि भन्ने लागेको छ।यसर्थ योजना आयोग योजना आयोगलाई नै योजना छनौट गर्न दिने कुरा सबभन्दा वस्तुनिष्ठ हुन्छ भन्ने मेरो ठम्याई छ।हामीले योजना निर्माण गर्दै गर्दाखेरि लहडको भरमा सनकको भरमा गर्ने पनि हाम्रा गलत अभ्यासहरु छन् । योजना आयोगलाई साच्चै यो माथिदेखि तलसम्मको कुरा हो। हाम्रो प्रदेशमा जम्मा ८५ वटा तहहरु छन् । ८५ वटा तहमा कहाँ के आवश्यकता हो भन्ने कुराको राम्रोसँग पहिचान गर्ने दायित्व र जिम्मेवारी चाहि योजना आयोगको होला तर हामीले अब विस्तारै त्यतातिर अभ्यास गर्नपर्छ भन्ने मेरो चाहि सुझाव रहेको छ।यसर्थ त्यसो गर्न सक्दा मात्रै यो सुधारिएको संसदीय व्यवस्था प्रगतिशील व्यवस्थाको साँच्चै अझ यसलाई बलियो बनाउने सकिने यसलाई सरल र सदृढ बनाउन सकिने हुन्छ होला भन्ने मेरो मान्यता

रहेको छ र अन्त्यमा हामी कम्युनिष्टहरु द्वन्दात्मक भौतिकवादमा विश्वास राख्छौँ। हाम्रा आफ्नै संस्कार छन् हाम्रा आफ्नै शैलीहरु पनि छन् हाम्रा आफ्नै मान्यताहरु छन्। त्यसो भएको हिसावले हामी कम्युनिष्ट पार्टीको सरकार ,सरकारका हामी सदस्यहरु स्वभाविक रुपमा कस्तो संस्कार अभ्यास गर्नुपर्छ भन्ने सन्दर्भमा हामी विज्ञ छौँ । कही कतैबाट हाम्रा संस्कारका बारेमा हाम्रा कार्यशैलीका बारेमा कसैले दिक्षित तुल्याइदिन पर्ने कसैले प्रशिक्षण दिनपर्ने हो जस्तो मैले ठानेको छैन।कसै कसैले दया गर्न खोज्नुभएको छ हामीलाई त्यस्तो दयाको जरुरी छैन हामी आफै हामी कम्युनिष्टहरु सक्षम छौँ सबल छौँ यद्यपि रचनात्मक सुझावहरु अन्यथा हुन् भन्ने मैले ठानेको छैन।तैपनि कता कता हामीलाई बडो दिक्षित तुल्याउन खोजे जस्तो प्रशिक्षण दिन खोजे जस्तो गन्ध मैले महसुस गरेको हुनाले यो विषयवस्तु यहाँ राखेको हुँ र साँच्चै यो बजेट कार्यान्यन गर्नका निम्ति विगतका भन्दा प्रशस्त आधारहरु अहिले खडा भएका छन् । आशंका होइन माक्सवादले के भन्छ भने विश्वास र आशंका, पहिलो कुरा विश्वास हो।दोश्रो कुरा आशंका पनि हो।आशंका गर्दै नगर्ने भन्ने कुरा हुँदैन । यसो भएको हिसावले सर्वमान्य सिद्धान्त माक्सवादी सिद्धान्ताई हामी सबैले धैरै थोरै पक्कै बुझेका छौ होला माक्सवादी गैर माक्सवादीहरुले पनि , यसो भएको हिसावले शंका खालि शंका शंकाले साँच्चै हामीलाई सही ठाउँमा सही स्थानमा पुऱ्याउँदैन ।यसो भएको हिसावले पहिलो पक्ष विश्वास हो , दोश्रो पक्ष शंका पनि हो।र म के अपिल गर्न चाहन्छु भने यो बजेट जसरी मेहनतपूर्वक यहाँ प्रस्तुत भएको छ साँच्चै गण्डकी प्रदेशको संमृद्धिको निम्ति अथवा यो प्रदेशका जनताले गरेको अपेक्षालाई सार्थक तुल्याउनका निम्ति धैरै हिसावले अर्थपूर्ण छ भन्ने मेरो निष्कर्ष छ ठम्याई छ यसर्थ फेरि अन्त्यमा यो बजेटप्रति पूर्ण समर्थन जनाउँदै बिदा हुन्छु धन्यबाद।

**माननीय सभामुख:**

माननीय सदस्य श्री भागबत प्रकाश मल्ललाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय भागवत प्रकाश मल्ल:**

माननीय सभामुख महोदय, गण्डकी प्रदेशले चालू आर्थिक वर्षमा ५० हजार जनालाई रोजगारी दिने र एक लाख स्वरोजगारको अवसर सिर्जना गर्ने घोषणा सहित बजेट ल्याएको थियो। कृषि , होमस्टे लगायतका क्षेत्रमा केही अनुदान बाँड्ने र केही सिपमूलक कार्यक्रम चलाए पनि सरकारको लक्ष्य घोषणामा सिमित भयो। त्यसको ठिक एक वर्षपछि आइतवार सरकारले अर्को बजेट ल्याएको छ।आर्थिक वर्ष २०७६/०७७ को बजेटले भने रोजगारीका अवसर सिर्जना गर्न कम्तीमा १० हजारलाई तालिम दिने भनेर १७ लाख ६५ हजार रुपैया हामीले विनियोजन गरेको छ। ५० हजारलाई रोजगारी दिने र १ लाखलाई स्वरोजगारीका अवसर सिर्जना गर्ने चालू वर्षको उपलब्धको तथ्याङ्क सरकारसँग नहुँदा कति सतही र कति छ भनिराख्नु पर्दैन तथ्याङ्क नै काफी छ।त्यस्तै तालिमका नाममा १७ करोड ६५ लाख रुपैया विनियोजन गरेर सरकारको प्राथमिकतामा रहेको प्रादेशिक औद्यौगिकसँगको पूर्वाधार विकासमा भने २ करोड मात्र विनियोजन गरेर सरकारले उपलब्धि हासिल गर्न खोजेको हो कि पत्तो छैन। सरकारले नवलपुरको लोकाहा खोला र पोखरा महानगरपालिका वडा नं ३३ भोटेपोखरीमा प्रदेश औधौगिक क्षेत्र स्थापनाको पूर्वाधार विनियोजन बजेट विनियोजन गरेको छ। सरकारले सुरुको वर्षमै प्राथमिकतामा साथमा ल्याएको योजना बहुसांस्कृतिक ग्राम, प्रदेश विश्वविद्यालय ,अन्तराष्ट्रिय स्तरको तालिम केन्द्र स्थापनाको लागि भनेर अति नै कम रकम छुट्याएको छ।के सरकारलाई विकासको नाममा उचो बनाउने काम सोच भएको देखिएन । त्यस्तै सभामुख महोदय, सरकारले अन्तराष्ट्रिय स्तरको सुविधा सम्पन्न सम्मेलन केन्द्र निर्माणलाई निरन्तता दिने भनिएको छ।अहिले सम्म सुरु नै नभएको सम्मेलन केन्द्रका लागि प्राथमिकता साथ यस पटक पनि बजेट नै छुट्याइएको छैन। प्राथमिकता साथ विषयमा सम्भाव्यता अध्ययन थाल्ने र सम्पन्न गर्ने भन्दा सस्तो लोकप्रियताको लागि बजेट वितरणमुखी ल्याएको देखिएको छ।सरकारले अघिल्लो वर्षकै कार्यक्रमको लागि प्राथमिकतामा राखेर पनि बजेट वितरणमुखी देखिन्छ। विस्तृत योजना सम्पन्न गर्दै जान लगानी केन्द्रित गर्ने वातावरणमा सरकार जान सकेन । सरकार नतिजामुखी बन्नुको सट्टा प्रचारमुखी बनेको छ। सरकारले यसपटक सांसदले बाँड्न पाउने निर्वाचन

क्षेत्र पूर्वाधार विकास कार्यक्रम ल्याएको छ।त्यो पनि भेदभावपूर्ण छ प्रत्यक्ष र समानुपातिकको नाममा । सरकारले भौतिक पूर्वाधारमा केन्द्रित गरेको बजेट बाहेक अन्य बजेट वितरणमुखी बजेट देखिएको छ।सडक, पुल ,खानेपानी ,सिचाइ, ऊर्जा लगायत पूर्वाधार निर्माणमा सरकाले कूल बजेटको ४५ परसेन्ट विनियोजन गरेको छ तर यो समय सान्दर्भिक होइन । भौतिक पूर्वाधारमा ८ अरब रुपैया विनियोजन गरेर सरकारले भौतिक पूर्वाधार निर्माणमा के नतिजा लिन खोजेको हो त्यसको कुनै योजना छैन।सभामुख महोदय, प्रदेश सरकारको मुख्य प्रशासनिक केन्द्र, प्रदेश सभा भवन, प्रदेश प्रशिक्षण प्रतिष्ठान र प्रमुख पदाधिकारीका आवास निर्माणमा सरकारले सबभन्दा ठूलो रकम विनियोजन गरेर सर्वसाधारणको आवश्यकतामा आँखा बन्द गरेको अनुभूति गराएको छ । त्यसका लागि मात्रै झन्डै १ अरव ७० करोड रुपैया छुट्याइएको छ। हामी शासक होइन सेवक हौँ त्यसलाई ख्याल गर्नू ।

पर्यटनलाई प्रमुख समृद्धिको आधार मानिए पनि वजेटको प्रमुख प्राथमिकतामा परेन। आन्तरिक भ्रमण वर्ष मनाइरहेको गण्डकी प्रदेशले पर्यटन क्षेत्रमा नयाँ पूर्वाधार विकास गरी पर्यटक भित्राउने योजना नहुँदा पर्यटन वर्ष घोषणा के सुनाउन मात्र गरिएको हो ? पर्यटन क्षेत्रमा पदमार्ग ,पार्क ,उद्यान र भ्यूटावर निर्माण गर्ने भनिएको छ।यो कामका लागि १८ करोड छुट्याइएको छ। चालू आर्थिक वर्षमा प्रभावहिन देखिएको होमस्टे प्रवर्धनमा २५ करोड रुपैया छुट्याइएको छ। पर्यटन कार्यालय र सूचना केन्द्र खोल्न ५ करोड । आन्तरिक भ्रमण वर्ष र पर्यटन वर्षलाई १ करोड ४४ लाख,पर्यटन गन्तव्यलाई १७ करोड ६० लाख बजेट विनियोजन गरेर सरकारले ठोस योजना ल्याउन सकेको छैन।सभामुख महोदय, चालू आर्थिक वर्षमा कृषि, शिक्षा र पर्यटन कार्यक्रम आलोचित बने ।मैले होइन यहाँ पब्लिक जनताले भनेका हुन् । यसपटक कूल कृषि क्षेत्रको बजेटमा अधिकांश शीर्षकमा रकम नखुलाई कार्यक्रम मा समावेश गरिएको छ। शीर्षक नदेखाएर सरकारले आमाले लुकाएर छोरीलाई दिने कोसेली जस्तो बनाएको छ बजेटलाई । केन्द्रिय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान, स -सर्त अनुदान ,राजश्व बाँडफाँड र आन्तरिक श्रोत गरी ६ अरव रुपैयाको घाटा बजेट घोषणा गरेर सरकारले के उपलब्धि

हासिल गर्न खोजेको हो तथ्य आउन सकेको छैन।पूजीगततर्फ १९ अरव ८४ करोड ९० लाख र चालू तर्फ २२ अरव २८करोड ५७ लाख गरी ३२ अरव १३ करोड रुपैयाको बजेट ल्याएको छ तर त्यो योजनावद्ध छैन।र अन्त्यमा सभामुख महोदय, देशभरका केही सहरहरुलाई स्मार्ट सिटी बनाउने संघीय सरकारको योजनालाई प्रदेश सरकारले आत्मसाथ गर्न सकेन। हाम्रो स्याङ्जा जिल्लाको वालिङ्ग नगरपालिका स्मार्ट सिटी बन्ने पर्खाइमा छट्पटिएको छ र यो वालिङ्ग नगरपालिकाले संघले प्रदेशले पनि कुनै बजेट विनियोजन नगरी यो हाम्रो प्रदेश जोड्ने सिद्धार्थ राजमार्ग चौडा गर्नेदेखि लिएर धेरै पूर्वाधारहरु काम गरेको छ।यो बजेटले यो सिटीलाई समेट्न सकेन ,बजेट चुक्छ। यसको लागि वालिङ्ग स्मार्ट सिटीको लागि बजेटको व्यवस्था होस् भनी जोडदार माग गर्दछु । हस् धन्यबाद। जयनेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय पियारी थापा:

माननीय सभामुख महोदय, हामी आर्थिक वर्ष २०७६ /०७७ को वजेट बक्तव्यको छलफलको सैद्धान्तिक छलफलको क्रममा जुटिरहेका छौ र छलफल अत्यन्तै घनीभूत रहेको छ। केही माननीय ज्यूहरुले विरोधै मात्र गर्छ भनेर जुन प्रकारको मलाई एक प्रकारले कटाक्ष गर्नुहुन्छ, विरोधै मात्र गरेको होइन । यसमा केही सुधार हुन्छ कि प्रदेशलाई एउटा संवृद्ध प्रदेश बनाउनका निमित्त त्यो प्रकारको सुधार हामीले पनि त केही योगदान दिन सक्छौ कि भन्ने भन्ने आशयले हामीले सुझाव राखेका हौँ। यसमा अनर्थ नलिनका लागि पनि मैले अनुरोध गर्न चाहन्छु।आज पनि केही यस्ता विषय छन् जो हामी सबैको सर्वपरीको विययहरु हुन् जस्तो लाग्छ । एक त बजेट ७२ करोडको सबालमा छ। विगत १/२ दिनदेखि प्रदेश हाम्रो गण्डकी प्रदेश तरंगित बनेको छ।नवनोस् पनि कसरी ? जव नीति तथा कार्यक्रममा प्रस्तुत भएका अत्यन्तै मिठा मिठा सोलोगनको प्रारम्भ पनि यति झड्किलो बनेर आएको छ त्यसकारण यो बजेट बजेटको आशय कसैलाई हाइ हाइ र

कसैलाई बाइ बाइ गर्ने मनसायका साथ आएको छ।यो हुनुहुन्न । यसै गरी यसपालि पनि धेरै बजेटहरु पोकामा राख्ने नियत देखिएको छ। पोकामा राखिएको बजेट सही तरिकाले नपुगेको विषयमा शायद माननीय मन्त्रीज्यूहरु पनि अनविज्ञ हुनुहुन्न होला । सकेसम्म बजेट पोकामा राख्नुहुन्न ।ठोस ठोस रुपमा आउनुपर्छ । विनियोजनमा कस्तो प्रकारको विनियोजन भएर आउने हो त्यो त हेर्न बाँकी नै छ। सामाजिक सुरक्षा र महिला सशक्तिकरण शीर्षकमा १ सय २५ बुँदाको तारदम्यता कसरी रहन गएको छ स्पष्ट हुन पाए आभारी हुने थिएँ ।किनकि ती शीर्षक र बुँदाले कतै मेल खाएको मैले मानिनँ । दुःखको कुरो बजेटले सुगम क्षेत्रलाई मात्रै चिन्यो । त्यसकारण यसको सामिप्यता सुगमसँगै छ।खासमा दुर्गम केन्द्रित बजेट अत्यन्तै कम रहेको छ।प्रदेशको समानुपातिक विकास सुगम प्लस दुर्गम क्षेत्रमा अझ बढी दुर्गम क्षेत्रमा लगानी गर्नुपर्ने थियो र त्यो हुन सकेन ।र दुर्गम क्षेत्रमा बढी बजेट निर्माण गर्ने बजेट लगानी गर्ने हेतुले आएको भए अत्यन्तै राम्रो हुने थियो ।

सभामुख महोदय , प्रदेश गौरवको योजना जम्माजम्मी २ ओटा मात्रै देखिएको छ।यसले साँच्चै नमूना प्रदेश हाम्रो गण्डकी प्रदेशलाई नमूना प्रदेश बनाउने उद्देश्यलाई कुन हद सम्म सम्वोधन गर्ने हो त्यो एउटा गम्भीर विषय हो।शिक्षा र स्वास्थ्यमा पनि बजेट बढी भन्दा बढी सदरमुकाम ओरेन्टिएड देखिएको छ।सदरमुकाममा हस्पिटल बनाउने कतिपय जटिल रोगको उपचार कक्ष बनाउने भन्ने कुराहरु आएका छन् । यो एउटा सकारात्मक पक्ष हो तर यसमा दुर्गम क्षेत्रमा भएको विकराल समस्यालाई चिन्न मानेन ।यसले चिन्न सकेन । आज स्थानीय तहमा विद्यालय छन् विषयगत शिक्षक छैन।विषयगत शिक्षकको अभाव छ।स्वास्थ्य चौकी छ विशेषज्ञ छैन।अति आवश्यक उपकरण छैन।अनि संवृद्धि संवृद्धि भनेर कुर्लनको कुनै तुक छ र ? सभामुख महोदय , यसै गरी नीति तथा कार्यक्रममा आएको विषय उत्तर गंगा जलविद्युत कालीगण्डकी कोरिडोर जस्ता प्रदेशिक गौरव प्रदेश गौरवको योजना कुमको मेलामा गुम जस्तै गुमनाम जस्तो भएछ।यसरी गुमनाम पार्नुपर्ने परिस्थिति कसरी बन्यो होला मलाई यो एउटा अचम्मित बनाएको छ। यति हुँदा हुँदै पनि प्रदेश सरकारले २ अरवको घाटा बजेट पेश

गरेको छ।यसलाई हेर्दा मलाई एउटा अत्यन्तै गहकिलो उद्धरणको झझल्को आइरहेको छ।आम्दानी ४ आना खर्च १२आना यसले देशलाई कतातिर डोऱ्याउने हो मलाई चिन्ता लागिरहेछ।आम्दानीको श्रोत कम खर्चको अवस्था यति ठूलो वैदेशिक ऋण प्रदेशमा संघ सरकारको ऋण यसरी नेपालको अवस्था के हुने हो भन्ने खुल्दुली हामी जनमानसमा आइरहेको छ। प्रत्येक नेपालीलाई ऋणको भारी बोकाएर ल्याइएको संवृद्धि कति पाच्य र कति मिठो हुन्छ होला यो हामीले अनुभूति गर्न बाँकी नै छ। त्यसैगरी यो युवा तथा खेलकुदमा ११२ र ११३ नं बुँदामा जुन बजेटको बिनियोजन प्रवृति छ त्यो अत्यन्तै पक्षपाती ढंगले गरिएको छ। एक स्थानीय तह एक खेलमैदान र नगरपालिकामा रंगशाला निर्माण गर्न भनेर ४ करोड ४० लाख भने पोखरामा क्रिकेट मैदानको संरक्षण भनेर २ करोड यति धेरै स्थानीय तहको बजेट मापदण्ड र एक सिमित ठाउँको बजेटको मापदण्डलाई एउटै चस्माले हेर्दा उपयुक्त छैन कि यो अलि असान्दर्भिक भयो कि भन्ने कुराहरु राख्दै मैले मेरा आफ्ना भनाइहरु अन्त्य गर्ने अनुमति चाहन्छु हस्त धन्यबाद ।

**माननीय सभामुख:**

माननीय सदस्य श्री धनमाया पोखरेल (लामा) लाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय धनमाया लामा पोखरेल:**

माननीय सभामुखज्यू, आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तव्यमाथि सैद्धान्तिक छलफलको क्रममा छौ।र यसैमा केन्द्रित रहेर मेरो केही भनाइहरु राख्न चाहन्छु। यो बजेटले भौतिक पूर्वाधार विकास कार्यक्रमलाई प्राथमिकता दिएको छ।यो सकारात्मक पक्ष हो भन्ने मलाई लाग्छ । प्राथमिकताको आधारमा बजेट विनियोजन गरिनु पर्ने एकीकृत बस्ती विकासको अवधारणा ल्याउन आवश्यक देखिन्छ ताकि सडक, खानेपानी, सिचाइँ र ऊर्जा विकासलाई सहज होस् भन्ने मेरो धारणा छ। आर्थिक संवृद्धि हासिल गर्नको निमित्त भौतिक पूर्वाधार विकास सँगसँगै उत्पादन बढाउने र रोजगारी सिर्जना गर्ने उद्योग निर्माणमा बजेट विनियोजन हुन आवश्यक छ।निर्वाहमुखी उत्पादनलाई व्यवसायिकीकरण र व्यवसायिकीकरण बनाउनु आजको प्रमुख आवश्यकता हो।गण्डकी

प्रदेशभित्र रहेको खानी तथा खनिजको अन्वेषण तथा उत्खननमा विशेष लगानी गर्न प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

माननीय सभामुख ज्यू, प्राविधिक शिक्षामा लगानी र शैक्षिक गुणस्तर सुधार्न आवश्यक देखिन्छ।शिक्षा र स्वास्थ्यमा निजिकरण र व्यापारिकरण बढ्दो छ।प्रत्येक नागरिकले राज्यबाट आधारभूत स्वास्थ्य, शिक्षा निशुल्क प्राप्त गर्ने र स्वास्थ्य सेवामा समान पहुँच पुऱ्याउन आवश्यक बजेटको व्यवस्था गर्न प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु । युवा लक्षित कार्यक्रमहरुमा खेल मैदान निर्माण र क्षमता अभिवृद्धिमा मात्र देखियो । यस्तो कार्यक्रमले दिनानुदिन विदेशिएका ऊर्जाशिल युवाशक्तिलाई स्वदेश फर्काउन सहयोग गर्ला ? यो चुनौतीको विषय हो।यो बजेट बक्तव्यको निलो किताबमा छुट्याएको बजेटले चालू आर्थिक वर्षमा कति जनालाई रोजगारी सिर्जना गरेर आगामी वजेटले कति जना युवालाई रोजगारीको सिर्जना गर्दछ यसको तथ्यले प्रदेश सरकारको संवृद्ध गण्डकी प्रदेश बनाउने अभियानको लेखाजोखा गर्दछ भन्ने मलाई लाग्दछ।महिलालाई शशक्तिकरण आजको आवश्यकता होइन । शिक्षा,स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षा सहितको विशेष अवसर प्रदान गरी उद्यमसिलता सँगसँगै आत्मनिर्भर बनाउन प्रदेश सरकारको दायित्व हुनेछ भन्ने मलाई लाग्छ । विद्यमान निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषिमा परिमार्जन गरिनुपर्छ। कृषि व्यवसायलाई आधुनिक कृषि प्रणालीमा विकास वजार व्यवस्थापन र निरीक्षण सँगसँगै निर्यात प्रवधर्नमा विशेष जोड दिन आवश्यक ठान्दछु। वैज्ञानिक भूमिसुधार मार्फत सुकुम्वासी समस्या समाधान गर्न यो प्रदेशको नीति बनाउन पर्छ र आगामी वजेट पनि त्यसमा छुट्याउन आवश्यक ठान्दछु।

माननीय सभामुखज्यू, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम मार्फत सांसदले पनि बजेट खर्च गर्न पाउने व्यवस्था यो बजेटले गरेको छ।यो व्यवस्थाले सांसदलाई अघोषित रुपमा ठेकेदारको लाइसेन्स दिने बाटो खुलायो यो गलत छ। सांसद विधायिका हो जसले विधेयक बनाउने काम गर्दछ।नीति निर्माण गर्ने मुख्य भूमिका हुनेछ।देश संघीय प्रणालीमा गइसके पश्चात पनि हिजोको एकात्मक राज्य व्यवस्थाको अभ्यासहरुलाई

निरन्तरता दिनु भनेको संघीयता माथि नै खिल्ली उडाउनु हो र यसमा समर्थन नभएको जानकारी गराउन चाहन्छु। विकास निर्माण कार्यक्रम कार्यान्वन र अनुगमनको लागि संघ प्रदेश र स्थानीय तह छँदा छँदै पनि यो निर्वाचन  क्षेत्रिय विकास कोषको नाममा सांसद मार्फत बजेट जानु यो चाहि दुर्भाग्यपूर्ण हो भन्ने मेरो ठम्याई छ त्यसैले निर्वाचन क्षेत्रको जनतासँग जोडिनको निम्ति हामीलाई दुई करोडको बजेट दिएर होइन प्रदेश सभाको गरिमा बढ्ने पनि यसमा कुनै तुक छैन भन्ने मलाई लाग्छ। हरेक निर्वाचन क्षेत्रमा दुई करोडको बजेट होइन २ अरवको विकास निर्माण गर्ने नीति तथा योजना ल्याउन प्रदेश सरकारलाई मेरो विशेष अनुरोध छ।त्यसैमा सबैको भलो र सम्मान हुने कुरा राख्दै मेरो भनाइ यही अन्त्य गर्दछु हस्त धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री मोहन प्रसाद रेग्मीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मोहन प्रसाद रेग्मी

माननीय सभामुखज्यू, प्रदेश सरकारको तर्फबाट आर्थिक तथा योजना मन्त्री माननीय किरण गुरुङद्वारा प्रस्तुत आर्थिक वर्ष २०७६/०७७ को बजेटका सन्दर्भमा हामी छलफलमा छौँ।गत वर्षको बजेट यसको प्रभाकारिता र कार्यान्वन पनि हामी समीक्षा गरेका छौ । यी सबै विषयमा हामी अनविज्ञ छैनौँ। द्रुत गतिमा विकासको परिकल्पना गरेर प्राथमिकीकरणका आधारमा विनियोजित बजेटलाई कार्यान्वन गर्ने सन्दर्भमा देखा परेका चुनौतीहरुलाई सम्वोधन गर्दै अगाडि बढ्ने सरकारको प्रतिवद्धता र त्यसले जनताको सरोकारको विषयलाई पुन: समीक्षा गरेर आत्मसाथ गर्दै कमीकमजोरीहरुलाई सच्याउँदै अगाडि बढ्ने र त्यसको व्यवस्थापन गर्ने सन्दर्भमा यो बजेट अगाडि आएको छ।मैले यसो भनिरहँदा हामीले भर्खरै मात्रै अर्थात् यही अधिवेशनमा विनियोजन विधेयक २०७६ का सिद्धान्त र प्राथमिकताका बारेमा छलफल गर्‍यौँ । र त्यसले निकालेका निष्कर्षहरु विशेष गरेर हामीले अपेक्षा गरेका विषयवस्तुहरु आत्मनिर्भर अर्थतन्त्र पर्यटन रउत्पादनसँग जोडिएका विषय कृषिमा आधुनिकिकरण, व्यवसायिकीकरण, यान्त्रिकीकरणको र व्यवसायिकीकरणको सन्दर्भ र प्राविधिक तथा व्यवसायिक शिक्षामा

जोड दिने सन्दर्भ निजि क्षेत्र र स्थानीय तहलाई तिनै तहको सरकार निजि क्षेत्र र सहकारी सबै क्षेत्रलाई व्यवस्थित ढंगले सञ्चालन गर्दै आर्थिक संवृद्धिको बाटोमा अगाडि लैजाने र यो प्रदेशलाई संवृद्ध प्रदेश बनाउने आधारशिला तयार गरेर यो बजेट आएको छ।र यसले वजेटको सिद्धान्त र प्राथमिकताको आधारमा विनियोजित बजेटले सबैको अपनत्व हुने गरी सन्तुलित विकासको अवधारणा अगाडि सारेको छ भन्ने मैले बुझेको छु । विशेष गरेर अहिले हाम्रा सामु देखा परेको चुनौती यो प्रदेशलाई संवृद्ध बनाउनको लागि हामीले निर्धारण गरेको प्राथमिकता पर्यटनको क्षेत्र ,ऊर्जाको क्षेत्र, कृषि ,उद्योग र भौतिक पूर्वाधारको सन्दर्भमा सबै विषयसँग गएर केन्द्रित कहाँनेर भएको छ भने यसको अर्थात् यो प्रदेशको संवृद्धिका आधारहरु के हुन सक्छ भन्दा पहिलो यो पूर्वाधारलाई मुखरित गरेको छ।सबै क्षेत्रमा चाहे त्यो शिक्षाको क्षेत्रमा होस् चाहे त्यो स्वास्थ्यको क्षेत्रमा होस् सबै क्षेत्रमा अहिले पूर्वाधार विकास पहिलो महत्त्वपूर्ण विषय बनेको छ। वजेट विनियोजन गर्दा भौतिक पूर्वाधारमा विशेष धेरै बजेट विनियोजन गरेको भए पनि त्यसले एक अर्कामा प्रभाव पार्ने गरी वा त्यसलाई सहयोग पुग्ने गरी विनियोजित भएको छ मैले यस्तो महसुस गरिरहेको छु ।

पर्यटन क्षेत्रको एकीकृत विकास गर्ने अबधारणा त्यसको गन्तब्यको निर्धारण गर्ने त्यसको परिचालन गर्दाखेरि हामीले अपेक्षा गरेको रोजगार र स्वरोजगारका अवसरहरु सिर्जना गर्न सक्छ। हिजो हामीले जुन खालको बजेट विनियोजित गर्‍यौँ त्यो बजेटले कार्यान्वन गर्ने सन्दर्भमा रोजगार र स्वरोजगारका अवसरहरु सिर्जना गरेको छ यसलाई नजरान्दज गर्न मिल्दैन तर हामीले अपेक्षा गरे अनुसार अर्थात् यो सरकारले अपेक्षा गरे अनुसारको रोजगार वा स्वरोजगार हुन सक्यो कि सकेन कति सम्भव भयो यसको एउटा समीक्षात्मक टिपोट आएको भए शायद यहाँ शून्य भयो अर्थात् यसले केही गरेन भन्ने अभिव्यक्ति छ नियतसँग जोडिएको छ यसलाई नियतसँग जोड्न जरुरी छैन किनभने काम गर्ने दौरानमा कति सम्भव छ कति परसेन्ट हामीले काम गर्न सक्यौँ हामीले परिकल्पना गरेको हामीले देखेको सपना त्यसको कार्यान्वनको सन्दर्भमा कति सम्म पूरा गर्न सक्यौँ त्यो एउटा समीक्षाको विषय हुन सक्छ र पनि मलाई विश्वास छ हामीले जे

विषय अगाडि सारेका छौँ यो जनताको मन छोएको छ र जनताले यसलाई सकारात्मक ढंगले अनुभूत गरेको छ मैले यस्तो महसुस गरेको छु। कृषिको क्षेत्रमा पनि त्यही देखिएको छ धेरै व्यक्त भैसकेको छ त्यसमा म धेरै चर्चा गर्न चाहन्नँ र पनि अहिले कृषिको उत्पादन र कृषि क्षेत्रमा आकर्षण रोजगारका अवसरहरु सिर्जना गर्ने अनि स्वरोगारहरु सिर्जना गर्ने अवधारणाका साथ कृषिलाई प्राथमिकतामा राखेर मुख्यमन्त्री जलवायु कृषि नमूना गाउँको नाममा वा मोडेल फर्मको नाममा सञ्चालित योजनाहरुले पनि जनताको धरातल भूगोललाई स्मरण गरेको छ।र गाउँ बस्तीहरु उजाड हुने कुराहरुलाई क्रमशःरोक्दै उत्पादनमा क्रियाशील हुने वातावरण सिर्जना गर्ने गरी अगाडि बढाइएको छ त्यसैले पनि यो क्षेत्र पनि अछुतो छैन।यसले पनि प्रभावित ढंगले बनाएको छ र अहिलेको बजेटले पनि त्यसलाई इंगित गरेको छ। मलाई यस्तो महसुस भएको छ।र उद्योगको क्षेत्रमा जुन खालको अवधारणा अगाडि आएको छ विगतका योजनाहरुलाई निरन्तरता दिदै थप नयाँ योजनाहरु सञ्चाल गर्ने गरी जुन खालको बजेट विनियोजित भएको छ स्वभाविक छ हिजो हामीले परिकल्पना गरेको योजनाहरुलाई सार्थकमा पुऱ्याउने हाम्रो परिकल्पना हाम्रो प्रतिवद्धता र त्यसलाई निरन्तरता दिदै जनताले अपेक्षा गरेका विकास र संवृद्धिका कुराहरुलाई पनि थप नयाँ योजनाका साथ अगाडि जाने जुन सोच बनाएको छ यो बजेट सान्दर्भिक छ भन्ने मलाई लाग्दछ। हामीले समाजवाद उन्मुख अर्थतन्त्रको आधार बलियो बनाउन यो सरकारका तिनै तह निजि र सहकारी क्षेत्रलाई जसरी परिचालित गर्न खोजेका छौँ यसले जनता आफै सहभागी बन्ने र विकास र संवृद्धिको बाटोमा लैजाने गरी क्रियाशील भएक मैले महसुस गरेको छु। सडक, खानेपानी लगायतका क्षेत्रहरु सिचाइँ ऊर्जाका क्षेत्रहरु हेर्दा उज्यालो प्रदेश बनाउने घर घरमा धारा पुऱ्याउने एकीकृत बस्ती विकासका सन्दर्भदेखि धेरै योजनाहरु हाम्रा सामू मुखरित भइसकेका छन् ।विशेष गरेर निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको सन्दर्भमा कुरा चलेको छ हामी सांसद भएर पैसा बाँड्ने अभियान या यो प्रवृतिको विरोधमा छौँ। मात्र यति हो स्थानीय तह र संघीय सरकारले विनियोजित गर्ने बजेट र प्रदेश सरकारले विनियोजन गर्ने बजेटको विचमा तालमेल तारतम्य अर्थात यसको विचको समन्यात्मक ढंगले अगाडि जाने

सन्दर्भमा हामी धेरै कुरा भनेका छैनौँ l क्षेत्रविकास क्षेत्रको पूर्वाधार विभाजनका सन्दर्भमा विनियोजित बजेट त्यो जनताको संवृद्धिको जनताको आवश्यकताको आधारमा वितरण हुने त्यसको कार्यविधि बनाएर गयौँ भने हामी सांसद २ करोड बाँड्ने र त्यसको प्रतिफल प्राप्त गर्ने ढंगले होइन कि सिंगो प्रदेश सरकारको बजेटलाई त्यो प्रदेशमा ब्यवस्थित ढंगले सञ्चालन गरेर जनताका अपेक्षाहरुको कुरा गर्ने सन्दर्भमा हाम्रो पनि भूमिका छ भन्ने अर्थात् प्रदेश सरकारको पनि माननीय सदस्यहरुको पनि भूमिका छ भन्ने कुरालाई प्रभावकारिताको ढंगले आउन सक्छ एउटा व्यक्तिसँग जोड्नु हुँदैन सिंगो प्रदेशसँग संसद जोडिएको हुन्छ र त्यो क्षेत्रमा रहने सांसदहरुको पनि त्यत्तिकै भूमिका हुन्छ भन्ने मैले महसुस गरेको छु र अहिले शिक्षाको सन्दर्भमा पनि जुन नयाँ ढंगले अगाडि बढिरहेको छ। हामी प्राविधिक शिक्षाको परिकल्पना गऱ्यौँ। रोजगारमूलक शिक्षाको आवश्यकतालाई महसुस गऱ्यौ र हामीले गण्डकी विश्वविद्यालय, प्राविधिक महाविद्यालय, आदर्श विद्यालय, नमूना विद्यालय र गण्डकी प्रविधिक प्रतिष्ठान र विज्ञान विषयमा जोड दिने जस्ता अहिलेको समय सान्दर्भिक शिक्षालाई पनि समेट्ने जुन कोशिस गरेको छ।मलाई लाग्छ हामीले सोचे अनुसारको बजेट विनियोजित भएको छैन। हाम्रो श्रोत र साधनले कति भ्यायो त्यो समीक्षाको विषय होला तर त्यसलाई सम्वोधन गर्न खोजिएको छ र मलाई थोरै सुझाव दिन चाहन्छु स्मरण मात्र गराउन चाहन्छु। हामी पोखरा र लुम्विनीलाई जोड्ने कुरा गरिरहेका छौँ। म एउटा स्याङ्जाको एउटा प्रतिनिधिको हैसियतले यति मात्रै भन्न अनुरोध गर्न चाहन्छु सिद्धार्थ राजमार्गलाई संघीय सरकारले सम्बोधन गर्ने गरेको छ। कतै त्यो फेरि कालीगण्डकी डाइभर्सनसँगै सिद्ध बाबाको सुरुङ खन्ने तिर सिद्धार्थ हाइ वे को विकास र स्तर उन्नति गर्ने नाममा उता डाइभर्ट हुन्छ कि भन्ने कुरामा यो सदन सचेत हुनुपर्छ र सँगसँगै यसको बारेमा यो सदन मार्फत म आग्रह गर्न चाहन्छु पोखरादेखि सुनौली सम्मको सिद्धार्थ हाइ वे लाई पोखराबाट शुरु हुनुपर्छ भन्ने कुरामा पनि यो गण्डकी प्रदेशले आवाज उठाउनु पर्छ र सम्बन्धित ठाउँमा यसको पहल गर्नुपर्छ भन्ने मलाई लाग्दछ र अन्त्यमा म भौतिक पूर्वाधार विकास र खेलकूदको क्षेत्रमा जुन खालको रकमहरु विनियोजित भएका छन् आधारभूत रुपमा खेलकूद पुऱ्याउने, संगठन स्वरुपको

विस्तार गर्ने, खेल गतिविधिहरु सञ्चालन गर्ने र सम्मान र पुरस्कार जस्ता गतिविधिहरु सञ्चालन गर्ने माननीय सभामुख ( समय सिद्धियो माननीय ज्यू ) बजेटलाई व्यवस्थापन गर्ने सन्दर्भमा पनि यसलाई चाहे त्यो विनियोजित गरिएको होस् वा त्यसमा बास्केटमा राखिएको भए पनि राष्टिय खेलाडीहरु सम्मान गर्ने र गौरवका योजनाहरु सम्पन्न गर्नेसँग जोडेर यो क्षेत्रका खेलाडीहरुको संवृद्धि र विकासमा पनि यो बजेटले सम्वोधन गर्न सकोस् यही शुभेच्छा व्यक्त गर्दै यो बजेटले जनताको मन जित्नेछ र गण्डकी प्रदेशको एउटा संवृद्धिको विकासमा अगाडि बढ्नेछ भन्ने आफ्नो भनाइ राख्दै यही अन्त्य गर्दछु। धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री बिनोद के.सी.लाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय बिनोद के.सी

सभामुख महोदय, हामी यतिबेला आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तव्यमा आफ्नो धारणा राख्दै छौं र मैले यी आफ्ना सुझाव र भनाइ राख्ने क्रममा यो बजेट बक्तव्य जुन आएको चाहि छ यसले १५५ वटा बुँदामा र सबै सरसर्ती हेर्ने क्रममा यो बजेट गत सालको निरन्तरतामा अझ केही नवीनता थप्दै यो बजेट आएको छ भन्ने मैले महसुस गरेको चाहि छु र यो बजेटको विषयमा आउँदै गर्दा अर्थमन्त्रीज्यूले त्यसरी ट्याक्कै आएको जस्तो मलाई लाग्दैन किनभने धेरै छलफल धेरै मेहनत हामी सबै माननीयहरुलाई आफ्नो मन्त्रालयमा डाकेर धेरै छलफल गरेर र सैद्धान्तिक छलफल यो गरिमामय सदनमा गराएर नीति तथा कार्यक्रम हुँदै यो चौथो चरणमा आएको रैछ।र यो एउटा स्पष्ट छाँयामा १५५ को एउटा बुँदामा आएको चाहि छ। सम्भव त यसले धेरै कुराहरु धेरै चाहि प्रदेशका सम्भावनाहरु आवश्यताहरुलाई मध्यनजर गर्दै यो बजेट आएको चाहि छ। यस बजेट प्रति मेरो सहमति जनाउन चाहन्छु र यो बजेटप्रति मेरो सहमति छ भन्ने कुरा म पहिला दर्ज गर्न चाहन्छु र यो बजेटको सिलसिलामा हामी जाँदै गर्दा हामी सत्ता पक्ष माननीयहरु र प्रतिपक्ष माननीयहरुको कही कतै तालमेल आधा गिलासमा भएको पानीलाई कोहीले

हामीले पुरै आधा छ भन्ने खालको र कोही हामीले आधा गिलास भएकोलाई पुरै भरि छ भन्ने अतिरन्जित र अतिवादबाट पनि हामी माननीयहरुलाई कही त्यो ठाउँमा पुग्यौ कि भन्ने लाग्छ। यथार्थ कुराहरुमा जे छ भने जे कमजोरी छ त्यसलाई सच्याउनतिर जानुपर्छ भन्ने मलाई लाग्छ र विशेष गरी मैले थोरै यो बजेट आउदै गर्दा कमरेड प्रचण्डले भनेको सानो एउटा कुरा मलाई याद आयो। कमरेड प्रचण्डले एउटा कार्यक्रममा भन्नुभएको थियो विकासको क्रम निरन्तर बग्ने एउटा गति हो त्यो निरन्तर बग्ने गतिलाई विकासको मानवीय विकासको गतिलाई कसैले रोक्ने छेक्ने आँट कसैलाई हुँदैन। त्यो निरन्तर बग्दै जान्छ तर निरन्तर बग्ने विकासको गतिमा बग्दै गर्दा हामी राजनीतिकर्मी राजनीतिक नेताहरु र हामी एउटा जनताको प्रतिनिधिको आवश्यकता के हो त त्यो बग्दै जाने निरन्तरतालाई भन्दा हामी नेता नेतृत्वहरुको र राजनीतिक कर्मीहरुको निरन्तरतालाई क्रम भंग गर्दै छिटो जनताको विकासको आवश्यकता जनता विकासको जुन हुटहुटीलाई हामीले छिटो भन्दा छिटो त्यो पुऱ्याउनको लागि नेता नेतृत्वको आवश्यकता पर्छ। त्यसको लागि नेताले खेल्ने भूमिका जनप्रतिनिधिले खेल्ने भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने मलाई लागेको चाहि थियो र त्यस्तै सम्माननीय प्रधानमन्त्रीले पनि अस्ति एउटा कार्यक्रममा हामी विकासको जनताको विकासको तिव्र इच्छालाई हामी छिटो भन्दा छिटो पूर्ति गर्न हामी सम्भव छौँ। हामी त्यो विषयमा लागेका छौँ त्यो कारण एउटै मात्र हो अन्य देशको तुलनामा हामी धेरै पछि पऱ्यौ धेरै हामीसँग कतिपय कम भए तैपनि अहिले हामी ती देशको तुलनामा जाँदाखेरि सजिलो चाहि विश्वमा विभिन्न खालका चाहि यन्त्रहरु विश्व धेरै कुरामा विकसित यो विकासको क्रम गर्ने औजारहरु धेरै खालको आइसके तिनीहरुलाई हामी छिटो भन्दा छिटो प्रयोग गरेर ती अन्य देशहरुले बनाएका अन्य देश विदेशमा चाहि आएको औद्योगिक जुन खालको चाहि मेशिनरी चिज मेशिनरी कुराहरुलाई प्रयोग गरेर छिटो भन्दा छिटो हामी विकासतिर जानेछौँ भन्ने कुरा मैले दुवै नेताहरुको कुरा आत्मसाथ गरेर र आज यो बजेट हेर्दै गर्दा पनि त्यो नेताहरुको अहिले नेपालको सुखी नेपाल र संवृद्धि नेपाल जुन मुख्य नारा छन् त्यसैलाई पक्डेर त्यसैको आधारमा पनि यो गण्डकी प्रदेशको बजेट आयो भन्ने मलाई लागेको छ। यो बजेटमा धेरै

कुराहरु मैले सरसर्ती हेरे मैले यसलाई ब्याख्या गर्नतिर जाँदिन। यतिमात्र के भन्नु छ भने यी विकासलाई अब हामी विस्तारै अब व्यबहारमा लैजाने कार्यान्वनमा लैजाने रिजल्टमा लैजाने र हामी १ वर्ष त हामीसँग बित्यो १ वर्ष हामीले अघिल्लो वर्ष हामीहरुले भन्यौँ कि प्रदेश सरकार विल्कुलै नयाँ सरकार आफ्नो स्थानीय संरचना धेरै ऐन नियमहरु बनाउन पर्ने कुराहरु केही ढिला भए तापनि यो वर्ष अब हामी त्यति भनेर छुट पाउने अवस्थामा छैनौँ। त्यसकारण यो वर्ष विकासको आधार क्षेत्र र विकासका आधार वर्षको रुपमा हामीले लिएका छौँ र यही वर्ष यही स्पीडका साथ चाहि माननीय मन्त्रीज्यूले यो चाहि बजेट ल्याउनुभएको छ भन्ने मैले विश्वास गरेको चाहि छु र मैले यो बजेटको सिलसिलामा धेरै कुराहरु आउँदै गर्दा थोरै सुझावको रुपमा मैले केही छुटेको विषयमा मैले भन्न चाहन्छु। यसले नीतिगत कुराहरुमा पहिलो पर्यटन दोश्रो चाहि जलविद्युत तेश्रो कृषि गर्दै आफ्नो प्राथमिकता चाहि तोक्दै आएको चाहि छ र ती विषयहरु छुट्दै गर्दा मैले म्याग्दीमा रहेको विशेषत गरी यो प्राकृतिक उपचार केन्द्रको रुपमा तातोपानी कुण्डहरु पनि म्याग्दीमा महत्त्वपूर्ण हाम्रो गण्डकी प्रदेशको महत्त्वपूर्ण कुण्डहरु जहाँ अहिले यतिवेला हजारौ जनताहरुले त्यसलाई स्वरोजगारको रुपमा अगाडि बढेका चाहि छन्। देश विदेशबाट मलाई लाग्छ अहिले गण्डकी प्रदेशको गण्डकी अस्पतालमा जत्तिकै भिडभाड लाखौ होइन सयौ होइन मान्छेहरु वर्षमा धेरै दिनको चाहि ३/४ सय मान्छेहरु लाइन लगाएर उपचार गर्ने स्थितिमा रहेका चाहि छन् र हामीले त्यस्ता सम्पदालाई पनि हाम्रो गण्डकी प्रदेशमा महत्त्वपूर्ण सम्पदाको रुपमा लिएर त्यसलाई अलिकति बजेट विनियोजन गर्न पाए त्यो पनि महत्त्वपूर्ण हुन्थ्यो त्यो विषय अलिकति छुट्यो कि भन्ने लागेको छ। त्यहाँ पनि माननीय मन्त्रीज्यूलाई ध्यान आकर्षण गर्न चाहन्छु र अन्त्यमा म धेरै नबोलिकन धेरै कुराहरु नभनिकन हिजो मात्रै थोरै म प्रतिपक्षका मित्रले भन्नुभयो यहाँ सरकार पक्षका माननीय सदस्यहरुलाई देखेर माया लागेर आयो उहाँहरु बोल्नुभएन भन्ने खालको आफ्नो अभिव्यक्ति दिनुभयो म यतिमात्र के भन्न चाहन्छु भने हामीलाई शायद बोल्न डराउनेको रुपमा चित्रण गर्नुभयो यदि हामी बोल्न डराएका हुन्थ्यौँ भने कि आज हामी यो गण्डकी प्रदेशका माननीय सदस्य हुन सम्भव थियो? के हामी मर्न डराएका हुन्थ्यौ भने

आज के यो प्रदेश सरकार बन्न सम्भव थियो ? हामी आफू हिँड्ने बाटो आफूलाई खन्ने खाडलको आफ्नो डोको आफै बोक्ने र आफूलाई यो सदनमा गणतन्त्र संघीयताको पक्षमा लड्दै आएका हौँ। कहाँ के बोल्ने कहाँ के कति सल्लाह दिने भन्ने कुराहरु पनि हामीसँग होलान्। म यतिमात्र के भन्न चाहन्छु भने यति राम्रो पक्षहरु छन् भने सबैले समर्थन गर्ने गण्डकी प्रदेशमा २५ वटा भन्दा बढी ती विधेयकहरु हामीले पास गरिसकेका रहेछौँ। आज मात्रै एउटा विधेयक दर्ता भएको छ।यति राम्रो यी विधेयक हामी राम्रो विधेयकमा छौँ भने त्यसलाई समर्थन गरेर पास गर्ने क्रममा हामी सबैले सामुन्ने टेबुल ठटाएर हात उठाउने यहाँहरुको हात किन तल हुन्छ ठटाउनु। यदि कुनै विषयमा पास गर्ने बेलामा यी विधेयकहरु राम्रा छन् भन्ने कुराहरुमा किन अल्पमत र बहुमत हुन पऱ्यो ? त्यहाँ आफ्नै खालका नीतिगत कुरा आफ्नै खालका चिजहरु रहेछन्। मैले यतिमात्र के भन्न चाहन्छु भने हामी कतिपय कुराहरुमा गत वर्ष पनि हामीले राखेका चाहि थियौँ। कतिपय हाम्रा साथीहरुले संशोधनको रुपमा पनि कतिपय कुराहरुमा सरकारलाई हामीले राखेका चाहि छौँ र यदि जनताकै विपक्षी हुन सक्ने जनताकै हित विपरीत हुन सक्ने हामीहरु पनि त्यो आँखा चिम्लेर आउने छैन।हामी पनि आफ्ना कुराहरु राख्नेछौ। आफ्ना कुराहरु राख्ने हो र अर्काले आफ्ना कुरा किन बोल्दिएन भनेर चित्त दुखाउने त्यो सराहनीय हुन्छ जस्तो मलाई लाग्दैन र यी कुराहरु भन्दै अब आउने बजेटका सिलिङ्गहरुमा सबैले हामीहरुले हेर्दै ति बजेटका सिलिङ्गहरुमा मलाई लाग्छ यो भनेको पनि छ यो सिलिङ्गहरुमा समानुपातिक समावेशी तरिकाले चाहि सबै चाहि निर्वाचन क्षेत्रहरुलाई समावेशीताको आधारमा माननीय सभामुख ( माननीय सदस्य समय सकियो ) बजेट आउने चाहि छ भन्दै बक्तव्यमा पनि छ यही आधार र विश्वास सहित बजेट बक्तव्यप्रति पूर्ण समर्थन भएको जनाउँदै मेरो भनाइ अन्त्य गर्दछु। धन्यबाद। नमस्कार।

**माननीय सभामुख**

माननीय सदस्य श्री ललितकला गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय ललितकला गुरुङ**

माननीय सभामुख महोदय, हाम्रो गण्डकी प्रदेश सरकारको दोश्रो कार्यकालको बजेट बक्तव्य आषाढ १ गते आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०७६/०७७ माथि छलफलको दोश्रो दिनमा म यस गरिमामय सभामा आफ्नो भनाइ राख्ने अनुमति चाहन्छु। सभामुख महोदय, १५५ बुँदामा र २५ पेजमा उल्लेख बडो मेहनतका साथ ल्याइएको यो बक्तव्यमा भरसक शब्दमा भए पनि सबै समेट्न खोजिएको देखिन्छ। अधिकांश गत वर्षकै पूर्ण पाठ रहेको छ। आज हामी राम्रो र हाम्रो प्रदेश निर्माणको चरणमा छौ। को प्रतिपक्ष को सत्तापक्ष चिन्तन र लक्ष्य एउटै हो भन्ने मेरो बुझाइ छ। सभामुख महोदय, सडक, भौतिक पूर्वाधार, भौतिक, खानेपानी, सिचाइँ जस्ता विकासका कार्यक्रमलाई यो वर्ष यति प्रतिशत सम्पन्न गर्ने भन्नुपर्थ्यो मेरो बुझाइमा न कि फेरि अर्को आर्थिक वर्षमा उसलाई अर्को ढङ्गगले समावेश गर्न नपरोस्। कृषिको शीर्षकतर्फ लाग्दा कृषिप्रधान मुलुकका हामी यो सभामा बोल्दै गर्दा सुझाव राख्दै गर्दा नीति तथा कार्यक्रममा मनाङ, मुस्ताङ, गोरखाको विकट क्षेत्र सम्बन्धित भएको छ। सम्बोधन भएका छन् तर त्यस्तै गरेर पर्वत, स्याङ्जा, गोरखामा उत्पादन हुने गरेको सुन्तलाले राष्टिय रुपमा मिठो रेकर्ड राखेको इतिहासलाई यो कितावले बिर्सिएको जस्तो भान भएको छ। यसलाई उत्पादन व्यापक र आत्मनिर्भरात्मक रुपमा पकेट क्षेत्रको बारेमा विकास गर्नतर्फ समेट्न नसकेको ठम्याएको छु।

सभामुख महोदय, बिना उत्पादन र बजार व्यवस्थापन बिनाको चिस्यान केन्द्र कोल्ड स्टोरको व्यवस्थाले मात्र के हुन्छ भन्ने प्रतिकृया झेल्नुपरेको अवस्था छ। त्यसलाई यस कितावले नठम्याएको महसुस गरेको छु। सहरी विकासको कुरा गर्दै गर्दा व्यवस्थित सहर सुन्दर गाउँघर सुरक्षित बस्ती हाम्रो रहर पूरा गर्न लाग्नुपर्ने थियो तर भान भएन। गाउँमा जनताहरु पानी पिउन नपाएर र बाँदर आतकंले सताएर विक्षिप्त भएका छन्। यो वास्तविकतामा बोल्न आवश्क थियो। स्वास्थ्यमा पनि यो त्यो धेरै शीर्षकहरु समेट्न खोजिएको छ। अस्पताल स्थापना व्यवस्थापन डायलासिस भन्दै गर्दा यसमा दक्ष जनशक्ति जुनसुकै समय चौविसै घण्टा उपलब्धताको पनि व्यवस्थाको आवश्यकता हुन आवश्यक छ। अनि उपकरणमा पनि। पेज नं २० मा सामाजिक सुरक्षा र महिला

सशक्तिकरण भनेर ३ बुँदा १२३, १२४ र १२५ मा उल्लेख गरिएको छ तर कही कतै कुनै पनि शब्दले महिला सशक्तिकरणको बारेमा बोलिएको छैन अनि कसरी हुन्छ संबृद्ध प्रदेश ? संख्याको हिसावले आधा भन्दा बढी धर्ती र आकाश अनि परिस्थितिवश युवा विदेश पलायन बृद्ध र महिलाको अखडा बनेको यो मुलुकमा महिलाको लागि समय सापेक्ष रुपको कार्यक्रम हुन पर्ने कि नपर्ने ? शीर्षकमा श्रम तथा रोजगार लेखिएको छ तर श्रमिकलाई छुने र प्रोत्साहन गर्ने कुनै शब्द छैन। श्रम शब्द ल्याउदै गर्दा श्रमिकको बारेमा खोइ त केही बोलेको ? असंगठित क्षेत्रमा कार्यरत श्रमिकको पञ्जीकरण र सामाजिक सुरक्षाको बारेमा बोलेको खोई? १३८ नं बुँदामा व्यवस्था गरिएको निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम शीर्षकमा केही बजेट व्यवस्था गरिएको छ। यो आउनु हुँदैनथ्यो । ठीकै छ तर यसलाई कार्यविधिले न्यायिक रुपमा जनतामुखी विकासमुखी वितरण गर्ने मिलोस् भन्ने मैले विश्वास लिएको छु। अन्त्यमा म र मेरो दलको धारणा यहि रहेको भन्दै आफ्नो भनाइ अन्त्य गर्ने अनुमति चाहन्छु । धन्यबाद। जयनेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय प्रभा कोइराला**

माननीय सभामुख महोदय, गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङज्यूले २०७६ असार १ गते सम्मानित सदनमा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७६/०७७ का लागि प्रस्तुत बजेट प्रदेश नीति तथा कार्यक्रमको जगभित्र रहेर प्रस्तुत गर्नुभएको छ। यस अर्थमा म माननीय अर्थमन्त्रीज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। सभामुख महोदय, प्रस्तुत बजेट माथि विभिन्न कोणबाट धेरै थरि कुरा भए पनि कुरैका लागि मात्र हो कि जस्तो मैले महसुस गरेको छु किनभने यो बजेटमा खोट नै लगाउने ठाँउ भेटाउन सकिएको छैन। किनकि यो बजेटले सबै क्षेत्र समेटेको छ। संवृद्ध प्रदेश निर्माणका आधार, पूर्वाधार विकास, पर्यटन क्षेत्रको एकीकृत विकास, कृषि क्षेत्रको आधुनिकिकरण ,जलश्रोतको बहुआयामिक उपयोग तथा नवीकरणीय ऊर्जाको

विकास उत्पादनमूलक औद्योगिक क्षेत्रको विकास, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षाको ग्यारेन्टी मानव संसाधनको विकास र सुशासनको प्रत्याभूति हुने गरी बजेट आएको छ। यसर्थ पनि यो बजेट कसैका लागि महत्वाकांक्षी हुन सक्छ। सभामुख महोदय, मलाई लाग्छ विकास र अग्र गतिका लागि सपना देख्नुपर्छ तर सपना विपनामा देख्नुपर्छ। निदाएर सपना देख्यो भने सबै भताभुङ्ग हुन्छ। यो बजेट ल्याउने बेला सपना बिउझिएर देखिएको सपना अनुसार बजेट आएको छ। यो बजेटले वर्ग, क्षेत्र, भेग मिलाएर आएको छ। सामाजिक न्यायसंगत छ। विशेषगरी ग्रामिण क्षेत्रलाई बढी महत्त्व दिएको देखिएतापनि पर्यटन, कृषि पर्यटन, कृषि क्षेत्रमा बजेट लक्षित छ। किनकि ५ वर्षभित्र कृषि क्षेत्रबाट प्रदेश आत्मनिर्भर गर्ने विषय आएको छ। वातावरणमैत्री कृषि नमूना ग्राम, युवा लक्षित कार्यक्रम, प्रादेशिक स्तरीय औद्योगिक ग्राम प्रदेशैभरि सडक, आवश्यकता अनुसार पुल निर्माण, एक घर एक धाराका विषयहरु आइसकेका छन्। भूमिगत सिचाइ आयोजनालाई व्ववस्थित गर्ने विषय, नदी तटबन्ध गर्ने विषय व्यवस्थापन गर्ने र विद्युत विस्तार गर्ने कार्यक्रम, मुख्यमन्त्री जलवायुमैत्री नमूना गाउँ, आवश्यकता अनुसार प्रहरी चौकी निर्माण गर्ने विषय यो बजेटले समेटेको छ। विभिन्न क्षेत्रमा पदमार्ग, पार्क, उद्यान र भ्यूटावर निर्माण गर्ने, ४४ पर्यटन गन्तव्यको पूर्वाधार विकास गर्ने, होमस्टे प्रवर्धन कार्य अझै व्यवस्थित गर्ने प्रदेश स्तरीय प्राधिकरण स्थापना र सञ्चालन गर्ने कार्य आवश्यकता अनुसारका झोलुङ्गे पुलहरु निर्माण गर्ने, मुस्ताङ् र मनाङ, नवलपुर, कास्की र पर्वतका अस्पतालहरु आवश्यकता अनुसार निर्माण तथा व्यवस्थित गर्ने, शालिग्राम सांस्कृतिक करिडोर व्यवस्थित गर्ने विषय पनि यो बजेटले समेटेको छ। सभामुख महोदय, गण्डकी विश्वविद्यालय स्थापना गर्ने विषय, ऊर्जा, प्रविधि, प्रदेश लोकसेवा आयोग सञ्चालन गरेर गण्डकी प्रदेशलाई संवृद्ध बनाउनका लागि के यी योजना कागजी खोस्टा हुन सक्छन् ?

सभामुख महोदय, स्थानीय तहसँगको सह लगानीमा गाउँपालिका केन्द्र स्थापना गर्ने पूर्वाधार सहितको व्यवस्थित सहर र बस्ती विकास कार्यक्रम प्राकृतिक रुपमा दुर्गम र सुरक्षित स्थानमा बसेका बस्ती सुरक्षाको दायित्व समेत सरकारले चासोको विषय

बनाएको छ। सभामुख महोदय, सडक यातायात स्थानीय तहसँगको सहकार्यमा अत्याधुनिक टर्मिनल प्रदेश स्तरीय बसपार्कका निर्माण योजना रहेका छन्। पर्यटनको हव बनाउने योजना सँगसँगै अतिथिदेवो भवलाई निरन्तरता दिने भन्ने विषय समेत समेट्न भ्याएको छ। कृषि विमा कार्यक्रम प्रभावकारी बनाउन कृषि विमा कम्पनीसँग समन्वय गरी कार्यक्रममा जाने विषष मौसमी तथा बेमौसमी तरकारी संरक्षण, सुरक्षाका लागि विभिन्न जिल्लामा कोल्ड रुम स्थापना गर्दै कृषि भन्डार राम्रोसँग व्यवस्थित गर्ने विषय समेत समेटिएको छ। भूउपयोगी नीति तर्जुमा गरी कृषियोग्य भूमि विस्तारका लागि मनाङ, मुस्ताङ,  गोरखा लगायतका क्षेत्रलाई स्याउ जोनका रुपमा विकास गर्ने विरुवा नै वितरण गर्ने कार्यक्रम राखेको छ। यसर्थ पनि यो बजेट प्रदेश संवृद्धिका लागि राम्रो बनेको छ भन्ने मैले महसुस गरेको छु। स्वस्थ मासु जनतालाई खुवाउनको लागि बधशाला व्यवस्थापन गर्ने, विभिन्न जिल्लामा हाइटेक वन नर्सरी स्थापना गर्ने, वन, बातावरण, जलवायु  अनुकुलन पर्यावरण संरक्षणका कार्य  व्यवस्थित गर्ने, जैविक विविधता संरक्षण सूचना सञ्चार व्यवस्थित गर्ने सबैलाई सर्वसुलभ र गुणस्तरीय शिक्षा दिने शैक्षिक नीति, नियामक र दण्डका आधार बनाएर अगाडि बढ्ने विषय, २ वर्षभित्र गण्डकी प्रदेश पूर्ण साक्षर प्रदेश बनाउने विषय ,दक्ष प्राविधिक, व्यवसायिक र उद्यमशिल जनशक्ति उत्पादन गर्ने प्रारम्भिक बालविकास केन्द्र स्तरउन्नति गर्ने, सामुदायिक विद्यालयलाई आवासीय बनाउने, अपागंता भएका विद्यार्थीहरुलाई शिक्षण प्रविधिको व्यवस्थापन गर्ने र शिक्षकलाई तालिमको ब्यवस्था गरेर दक्ष शिक्षक बनाउने कार्यक्रमले प्रदेश संवृद्धिको खाका कोरिसकेको महसुस गरेको छु। सभामुख महोदय, आफ्नो - आफ्नो भाषामा मातृभाषामा पाठ्यक्रम तयार गर्ने विषय, ऐच्छिक विषय, पर्यटन र कृषि, जडिबुटी  रोजाइको विषय बनाएर प्राक्टिसमा जाने विषयले अबका युवाहरुलाई समेट्ने समेत लक्ष्य लिएको महसुस गरेको छु। स्वास्थ्य सर्वसुलभ, गुणस्तरीय स्वास्थ्य सुविधा पुऱ्याउने, मृगौला पिडितका लागि विभिन्न जिल्लामा डायलासिस सेवा पुऱ्याउने ,मातृशिसु स्वास्थ्यमा सुधार ल्याउन, बालमृत्युदर घटाउन हस्पिटलमा व्यवस्थापन राम्रो गर्ने विषय समेत समेटेको मैले महसुस गरेको छु। राजधानीमा अन्तराष्टिय

मापदण्ड सहित स्वास्थ्य प्रयोगशाला स्थापना गर्ने, दुवै तहसँग समन्वय गरेर आयुर्वेद क्षेत्रको विकास प्रवर्धनमा विशेष ध्यान दिएको मैले पाएको छु। गण्डकी प्रदेश खेलकुद एकेडेमी स्थापना गर्ने विषय ,मुस्ताङमा हाई अल्टिच्युड केन्द्र स्थापना गर्ने विषय, युवा क्षमताको अभिवृद्धि गर्ने विषय समेत यो बजेटले समेटेको महसुस गरेको छु। श्रम रोजगारलाई समेत व्यवस्थित गर्ने विषय आइसकेको हुनाले सभामुख महोदय गण्डकी प्रदेशको तर्फबाट १५५ बुँदा भित्र रहेर ३२ अरब १३ करोड ४७ लाख ९२ हजारको रकम विनियोजित भइसकेको छ। यसर्थ मेरो आफ्नो व्यक्तिगत तर्फबाट र नेपाल कम्युनिष्ट पार्टी नेकपाको तर्फबाट हार्दिकतापूर्वक म समर्थन गर्न चाहन्छु। हस्त धन्यबाद ।

**(माननीय उपसभामुख श्री श्रृजना शर्माज्यूबाट बैठक सञ्चालन)**

## माननीय सभामुख

माननीय सदस्य श्री जुना देवी नेपालीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय जुनादेवी नेपाली:

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकार यतिबेला १६ महिनामा प्रवेश गरिरहेको छ। संमृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय अभियानलाई आम नागरिकले अनुभूत गर्ने गरी उत्पादन र उत्पादकत्वमा सकारात्मक वृद्धि आय तथा रोजगारीका अवसरमा वृद्धि, गरिवी न्यूनीकरण, सामाजिक न्याय, समाजवाद उन्मुख अर्थतन्त्र गण्डकी प्रदेशका जनतालाई हृदयमा राखेर शान्तिसँग आत्मसम्मानका साथ बाच्न पाऊँ काम गरेर खान पाउने वातावरण बनाउने प्रशासकले सजिलोसँग काम गरिदिऊन् अति विपन्न गरिबलाई धनी बनाउने सुशासन आर्थिक संवृद्धि र विकास गर्ने सरकार अहिले चाहि स्थायी छ हामीले के पाउने यो मेरो समुदायसँग जोडिएको हामी जनतासँग जोडिन चाहन्छौँ। यो भाव बोकी सामाजिक न्याय आत्मनिर्भर र व्यक्तिगत जीवन हित गर्ने गरी प्रदेश र प्रदेशवासीको हित हुने र संवृद्ध प्रदेश निर्माणमा यो बजेट आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वन गर्ने गरी ३२ अरब १३ करोड ४७ लाख ९२ हजार खर्च हुने

अनुमानमा चालु तर्फ १२ अरब २८ करोड ५७ लाख ७२ हजार र पूजीगत तर्फ १९ अरब ८४ करोड ९० लाख खर्च २० हजार हुने गरी विनियोजित प्रस्ताव बजेट माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्यूले प्रस्तुत गर्नुभएको छ यो कूल बजेटमा पूजीगततर्फ ६५ परसेन्ट र चालू तर्फ ३८ प्रतिशत रहेको छ र अर्थमन्त्रीज्यूले बडो मेहनतका साथ यो बजेट ल्याउनुभएको छ र साथै गण्डकी प्रदेशलाई म हृदयदेखि नै आभार प्रकट गर्दछु र धन्यबाद प्रकट गर्दछु। यस मानेमा यो समाजवाद उन्मुख अर्थतन्त्र संवृद्ध प्रदेश निर्माणमा यो बजेट कोशेढुङ्गाको रुपमा रहनेछ भन्नेमा मैले विश्वास लिएको छु। प्रदेश संवृद्धिका आधार ऊर्जा, कृषि, उद्योग, पूर्वाधार र मानव विकास रहेका छन् भने यो पूर्वाधार विकासमा समन्यायिक तथा सन्तुलित विकास गर्ने, संघीयताको लाभ समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्ने गरी यो बजेट आएको छ र यो बजेटमा परम्परागत सिपमा आधारित व्यवसाय प्रवर्धन, सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा, आम नागरिक र बालबालिकाको चौतर्फी विकास, विशेष विद्यालय विकास र सर्वसुलभ गुणस्तरीय शिक्षाको व्यवस्था, कुमाल र दलित समुदाय र अन्य जातिका परम्परागत ज्ञान सिपमा आधारित हस्तकला घरेलु तथा साना लघुउद्योगलाई प्रवर्धन गर्ने लाग्छ मलाई पर्याप्त छ। यो बजेटले कायलापट परिवर्तन गर्छ भन्ने त मलाई लाग्दैन तर गण्डकी प्रदेशले सुरुवात गरेको छ म धन्यबाद प्रकट गर्न चाहन्छु र कृषि क्षेत्रको आधुनिकिकरण, व्यवसायिककरण, यान्त्रिककरण कार्यक्रम, विकास र जमिनमा चक्लाबन्दी विशिष्टिकरणदेखि सहकारी, निजि, सार्वजनिक मात्रै होइन सामूहिक खेती प्रणालीलाई प्रवर्धन गर्ने, एक सहकारी एक नमूना उत्पादन महत्त्वपूर्ण रहेका छन्। गरिवीलाई १४.९ प्रतिशतबाट ७ प्रतिशतमा झार्ने महत्त्वपूर्ण बजेट कार्यक्रम आएको छ र रोजगारी सिर्जना गर्ने, स्थानीय तहमा मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ स्थापना कार्यक्रम, पर्यटनमा ११० पर्यटन गन्तव्यमध्ये प्रत्येक जिल्लामा ४ गन्तव्य छनौट गरी जम्मा ४४ गन्तव्यको पूर्वाधार विकास गर्नको लागि १७ करोड ६० लाख बजेट आएको छ र पदमार्ग उद्यान र भ्यूटावर निर्माण कार्यक्रमका लागि १८ करोड आएको छ। यी कार्यक्रमहरु आफैमा महत्त्वपूर्ण रहेका छन्। आधारभूत खानेपानी एक घर एक धारा र

खानेपानीमा २ अरब २० करोड सिचाइमा २ अरब ९० करोड बजेट आएको छ। यी आफैमा महत्त्वपूर्ण छन्। प्रदेशको राजधानीलाई जिल्ला सदरमुकाम सम्म जोड्ने सडक एक निर्वाचन क्षेत्र एक सडक स्थानीय तहको वडा केन्द्र सम्म जोड्ने यी महत्त्वपूर्ण रहेका छन्। दुई वर्षभित्रमा झोलुङ्गे पुल निर्माण गर्ने गण्डकी प्रदेश उज्यालो प्रदेश र जीर्ण बिजुलीका काठे पोललाई प्रतिस्थापन र सेटलाईट सिटी स्मार्ट लाइसेन्स समयमा नै उपलब्ध गराउने नयाँ हाइटेक वन नर्सरी कुवा तथा पोखरी मर्मत संरक्षण पूर्ण साक्षर प्रदेश घोषणा जिल्ला अस्पताल भवन निर्माण मृगौला पिडित विरामीका लागि जिल्लामा डाइलासिस सेवा उपलव्ध प्रदेशिभत्र जिल्ला अस्पतालको स्तरोन्नति क्षमता अभिवृद्धि औषधी तथा उपकरण खरिद स्वास्थ्य विमा कार्यक्रम र हाइवे मोवाइल अस्पताल एक स्थानीय तह एक खेलमैदान हिंसा प्रभावित पुनर्स्थापना केन्द्र गुनासो सुनुवाइ सम्वोधन गर्न हेलो मुख्यमन्त्री कार्यक्रम जनतासँग मुख्यमन्त्री टेलिभिजन कार्यक्रम, प्रदेश लोकसेवा आयोग गठन सञ्चालन इलाका प्रहरी कार्यालय र प्रहरी चौकी निर्माण र निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम महत्त्वपूर्ण रहेका छन्। यी कार्यक्रमहरुलाई हामीले कार्यान्वयनमा विशेष जोड दिनुपर्ने अहिलेको आवश्यकता रहेको छ र यति महत्त्वपूर्ण कार्यक्रमहरु यी कार्यक्रमहरुलाई आफैमा अति महत्त्वपूर्ण रहेका छन्। आधार वर्षमा प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै आर्थिक सामाजिक र सांस्कृतिक लगायत सबै क्षेत्रको विकास गरी सामाजिक न्याय र समन्यायिक आर्थिक विकासबाट राज्यको लिएको संवृद्ध नेपाल सुखी नेपालीको आकांक्षा पूरा गर्न गण्डकी प्रदेशले यो बजेट महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्ने मैले विश्वास गरेको छु र यति धेरै महत्त्वपूर्ण कार्यक्रम रहदा रहँदै पनि अझै केही थप गर्नुपर्ने सुझावको रुपमा मैले केही कुराहरु राख्न चाहन्छु।

यो नेपाल एकीकरणदेखि हालसम्म भएका महत्त्वपूर्ण राजनीतिक सङ्घर्षमा दलित समुदायको योगदान उच्च रहेको परम्परागत कुसंस्कारका कारण अझै पनि जातिय भेदभाव कायम रहनु यो दुखद हो। आगामी दिनमा समाजमा सबै समुदायलाई आत्मसम्मानका साथ बाच्न पाउने अधिकार आधार तयार गर्ने, जातिय छुवाछुत तथा विभेदमुक्त गराउन कुसंस्कारहरु हटाउने, सचेतनामूलक विशेष अभियानहरु सञ्चालन

गर्नको लागि बजेटले अझै प्राथमिकता पाउनु पर्छ कि। म सुनिरहेको छु धेरै चाहि यो अनुत्पादक र अनावश्यक खर्च हुन्छ बुँदा नं ११ मा भनिएको छ यो कुन आधारमा कसलाई अनुत्पादक र कसलाई अनावश्यक भन्ने कुरा म अलि अन्योलमा परेको छु किनकि धेरै जसो सामाजिक क्षेत्र अति महत्त्वपूर्ण हुन्छ त्यसलाई हामीले अनुत्पादक क्षेत्र भनिरहेका छौँ त्यसैले यो नयाँ प्रविधि र विकाससँगै समाजमा बढ्दै गइरहेको आत्महत्या जस्तो जगन्य अपराध यो अपराधलाई अध्ययन अनुसन्धान र समस्या समाधानतर्फ लाग्नुपर्ने देखिन्छ। लोककल्याणकारी राज्यले ठूला पूर्वाधार मात्र होइन आम जनताको आवश्यकता सुकुम्वासी समस्या समाधान जमिन  स्वामित्व र आवास सुविधा र प्राकृतिक श्रोत साधन उपभोगमा लाभ लिने कुरा आज ३ पुस्ता एउटै घर र कोठामा सिमित रहेको पाउँछौँ। यी यस्ता समस्या समाधान बजेटले सम्वोधन गर्नुपर्ने अझै केही चाहि थप गर्नुपर्ने  अझै केही गर्नपर्ने धेरै केही विग्रिसकेको छैन। हामी अझै यस्ता कुराहरु बजेटमा थप गरेर सम्बोधन गरेर जान सकिन्छ। आम जनताको आशा र भरोषाको वर्तमान सरकारले दलित तथा सिमान्तकृत समुदायको पक्षमा बजेटलाई विकास र संवृद्धिको पहिलो हकदार पनि यिनै समुदायलाई बनाउने कुरामा आशा र विश्वास गर्न चाहन्छु र यहाँ धेरै प्रतिपक्षका माननीयहरुले पनि त्यही कुरा उठाउनुभएको छ। आमाले छोरीलाई लुकाएर दिएको कोसेली जुन यो कुराले समग्र महिलाहरुको आत्मसम्मानमा ठेस पुऱ्याएको छ। के महिलाहरु भष्टाचारी नै हुन् ? भन्ने कुरा संकेत गर्न खोज्नुभएको त होइन होला पक्कै पनि मैले यतातिर ध्यानाकर्षण गर्न चाह र यो सामाजिक सुरक्षा र महिला शसक्तिकरणमा त्यहाँ चाहि यो २५ बुँदा मेल खाएन कि यो बुँदा अति महत्त्वपूर्ण हो तर त्यो शीर्षकमा मेल खाएन कि (माननीय सभामुख :माननीय सदस्य समय सकियो) त्यो बुँदा महत्त्वपूर्ण छ तर त्यो औद्योगिक क्षेत्रभित्र त्यो बुँदा मेल खाएन कि भन्ने कुरा राख्दै पुन: म यो बजेट म र मेरो पार्टीको तर्फबाट पूर्ण समर्थन गर्दै मेरो भनाइहरु यही अन्त्य गर्दछु। हस्त धन्यबाद । नमस्कार।

## माननीय सभामुख

माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय सरिता गुरुङ

माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को बजेट बक्तव्य पछि हामी हिजोदेखि यो सैद्धान्तिक छलफलमा लागिराखेका छौँ र यो बजेटले माननीय सभामुखज्यू धेरै क्षेत्रहरु समेटेको जस्तो देखिन्छ। जस्तै पूर्वाधार विकास, पर्यटक क्षेत्र एकीकृत विकास, कृषि क्षेत्र ,औद्योगिक क्षेत्रमा आधुनिकिकरण र स्वास्थ्य ,शिक्षा सामाजिक, जलश्रोत, नवीकरणीय ऊर्जा, मानव संशोधन र सुशासन जस्ता कुराहरु यसमा समेटिएको छ र यसरी समेटिरहँदाखेरि यो पक्कै पनि हामी मानव जीवनको लागि यो नभइ नहुने आधारभूत विकासका आधारभूत आवश्यकताहरु हुन् तर योलाई कसरी कार्यान्वन हुन्छ र यो कार्यान्वन गर्ने चरणहरु के के हुन् भन्ने कुरा हामी हेर्न बाँकी नै छ। मलाई लाग्छ यो विकास यो बुँदाहरुलाई कार्यान्वन गर्दा पक्कै पनि समावेशी र समानुपातिक ढङ्गले यसलाई गर्न सकेन भने अगाडि बढ्न सकेन भने यसमा पक्कै पनि दिगोपन र पारर्दशिता हुने छैन भन्ने मलाई लागिरहेको छ किनभने यसलाई दिगोपन र पारर्दशिता गराउनको लागि यहाँ अन्य कुराहरु पनि पुऱ्यानुपर्ने हुन्थ्यो किनभने यसमा जे जति जस्तो पूर्वाधारमा चाहि राम्रै बजेटहरु छुट्टियएको भएता पनि शिक्षामा र स्वास्थ्यमा यो चाहि मानिसको लागि मेरुदण्ड जस्तो स्वास्थ्य भए नै जीवन रहने हो र सामाजिक विकासका कुराहरुमा यसमा चाहि अलि कमी देखिएको छ र यसमा कसरी कार्यान्वन हुन्छ भन्ने यो पछिल्लो दिनमा नै देखिने छ र यसमा बढी बोलिराख्न पर्ने मैले आवश्यता ठानेको छैन।मात्रै मैले माननीय सभामुख, एउटा कुरा के भन्न लागिरहेको छ भने हिजोदेखि भने हाम्रो यो हिउँदे अधिवेसन समापन हुने दिनमा हाम्रो माननीय मुख्यमन्त्रीज्यूले चाहि यो गतवर्षको जस्तो हुँदैन यो आर्थिक वर्ष सबैलाई चित्त बुझाउँछु । सबैलाई खालि हात पठाउँदैन। संघले गरेको ५० प्रतिशत चाहि प्रदेशमा हुनेछ भनेर उहाँले त्यो समापनको दिनमा बक्तव्य दिनुभएको र मुख्यमन्त्रीज्यू चाहि हामी सबैको साझा व्यक्ति हामी सबैको एउटा आस्थाको धरोहर उहाँले बोलेको कुरा चाहि पक्कै पनि पुग्छ भन्ने हामीले विश्वास गरेका थियौँ तर त्यति हुँदा हुँदा पनि यो बुझेन किन हो ? राजनीतिलाई सबैले यसरी अलि हिनताबोध गरेका छन् जनताले। समुदायमा जाँदाखेरि

राजनीति ठीक हो भनेर थोरै मात्र भेटिन्छ। सेभेन्टी प्रतिशतले राजनीति झुटको खेती हो यो फटाहा हो यो चोर हो भन्ने हामीले सुनिन्छ किनभने हुन पनि हामीले जे जति बोलन्छ त्यसलाई हामीले व्यवहारमा कार्यान्वयन गर्दैनौँ त्यसैले जवसम्म हामी हाम्रो बानी व्यवहारमा सुधार आउँदैन तवसम्म हाम्रो राजनीतिले सकारात्मक रुप लिन गारो हुन्छ र राजनीति हाक्ने नेतृत्वलाई गारो हुन्छ त्यसैले हामीले बोलिसकेको कुरालाई पूरा गर्नुपर्छ भन्ने मेरो अनुरोध हो र एउटा कुरा के हो भने यो अहिले नेपालमा गणतन्त्र आइसकेको छ किनभने यो विकेन्दीकरण होइन यो संघीयता हो। जनताले संघीयताको अनुभव अनुभूति गर्न पाउनुपर्छ। केन्द्रले जे गर्‍यो त्यही गर्नुपर्छ भन्ने उहाँको मान्यतालाई नै कार्यान्वन त्यो कपी भयो। हामी टाढा पनि नजाउ प्रदेश नं ५ हाम्रो छिमेकी प्रदेश  प्रदेश नं १ हामी भन्दा अलि टाढाको प्रदेश प्रदेश नं ३ हाम्रो छिमेकी प्रदेश। ती प्रदेशहरुको बजेट हेर्दाखेरि जति हेर्‍यो उति हेर्न मन लाग्ने जति पढ्यो त्यति पढ्न मन लाग्ने कहिल्यै पनि नअघाउने ति सबैलाई सम्मान छ। सबैको आत्मसम्मान गरेको छ। यहाँ चाहि हो विकासका पूर्वाधारमा बजेटहरु आएको छ। राम्रो छ कार्यान्वयन हुँदै छ मलाई लाग्छ यसलाई शुभकामना दिन चाहन्छु। यो कार्यान्वयन होस् किनभने यो प्रदेशका जनता सुखी नेपाली संमृद्ध प्रदेश बनोस् तर त्यो चाहि सबैको आत्मसम्मान नभइसकेपछि यसमा कति दिगोपन होला यसलाई कत्तिको सफल होला किनकि मान्छेको मन सबैलाई सम्मान हुँदाखेरि कसैले डिसकरेज गर्ने कसैलाई इनकरेज गर्दा यसको क्याटगोरी छुट्याएको छ। यसको स्थान फरक परेको छ यसमा पनि विशेष ध्यान जाओस् यो पनि म यो ऐतिहासिक सभाबाट सभामुख मार्फत अनुरोध गर्न चाहन्छु र अर्को म असाध्यै कनफ्यूज भएँ। यो हाम्रो माननीय मन्त्रीज्यूको बक्तव्यपछि त्यहाँ हेर्दाखेरि मैले चाहि पटक पटक हेरेँ माननीय ज्यूहरुले बुँदा नं १२५ भन्नुहुन्छ मैले हेरेकोमा १२३ छ। त्यसमा चाहि सामाजिक सुरक्षा र महिला सशक्तिकरणको कुराहरु छन् र त्यो सामाजिक सुरक्षा र महिला सशक्तिकरणलाई हेर्दाखेरि मलाई ती टपिक्स हेर्दाखेरि ती शीर्षक हेर्दाखेरि जहिले पनि रोष्टममा उभिएर मैले हेर्दाखेरि महिलावादी जस्तो देखिने प्रदेश सरकारमा सुनुवाई भएछ कि भन्ने मलाई विश्वास लागेको थियो। हेर्दै जादाखेरि ६ वटा जिल्लामा महिला हिंसा

प्रभावित महिलाको लागि पुर्नस्थापना केन्द्र र सडक बालबालिकाका लागि पुर्नस्थापना केन्द्र भन्ने मलाई थाहा छैन।मैले बुझिनँ कि अझै बुझाउन बाँकी छ कि । पुर्नस्थापना केन्द्रले महिलालाई एउटा महिला होस् वा बालबालिका होस् एउटा असहायलाई बेसहारा र हिंसापिडितलाई पुर्नस्थापित गर्ने हो एउटा सर्पोट गर्ने हो एउटा बास दिने हो सिमित समयका लागि सिमित दिनका लागि तर त्यसले चाहि महिला सशक्तिकरणमा टेवा पुऱ्याउछ भन्ने मलाई लाग्दैन। हामी महिलाहरु अहिले २१ औ शताब्दीको महिलाहरु अलिकति फराकिलो र अलिकति पेचिलो ढङ्गले जान हामी खोजिराखेका छौं। हाम्रो नारा छ हामीले भनिराखेका छौ हामी हिंसा गर्दैनौ हिंसा सहँदैनौ। हिंसा गर्नेलाई प्रतिकार गर्छौं भन्ने बेलामा त्यो समयमा आएर पुर्नस्थापना केन्द्रलाई अलिकति प्रसय दिने कि। हो त्यस्तो विचल्लीमा परेकालाई प्रसय दिन पर्छ तर महिला सशक्तिकरणको लागि त महिलामुखी कार्यक्रमहरु आउन पऱ्यो। महिलामैत्री कार्यक्रमहरु आउन पऱ्यो। महिलाको दक्षता र क्षमता अनुसारको तालिमहरु दिन पऱ्यो। अभिमुखीकरण कार्यक्रमहरु ल्याउन पऱ्यो। अवलोकन भ्रमणहरु गर्न पऱ्यो। त्यसको लागि बजेट छुट्टिन पऱ्यो। महिला सशक्तिकरण महिलालाई इनपाउर गर्नको लागि आय आर्जन, आर्थिक संवृद्धि गराउनको लागि किनभने अब महिलाहरु सँधै हो हामीलाई संविधानमा व्यवस्था भइसकेको छ ३३ परसेन्ट महिलाहरुलाई हुनुपर्छ। हामी पनि समानुपातिक प्रणालीबाट आएर नै अहिले यहाँ २ वटा क्याटगोरीमा अहिले सहिराख्नुपरेको छ र हाम्रो आत्मसम्मान भइराखेको छैन तर समानुपातिकमा महिलाहरु मात्र हुनुहुन्न पुरुष माननीयहरु पनि हुनुहुन्छ तैपनि त्यति हुँदा हुँदै पनि हामी महिलाहरु सँधै सिमप्याथी रुचाउन चाहँदैन। हामीलाई पनि महिलालाई अवसरको खोजी गरिराखेको छ। महिला सशक्तिकरणको लागि महिला इमपावर गर्नको लागि एउटा बजेट छुट्टिओस् र अब पनि महिलाहरुलाई एउटा सशक्तिकरण भन्ने शीर्षक राख्ने तर पुर्नस्थापनामा लगेर कोच्ने पुर्नस्थापनामा लगेर राख्नुपर्छ भन्ने यो बजेटमा नआओस् र महिलामुखी महिला सशक्तिकरण महिलामैत्री बजेट छुट्याउन पर्छ भन्ने यो प्रदेश सभा मार्फत अनुरोध गर्दै बिदा हुन्छु । धन्यबाद । जयनेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री इन्द्रधारा डादु विष्टलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय इन्द्रधारा डादु विष्ट

सभामुख महोदय, आज हामी यस गरिमामय सदनमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्यूले मिति २०७६ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७६ /०७७ को वार्षिक बजेटमाथि छलफलको क्रममा छौँ। सभामुखज्यू, मलाई के लाग्छ भने आर्थिक वर्ष २०७६ /०७७ को बजेट बक्तव्यको अनुसुची बाहेक झन्डै २५ पृष्ठ तथा १५५ बुँदा सरसर्ती पढ्दा अति मेहनत, लगनशील, उच्च सुझबुझका साथ र समानुपातिक हिसावले बजेट बक्तव्य ल्याउनुभएको छ। त्यसका लागि माननीय मन्त्रीज्यूहरु, प्रदेश योजना आयोग, मुख्य सचिव एवं सचिवज्यूहरु र सहकर्मी सम्पूर्ण कर्मचारी साथीहरुलाई आफ्नो तर्फबाट हार्दिक आभार तथा धन्यबाद व्यक्त गर्न चाहन्छु। सभामुख महोदय, यो बजेट बक्तव्यको विषयमा धैरै बोलिराख्नु पर्छ जस्तो मलाई लाग्दैन। किनकि यो बजेट बक्तव्यको बुँदा नं १७ र १८ को क देखि छ सम्म २ वटा बुँदाको नीति कार्यक्रम तर्जुमाको प्रदेशका संरचनाको तर्जुमा गर्न उत्पादन र उत्पादनमुखी सबल अर्थतन्त्र निर्माण गर्न, रोजगारीको अवसर सृजना गरी गरिवी न्यूनीकरण गर्नु, पूर्वाधार विकासमा समन्यायिक तथा सन्तुलित लगानी गर्नु संघीयताको लाभ समावेशी न्यायोचित वितरण गर्नु, आन्तरिक श्रोतको अधिकतम परिचालन तथा व्यवस्थापन गर्नु संस्थागत क्षमता अभिवृद्धि गरी सुशासनको प्रवन्ध गर्नु, पूर्वाधार विकास, पर्यटन क्षेत्रको एकीकृत विकास, कृषि क्षेत्रको आधुनिकिकरण, जलश्रोतको बहुआयामिक उपयोग तथा नवीकरणीय ऊर्जाको विकास, उत्पादनमूलक उद्योग क्षेत्रको विकास, स्वास्थ्य शिक्षा र सामाजिक सुरक्षाको ग्यारेन्टी, मानव संसाधनको विकास र प्रत्याभूतिले प्रष्ट पारिसकेको छ कि यो कति महत्त्वपूर्ण र प्रभावकारी छ भन्ने कुरा त्यस अर्थमा पनि मेरो र मेरो दलको तर्फबाट पूर्ण समर्थन रहेको जानकारी गराउँछु।

सभामुखज्यू, तर कही कतै विपक्षका माननीय साथीहरुको कुरा सुन्दा निर्वाचित माननीय र समानुपातिक माननीयज्यूहरुको विचमा भेदभाव भयो भन्नुहुन्छ। मलाई के लाग्छ भने सिधै यहाँहरुको नजर ३६ दुना ७२ करोडमा मात्रै गर्नुभयो कि तर बुँदा नं १३८ राम्रोसँग पढ्नुभएन कि जस्तो लाग्छ तर बुँदा नं १३८ लाई राम्रोसँग अध्ययन गर्नभयो भने मलाई के लाग्छ भने सत्तामा त के भेदभावको गन्ध पनि आएको महसुस हुँदैन। त्यो बुँदाले प्रष्ट रुपमा के भनेको छ भने निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम सञ्चालन गर्न भने त्यसैले हामी ५९ जना माननीय गण्डकी प्रदेशको ३६ वटा नै निर्वाचन क्षेत्र भित्रकै हौ र छौ ।सभामुख महोदय, त्यही विषयवस्तुलाई उल्लेख गर्दै कोही माननीय साथीहरुले सत्ता पक्षको माननीयहरुलाई हेर्दा माया लाग्छ खालका विषयहरुको रोष्टमबाट उठाउँदै गर्दा मलाई त हाँसो लागेको थियो र हाँस्दा हाँस्दा कसले भन्यो त्यो त भुलेछु। खायर ,एकलाई जिम्वालसाथ हुनुभन्दा जनमानसको विचमा कटुवाल हुनु ठिक छ जस्तो मलाई लाग्छ र दया र मायाको कुरा त परै जाओस्। सभामुखज्यू अन्त्यमा यो बजेट बक्तव्य अति राम्रो र अति सुन्दर छ। अझै यसमा आफ्नो क्षेत्र अधिकारभित्र नभएपनि कोरला नाकालाई थोरै भए पनि समेटिएको भए सुनमाथि सुगन्ध हुन्थ्यो कि र प्रदेशले बजाएको ढ्याङ्ग्रोले संघीय सरकारलाई बिउझाउने काम गर्थ्यो कि भन्दै आफ्नो र पार्टीको साथ र समर्थन जनाउँदै बिदा हुन्छु। धन्यबाद । नमस्कार।

## माननीय सभामुख

माननीय सदस्य श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय कृष्ण बहादुर थापा

माननीय सभामुख ज्यू, आज हामी यो गरिमामय सबै हाम्रो यो सदस्यहरुको सम्मानित सदनमा आर्थिक वर्ष २०७६ /०७७ को बजेट जुन १ गते प्रस्तुत भएको थियो र आज हामी त्यसको बारेमा छलफल गर्दै चाहि छौँ र अहिले मलाई यो सदनमा उभिएर धेरै सम्मानित सभासदहरुको विचारहरु सुनिरहँदा धेरै राम्रा गहन विचारहरु आएका चाहि छन् र यो पुस्तिका आर्थिक वर्ष २०७६ /०७७ को बजेट बक्तव्य जुन हाम्रो माझमा आएको छ र यो केवल किताव र लेखिएका काला अक्षर नभएर यसले सिंगो गण्डकी प्रदेशका २५ लाख

भन्दा बढी हाम्रा सम्मानित नागरिकहरु र हाम्रो भूगोल र सिंगो प्रदेशको विकासको खाका मात्र कोरेको होइन यसले आगामी दिनमा गण्डकी प्रदेश साच्चिकै नेपालको सन्दर्भमा अरु ७ वटा प्रदेश भन्दा धैरै एउटा उदाउँदो प्रदेशको रुपमा अगाडि बढिरहेको छ भन्ने त्यो एउटा लक्षण हामीले महसुस गरिरहेका छौ। सभामुख महोदय, र आज हामी सम्मानित सभामा आइरहँदा हामीले विगतलाई भुल्नुहुँदैन, इतिहासलाई भुल्नुहुँदैन र इतिहासका ती हरेक मोडहरुलाई हामीले सम्मान गर्न जरुरी छ। आज हामी यहाँ कसरी आयौ ? हामी यो सम्मानित सभामा आफ्ना विचारहरु कसरी राख्न पाइरहेका चाहि छौ ? र नेपालको इतिहासमा पहिलोपटक हामी यो सम्मानित सभाका संस्थापक गण्डकी प्रदेशका सभासद् कसरी भयौ ? त्यो सबै हाम्रा अग्रजहरुको त्याग, बलिदान र नेपालका हरेक आन्दोलनमा हाम्रो आदरणीय सहीदहरुले गरेको बलिदान, त्याग, तपस्या, जेल, नेल, यातना सहितका त्यो सबै दृश्यहरुलाई हामीले सम्झन जरुरी छ। म ती सम्पूर्ण सहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्न चाहन्छु र म त्यो प्रतिवद्धता पनि व्यक्त गर्न चाहन्छु ती सहिदहरुका अपूरा सपना पूरा गर्ने हाम्रो काँधमा त्यो कार्यभार आएको चाहि छ र हामीले पूरा गर्नुपर्छ भन्ने मलाई विश्वास लागेको छ। सभामुख महोदय, र अहिले हाम्रा तत्कालिन कार्यभारहरु हामी सबै सभासद्हरुको कार्य हाम्रो त्यो कसरी रक्षा गर्ने यो संघीयतालाई छिटो भन्दा छिटो कसरी जनताको विचमा लाने यो हाम्रा तत्कालिन काम दैनिकी काम चाहि छ। मलाई लाग्छ हामी सबै त्यसमा सजगतापूर्वक लागिरहेका चाहि छौ र अझै थप जिम्मेवारीका साथ लाग्नुपर्ने आवश्यकता छ।

सभामुख महोदय, माननीय सभासद्ज्यूहरु, हामी सबैलाई थाहा छ यो प्रदेश सभा अघि हाम्रा एक सम्मानित सभासद्ले भन्दैहुनुहुन्थ्यो हामी १६ महिनामा लाग्यौँ। १६ महिना भनेको कति समय हो ? एउटा जन्मेको बच्चा मन्टेश्वरीमा जानको लागि २ वर्ष पार गर्नुपर्छ। २ वर्ष पछि बल्ल ऊ मन्टेश्वरीमा जान्छ। त्यसपछि क्रमशः अब एल.केजी. , अपर केजी, अझै क्लास वानमा जाँदा त करिव करिव ४/५ वर्षै लाग्छ। त्यसोभएको हुँदा हामी सबैलाई लाग्न सक्छ अहिले नै सबै कुरा भइदिए हुन्थ्यो। अहिले हामीले चाहँदैमा हाम्रो देश हाम्रो प्रदेश अरु विकसित देशका सहर जस्तो तत्कालिन रातारात परिवर्तन हुन

सक्दैन तर हाम्रो इच्छा आकांक्षा उद्धेश्य त्यसतर्फ लक्षित छ। मलाई लाग्छ हाम्रो बजेटले पनि यो कुरामा केन्द्रीत चाहि गरेको छ। तसर्थ माननीय मुख्यमन्त्रीज्यू, सभामुखज्यू, उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरु सबैले प्रतिपक्ष दलको नेताज्यू सबैले यो १६ महिना पनि नपुगेको मन्टेश्वरीमा पनि भर्ना नभइसकेको बच्चारुपी यो प्रदेश सभालाई जसरी एउटा कुशल आमाले आफ्नो बच्चालाई हुर्काएर राम्रो सुसंस्कार दिएर अगाडि बढाउँछ र आगामी दिनमा छिटो भन्दा छिटो त्यसतर्फ लाने जुन जमर्को गरिराख्नुभएको छ त्यसका लागि उहाँहरुलाई धन्यबाद व्यक्त गर्न चाहन्छु र विश्वास व्यक्त गर्न चाहि चाहन्छु। सभामुख महोदय, आज चाहि अलिकति कार्यनीति फेरिएको जस्तो लाग्छ प्रतिपक्ष साथीहरुको बोल्ने कार्यनीति तर हिजोसम्मको कार्यनीति एकदमै राम्रै जस्तो देख्याथे है मैले। बजेट पक्षमा राम्रै राम्रै समर्थन सबैले गर्नुभाछ। जति समर्थन गर्नुभयो त्यसका लागि प्रतिपक्ष साथीहरुलाई धेरै धेरै धन्यबाद व्यक्त गर्न चाहन्छु तर आज भने अलिकति थोरै गडबड जस्तो देखिएको छ र साँच्चि हाम्रो यहाँ प्रस्तुत भएको २०७६ /०७७ को बजेटले केही दिएको छैन हामी सबैले छातीमा हात राखेर भगवान् प्रति हामी सबैले धेरै थोरै विश्वास गर्‍छौ होला उहाँलाई पनि सम्झिएर दुनियाँलाई हामीले ढाँटेपनि आफूले आफूलाई त ढाँट्न सक्दैनौ होला। नढाँटिकन यहाँ हामी बोलौँ। केही दिएको छैन। त्यस्तो होइन सभामुख महोदय। यसले धेरै धेरै कुरा दिएको छ। मैले नीति कार्यक्रममा पनि भनेको थिएँ। लोमान्थाङको शिरदेखि त्रिवेणीको तिर सम्म नीति कार्यक्रमले छोएको छ भनेको थिएँ र यो बजेटले पनि आज सबै हाम्रो प्रदेशको सबै क्षेत्रको भूगोल जाति भाषा संस्कृति सबै समुदाय सबै सबैलाई यो बजेटले समेटेको छ।र सबैभन्दा यो के विषय भनेको त बजेटले प्रदेशको संवृद्धिको जग तथा समाजवाद उन्मुख अर्थतन्त्रको आधार मानिएको छ त्यो नै महत्त्वपूर्ण विषय हो र हाम्रो राजधानीलाई हामीले छलफलको क्रममा हामीले सुझाव दिन बोलाउनुभएको थियो मन्त्रीज्यूले अर्थमन्त्रीज्यूले। त्यहाँ पनि हामीले भनेका थियौ उहाँले पनि आफ्नो सुझाव राख्नुभयो। राजधानीलाई एउटा मोडल क्यापिटल प्रोजेक्टको रुपमा अबको बजेटमा व्यवस्था गर्नुस है। त्यहाँ वरिपरिका साना सहरहरुलाई सेटलाईट सिटीको रुपमा विकास गर्दै भोलि गएर मेगा सिटीको रुपमा

यसलाई भनेर जुन सुझावहरु दिएका चाहि थियौ | आज हामीले दिएका सुझाव अन्तर्गत यहाँ चाहि वास्तवमा हाम्रो यो बजेटमा ती कुराहरु चाहि समेटिएका छन् र बजेटमा करोड /करोड ,अरव /अरव, पैसा चाहि राखिएको छ। त्यसलाई त हामी भुल्नुहुँदैन होला भन्ने चाहि मलाई लाग्छ र त्यसको साथसाथै प्रदेशलाई विशेष गरेर हाम्रो कृषि, पर्यटन, शिक्षा, स्वास्थ्यलाई केन्द्रमा राखेर आफ्नै प्रदेशको विश्वविद्यालय चाहि खोल्ने, अत्याधुनिक अस्पतालहरु खोल्ने, दशौ हजारको संख्यामा रोजगारीको अवसर सृजना गर्ने र प्रदेशका जनताहरुको छिटो भन्दा छिटो स्तरवृद्धि गर्ने र हाम्रो पर क्यापिटाहरु बढाउने, नयाँ रोजगारीका संभावनाहरुलाई खोज्ने। त्यतिमात्र होइन स्थानीय तहलाई सँगसँगै अगाडि बढाएर बजेटको उचित व्यवस्था चाहि गर्ने ती सबै कामहरु यो बजेटले गरेको छैन र सभामुख महोदय ? तपाई हामी सबैले देखेका छौ सुनेका छौ देखेका छौ। त्यो सबै काम यो बजेटले गरेको चाहि छ र त्यतिमात्रै होइन यसले भौतिक पूर्वाधारलाई प्राथमिकतामा राखेर धेरै विकास निर्माणका योजनाहरु गरेको छ। स्वास्थ्य, कृषि, पर्यटन, वातावरण मात्रै होइन एउटा भौतिक विकास मात्र नभइ मानव संसाधनको विकासमा धरी बजेटले प्राथमिकतामा राखेको छ र यो बजेट बालमैत्री मात्रै होइन युवा महिला र सबै क्षेत्र तहका जनताको एक खालको हितको लागि त्यो मैत्री बजेट छ। त्यतिमात्रै होइन सभामुख महोदय, यहाँ उपस्थित हुनुहुने सम्पूर्ण सभासद्हरुको हितमा यो बजेट अझै थप सभासद्मैत्री पनि बनेको छ २०७६/०७७ को बजेट त्यो कुरालाई त हामीले भुल्नुहुँदैन होला नि। तसर्थ यो बजेट हरेक हिसावले उपयुक्त चाहि छ। हामीले चाहेको तपाई हामीले चाहेको बनाएको संविधानलाई एक खालको कार्यान्यन गर्न यो बजेटले आफ्ना सबै बजेटमा व्यवस्था गरेको छ। तसर्थ म मेरो आफ्नो व्यक्तिगत सभासद्को हैसियतले र म आवद्ध पार्टी नेपाल कम्युनिष्ट पार्टीको तर्फबाट यो बजेटलाई दुबै हात उठाएर म हार्दिक समर्थन गरेको कुरा पनि जाहेर गर्न चाहन्छु सभामुख महोदय। आज बिहान सभामुख महोदय, आज बिहान घडी हेर्दा ठ्याक्क समय ६ बजेर ४५ मिनेट गएको चाहि थियो। अब यो मेरो घडीमा दक्षिण कोरियाको साथीले दिएको। यो घडी कस्तो छ त मलाई थाहा छैन तर यहाँ भित्र हेरेको यहाँ नेक्सनल एसेम्बली लेखेको रहेछ। भोलि पर्सी हामीले पनि यस्तै

प्रोभिन्स एसेम्वली लेखेको घडी लगाउन पाएम भने राम्रै हुन्छ। त्यो ६:४५ को घटनाको कुरा गर्दा प्रतिपक्षको रोमा बस्ने सबैभन्दा अन्तिम बेन्चमा। म यहाँ बोलिरहेको साइडबाट हेर्दाखेरि देव्रे साइडमा एकदम सम्मानित हाम्रो असाध्यै मिल्ने अनन्य मित्र सभासद्ले ट्याक्क त्यहाँ भन्नुभयो एभिन्यूज टेलिभिजनमा। हिजो टाउकाको मूल्य तोकियो आज यो गण्डकी प्रदेशको यो बजेटले हामी सभासद्हरुको मूल्य २ करोड तोकेको छ भनेर भन्नुभयो। आज विहान ६ बजेर ४५ मिनेट जाँदाको यो कुरा। मेरो मनमा यस्तो चसक्क भयो। मैले नै हिजो दृश्य देख्याथे सबै गएर अर्थमन्त्रीज्यू, मुख्यमन्त्रीज्यू, मन्त्रीज्यूहरु सबै सर्वदलीय बसेर अबको बजेटमा सबै प्रदेशले प्रदेश विकास कार्यक्रम राखे है अरुहरुले हामीले पनि राख्नपर्छ है भनेर भन्या हैन र ? आज फेरि राख्नुभयो। त्यो कसरी टाउकाको मुल्य तोकेको हुन्छ सभामुख महोदय ? यो हामी सबै सभासद्को लागि यो लज्जाको विषय होइन र । त्यसो भएको हुनाले हामीले यो बजेट हामी सबैको देशप्रतिको जवाफदेहीता छ। हाम्रो अपनत्व चाहि छ। यो सदन यो गौरवशाली यहाँ बोलिरहेका बोलीहरु यो फगत त्यत्तिकै बोलेका होइनन्। यसको मर्यादालाई हरहमेसा ख्याल गर्नुहुन पनि म हार्दिक अनुरोध गर्न चाहन्छु। यो बजेटसँग सम्बन्धित विषय भएको हुनाले मैले यो कुरा पनि जोड्न चाहेँ सभामुख महोदय र बजेट बास्तवमा वितरणमुखी छैन। यो समाजवादको लक्ष्यमुखी छ। सुखी नेपाली संमृद्ध नेपालको लक्ष्यमुखी छ। विकासमुखी छ र वास्तविकतामा आधारित यो बजेट छ। अब शायद हाम्रो अर्थमन्त्रीको नाम किरण गुरुङ किरण गुरुङ भन्नी यहाँहरुलाई लाग्या होला। उहाँको बास्तविक नाम विष्णुराम गुरुङ हो। त्यसोभएको हुनाले यो बजेटका कुना काप्चा कतै अपुग पुगेन कही कतै भएन भने पनि त्यो गजेन्द्र मोक्ष धाममा गजेन्द्र हात्तीलाई गोहीलाई खाएर त्यहाँ आपत् विपत् परेर त्यहाँबाट विष्णु आएर ( मा.सभामुखः माननीय सदस्य समय सकियो) निकालेको जस्तै भोलि कतै आपत् विपत् पर्‍यो भने पनि हाम्रो सक्कली विष्णुरामले त्यो व्यवस्था पनि गर्नुहुनेछ मैले विश्वास लिएको छु सभामुख महोदय र यसका केही चुनौतीहरु छन्। केही चुनौती चाहि छन् है बजेटका। यो बारेमा हामी सबैले कर्मचारीहरुको पनि समस्या हुन सक्छ। सबैले  तपाईको काँधमा जिम्मेवारी लिन पर्‍यो। दिमागमा समझदारी हुन

पऱ्यो। ( मा.सभामुखः समय सकियो माननीय) समझदारी लिएर काम गर्ने वातावरण बढ्ने छ। जनपक्षीय शैली र दृढ इच्छाशक्ति भएको नेतृत्व हुनेछ। एक खालको टेक्नोलोजिले चाहि एकदमै भरिपूर्ण हामीसँग व्यवस्थापन हुनेछ सुशासनयुक्त प्रशासन र कार्यशैली हुनेछ र त्यसको साथसाथै सबैको संयुक्त जवाफदायिता हुनेछ र जिरो लगानीमा पनि आम्दानी गर्न सकिन्छ भन्ने एउटा नयाँ कन्सेप्ट पनि हामीले विकास गर्न सक्नेछौ ती कामहरु गर्दै गयौ भने मलाई लाग्छ अबको १ वर्ष पछाडि धेरै उपलब्धिहरु हासिल गर्न सक्नेछौं। ( मा.सभामुखः समय सकियो माननीय) बजेट पूर्ण रुपमा कार्यान्वन हुनेछ भन्ने विश्वासका साथ यो प्रति पूर्ण समर्थन गर्दै बिदा हुन चाहन्छु। धन्यबाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री दोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय दोबाटे विश्वकर्मा**

माननीय सभामुखज्यू, आज हामी आर्थिक वर्ष २०७६ / ०७७ को बजेट बक्तव्य असार १ गते आर्थिक मामिला मन्त्रीज्यूले प्रस्तुत गर्नुभयो र त्यही सन्दर्भमा छलफलमा आज हामी सहभागी भएका छौँ। मलाई कताबाट सुरु गरौ भनेर मैले बडो अप्ठेरोमा परेको अनुभूति भएको छ। म कन्फूयुज भएको छु कि सत्ता पक्षका माननीयहरु कन्फूयुज हुनुभयो मैले बुझिनँ। यो बजेट बक्तव्यलाई नराम्रो भनेकै छैन। यसलाई अझै राम्रो बनाउनु पऱ्यो भन्ने मात्र कुरा हो भन्ने मलाई लाग्छ। हामीले भन्न  खोजेको त्यो मात्र हो। यसलाई अझै राम्रो बनाऔँ भनेको हो र अर्को कुरा यहाँ केही कुराहरु उठ्यो। प्रतिपक्ष दलका माननीयज्यूहरुले सत्तापक्षका माननीयहरुलाई विचरा भन्नुभएको होइन। हाम्रा दलीय हाम्रो दलीय सिस्टममा के हो भन्दा सत्तापक्षीय माननीयज्यूहरुलाई आफ्ना बाध्यता छ बोल्ने अप्ठ्यारो छ उहाँहरु अप्ठ्यारोमा पर्नुभयो कि भन्ने कुराले मात्र भन्नुभयो कि जस्तो लाग्छ। विचरा भनेको हो जस्तो मलाई लाग्दैन त्यसकारणले गर्दाखेरि त्यसरी नबुझिदिनुहुनका लागि पनि म आग्रह गर्न चाहन्छु र यो गतसालको बजेट र अहिलेको बजेट सन्दर्भमा म थोरै कुराहरु

राख्न चाहन्छु। गतसालको बजेटमा पनि हामीले केही कुराहरु राखेका थियौँ। यो बजेट जसरी आएको छ कार्यान्वन हुन्छ कि हुँदैन कार्यान्वनमा कसरी जाला त्यो बेलामा पनि हामीलाई चिन्ता र चासो भएको थियो। त्यो विषयलाई हिउँदे अधिवेशन सम्पन्न गर्ने सन्दर्भमा माननीय मुख्यमन्त्रीज्यूले स्वयम आफैले भन्नुभएको छ कि हाम्रो यो प्रदेशको संयन्त्र प्रदेश सरकारले जति अपेक्षा गऱ्यो त्यो कामहरु गर्न सकेन यसले गर्दा हाम्रो कमजोरी भयो भन्नुभएको छ त्यसले गर्दाखेरिमा जतिसुकै माननीयज्यूहरुले एकदमै राम्रो भने पनि त्यो भयो कि भएन त्यो मुख्यमन्त्रीज्यूकै भनाइले त्यसलाई पुष्टि गर्छ भन्ने मलाई लाग्छ। त्यसले गर्दा हामीले जतिसुकै कुरा गर्न खोजेपनि किन भन्दा आधिकारिक हाम्रो यो प्रदेशको अभिभावक मुख्यमन्त्रीज्यूले भन्या कुरा न आधिकारिक होला भन्ने मलाई लाग्दछ र यो कुरालाई विगतको बजेटकोलाई पनि त्यही आग्रह गर्न चाहन्छु र अहिलेको यो २०७६/०७७ को बजेट छ त्यो बजेटको सन्दर्भमा हामी सबैले यो ठिकै छ भनेकै छौँ नराम्रो भनेका छैनौँ। यसलाई सुधार गऱ्यौ भने माननीयज्यूले के भन्नुभाछ भने यो असाध्यै सुन्दर छ राम्रो छ यो चाहि नम्वरी सुनभन्दा पनि राम्रो छ भन्नुभाछ तर यही सन्दर्भमा हाम्रो अर्थमन्त्रीज्यूले भनिसक्नुभाको छ कि यो सुनको त बनाएको हो तर यसमा थोरै हिरा जोड्न चाहि बाँकी रहेछ है। यो एकदम हतारले गर्दाखेरिमा हिरा जोड्न ढिला भएछ भन्नुभाछ। यसलै काफी पुग्छ कि यो पूर्ण छ कि बाँकी छ भनेर त्यसकारणले गर्दाखेरि हामीले यो नराम्रो भनेका होइनौँ यसलाई अझै सुधारौँ र अझै यो प्रदेशको उन्नति र प्रगति गरौँ भनेको मात्रै हो। यो कुरालाई यसरी बुझ्दाखेरिमा उपयुक्त होला भन्ने मलाई लाग्दछ र मेरो धेरै यसलाई नराम्रो भनेर एकदमै खण्डन गर्ने कुरा होइन कि यसलाई अझ राम्रो सुधारौँ मात्रै भनेको हो। यही कुरा मैले निवेदन गर्न चाहेँ र मैले यहाँ केही कुराहरु बुँदागत रुपमा मेरा सुझावहरु मात्र राख्न चाहन्छु र जुन यो पुल सडकका कुराहरुमा राखिएको छ जुन ८ करोड रुपैया यसमा एउटा एक लाइन बुँदा चाहि कच्चीमा पनि थप्नुपाको भए त हुन्थ्यो भन्ने मेरो सुझाव छ किनभने १ करोड रुपैया भए भने हाम्रा कुनै ठाडा खोल्सा /खोलाहरु कहिले तर्नै नसक्ने खोलाहरुमा एक करोड भयो भने हाम्रा ४ वटा कच्चीहरु बन्ने अवस्थाहरु हुन्छ। एउटा पुल बनाउन

पऱ्यो भने हामीलाई ३/ ४ करोड चाहिन्छ भने यो कच्ची बनाउन हामीले यसलाई एउटा बुँदामा थप्यौ भने त्यसले हामीलाई धेरै विकास निर्माणको कामहरु अगाडि बढाउन सक्छ भन्ने मलाई लाग्दछ र अर्को कुरा यो विद्युतको सम्बन्धमा तनहुँ हाइड्रोसँग मिलेर समन्वय गरेर चाहि तनहुँको दक्षिणी भेगलाई मात्र पनि केही विद्युतको आपूर्ति गर्ने भन्ने खालको अर्थमन्त्रीज्यूले राख्नुभएको छ। यसलाई तनहुँ जिल्लाको सबै भन्दिन पाएको भए हुन्थ्यो कि भन्ने मेरो आग्रह छ किनभने दक्षिणी भेगलाई मात्र भनेर किन छुट्याउन पऱ्यो र ? त्यही कुरा होस् भनेर म आग्रह गर्न चाहन्छु र अर्को यो युवा लक्षित कार्यक्रम छ। यो युवा लक्षित कार्यक्रम यत्रो युवाको झन्डै ३८ प्रतिशत युवाहरुको बाहुल्यता छ। मलाई ठ्याक्कै तथ्याङ्क थाहा भएन। ३८ परसेन्ट हो कि जस्तो लाग्छ। यो ५ करोड रुपैयाले यो युवा लक्षित कार्यक्रमलाई कसरी सम्बोधन गर्ला त्यसकारणले गर्दाखेरिमा यो बजेटमा पनि कम भयो कि भन्ने मलाई लाग्दछ र अर्को यो कुमाल दलितहरुको बजेट छ यसमा चाहि के भन्दाफेरिमा यो परम्परागत सिपहरुलाई यसलाई प्रवर्धन गर्ने भनिएको छ अहिले पनि दलित समुदायलाई छुवाछुत, विभेद, अन्याय, अत्याचार अहिले पनि कति ठाउँमा हामीले मिडियामा आएको छ। अहिले पनि छुवाछुतको कारणले धारा पधेँरा छोएको कारणले अहिले पनि अपमानित हुन परेको अवस्थाहरु छ। यसको न्यूनिकरण गर्नको निम्ति हामीले यो बजेटलाई कमसेकम कार्यक्रमहरु चाहि को लागि पनि बजेट व्यवस्था गर्न पाए हुन्थ्यो भन्ने मलाई लागेको छ र जवसम्म यो निर्वाचन पूर्वाधारको कार्यक्रममा अघि नै पनि कुरा उठ्यो हिउँदे अधिवेसनको समापन समारोहमा मुख्यमन्त्रीज्यूले भन्नुभएको थियो सबै माननीयज्यूहरुलाई समान ढङ्गको व्यवहार गर्छु भन्नुभएकै हो। त्यो कुराले सम्पूर्ण माननीय सदस्यहरु उत्साहित पनि हुनुभएको थियो तर अहिले अस्ति यो केही कुराहरु उठेको थियो। माननीयज्यूहरुले सत्तापक्षका माननीयज्यूहरुले होइन यो पूर्वाधार विकास बजेट चाहि निर्वाचन क्षेत्र विकासको चाहि सबैलाई समान ढङ्गले छुट्याइन भने हामीले पनि बहिस्कार गर्नुपर्ने हो कि भन्नुभाथ्यो। मैले भन्याथे तपाईहरुलाई गारो छ सक्नुहुन्नहोला भन्याथेँ तर हामी पनि अप्ठयारैमा छौ होइन?

त्यसकारणले गर्दाखेरि यो कुरा के भने भन्नुहोला भने यदि तपाईहरु सबैलाई सम्मान गर्न खोज्नुभएको हो भने मेरो सुझाव र अनुरोध छ के भन्दा यहाँ अघि नै यो १३८ को कुराहरु उठाइयो हामीले हेरेका छौ केन्द्रले कार्यविधि बनायो ४ करोड बाँड्ने बेलामा अन्तिममा बुँदा के लेखियो समिति यसरी बन्न अन्तिममा निर्वाचित सांसदले वितरण गर्ने भनियो त्यही कुराले चाहि अरु सबैले अपमान बेहोर्न परेको कुरा अस्ति भर्खरै जगजाहेर नै छ त्यसकारण अहिले पनि त्यो हिसावकितावबाट दोहोरो ढंगबाट समानुपातिक सांसदहरुलाई फेरि दोश्रो दर्जाको बनाउन खोजिएको हो कि भन्ने मलाई लागेको छ त्यसकारणले अहिले सत्तापक्षका माननीयज्यूहरु बोल्ने क्रममा अप्ठ्यारामा पर्नुभयो समानुपातिकका माननीयहरु भन्नी मलाई लागेको छ तर मनमा सारै छट्पटी परेको छ भन्ने मलाई लाग्दछ र अर्को कुरा यो शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गको बजेटको कुराहरु छ यो बजेटहरु पनि कम भयो कि भन्ने मलाई लाग्दछ र यो अझै बजेटको व्यवस्था गरिएको भने चाहि छ एकिन चाहि छैन त्यसले गर्दाखेरिमा स्पष्ट होस् भन्ने म चाहन्छु  र यो अर्को यो सुकुम्बासी गुठीको जग्गा गुठीको सार्वजनिक जग्गाको पनि तथ्याङ्क लिनुपर्ने हाम्रो संविधानले पनि व्यवस्था गरेको छ त्यो व्यवस्था गर्नको लागि पनि बजेटको व्यवस्था भएको भए हुने र यसलाई हामीले कमसेकम ऐन कानून बनाएर अधिकार लिनको लागि केन्द्रमा अनुमति लिन पर्ने भए पनि यसलाई कमसेकम हामीले ले पूरा गर्न पाए राम्रो हुने थियो भन्ने मलाई लाग्दछ र यो कुराको लागि पनि हामीले सोच्नुपर्ने हो जुन मैले निर्वाचन क्षेत्र विकासको सन्दर्भमा मैले यहाँ फरि जोड्न चाहेँ। यसमा मेरो चाहि के आग्रह छ भने सभामुखज्यू अर्थात यसलाई तपाईहरुले मान सबैको इज्जत सम्मानलाई चाहि सम्मान गर्न खोज्नुभएको छ भने यो बजेटलाई २ करोड होइन ५९ करोड रुपैया प्रत्येक चाहि सांसदले प्राप्त गर्ने गरेर १३ करोड रुपैया महिला, बालबालिका, अपाङ्ग यहाँ यो सुकुम्बासी विभिन्न समस्याहरु छन्। यसमा यो बजेटहरु थप्नुभयो भने यसले उपयुक्त हुन्छ भन्ने मलाई लाग्दछ र अर्को कुरा यहाँ सिङ्गै एउटा पाटो छुट्यो भन्ने मलाई लाग्दछ। सिङ्गै एउटा पाटो चाहि मिडिया छुटेको छ। यो मिडियालाई पनि हामीले सम्बोधन गर्न पर्ने यत्रो चाहि चौथो

अंगमा बसेको मिडिया रहेको मिडियालाई पनि हामीले बजेटको व्यवस्था गर्न सकिएन। त्यसले गर्दाखेरिमा मैले हेरेँ शायद पत्ता लगाउन नसकेको हो कि नभएको हो यो मिडियाको लागि पनि बजेट यो १३ करोड रुपैया यो बजेटलाई यसरी हाम्रो जुन ३२ अरबको जुन हाम्रो बजेट सिलिङ्ग आएको छ त्यो बजेट भन्दा बाहिर जान सकिदैन तर त्यो १३ अरव भित्रबाट यो व्यवस्थापन गर्न सकियो भने यहाँ माननीयज्यूहरुले भनेको जुन चाहि यो सुनको चाहि भन्दा सुगन्ध खालको बजेट छ त्यसमा हिरा जोडेको बल्ल यहाँ देखिनेछ भन्ने मलाई लाग्दछ र अर्को कुरा यो पोके बजेटको अघि पनि कुरा आएको छ निश्चय पनि यो फेरि पनि यो घातक हुने हो कि भन्ने लाग्दछ। यसलाई चाहि अझै पनि पुर्नविचार गर्नपर्छ भन्ने मैले आग्रह गर्न चाहन्छु र अन्तिममा मैले यो अर्को कुरा यो कृषिको कर सम्बन्धमा कृषिको कर बारम्बार हामीले उठाएका छौँ। कृषकहरुलाई फेरि पनि निसेह बन्नी ढंगले जान्छ भन्नी कि कृषिमा छुट हुनुपर्छ भन्ने कुरा मलाई लाग्दछ र अन्तिममा हाम्रो यो प्रदेशको चुनौती भनेको रोजगारीको सृजना गर्नुपर्ने र गरिवीको अन्त्य वा न्यूनिकरण गर्नुपर्ने भ्रष्टाचारको अन्त्य गर्नुपर्ने हाम्रो चुनौतीहरु छ। यी चुनौतीहरुलाई समाधान र अन्त्य गर्नको निम्ति प्रदेश सरकार द्दढ रहन सक्यो भने बल्ल हामीले सोचेको यो प्रदेशको लक्ष्य पूरा हुन सक्छ। यिनै कुराहरु निवेदन गर्दै आफ्नो भनाइ यही अन्त्य गर्दछु धन्यबाद जयनेपाल।

**माननीय सभामुख**

माननीय सदस्य श्री मन बहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मन बहादुर गुरुङ**

माननीय सभामुखज्यू, विनियोजन विधेयक आ.व. २०७६/०७७ को सिद्धान्त, प्राथमिकता नीति तथा कार्यक्रमलाई आधार मानियो। गण्डकी प्रदेश सरकारका आदरणीय मन्त्री किरण गुरुङज्यूबाट सवा ३२ अरवको बजेट यो सम्मानित सदनमा प्रस्तुत भइसकेको छ। मलाई बजेट बक्तव्य प्रस्तुत गरिराख्नु भन्दा अगाडि मनमनमा के लागेको थियो भने महाकवि लक्ष्मीप्रसाद देवकोटाको छन्द उडी छुनु चन्द्र एक भन्ने

कविता र गाउँघरमा एउटा उखान छ तिमीले मात्र आँट म पुऱ्याउँछु भन्ने उखानहरुले मलाई मेरो दिमागलाई बुझिराखेको थियो। कतै बजेट उद्धेश्यहीन तरिकाले पो आउँछ कि बजेट कतै सही पहिचान सही गन्तव्य पहिचान गर्न नसक्ने गरी आउँछ  कतै बजेट सिर्जनशीलताको अभाव भएर पो आउँछ कि भन्ने मलाई ठूलो चिन्ता थियो। जब मन्त्रीज्यूले यही रोष्टमबाट बजेट प्रस्तुत गर्नुभएको थियो। सुनिराख्यौँ र घरमा गएर यो पुस्तिकालाई पनि सरसर्ती हेर्ने एउटा अवसर मिल्यो। त्यसमा साँच्चिकै रुपमा मैले सोचेको भन्दा फरक बजेट प्रस्तुत भयो। यो बजेटले संविधानको मर्म र भावनालाई अबलम्बन गरि आएको छ। यो बजेट ठोस र वस्तु निष्टा भएर आएको छ। यो बजेट जनताको आधारभूत आवश्यकतलाई परिपूर्ति गर्ने हिसावले आएको छ। त्यतिमात्र होइन यो बजेट सही गन्तव्यलाई पहिचान गरी आएको छ त्यसकारण मलाई अलिअलि महत्वाकांक्षी बजेट आयो भने राम्रो लाग्थ्यो भनेर मैले अघि नै कुरा राखेको थिएँ। त्यसकारणले महत्त्वकांक्षी पनि छ यो बजेट र वस्तुवादी पनि छ र यो बजेटको महत्त्वपूर्ण पक्ष भनेको ५ वर्षभित्रमा यो गण्डकी प्रदेशलाई खाद्यानमा आत्मनिर्भर बनाउने र अनुत्पादक र अनाबश्यक खर्च घटाउने पूजीगत बजेटको अंश बढाउने र चालू खर्चमा मितव्ययिता ल्याउने गरी योजना छ। यसकारणले यो बजेट राम्रो छ यसलाई म समर्थन गर्न चाहन्छु र बधाई दिन पनि चाहन्छु। धेरै साथीहरुलाई लाग्न सक्छ किन बधाई किन धन्यबाद जिज्ञासा लाग्न सक्छ त्यसकारण संविधानको मर्म र भावना संविधानमा यो देश समाजवाद उन्मुख लोककल्याणकारी राज्यको व्यवस्थापन स्थापना गर्ने गरी  यो बजेट ल्याएको छ।यति धेरै राम्रो महत्त्वपूर्ण कार्य। अर्को कुरा जनताको आधारभूत आवश्यकतालाई परिपूर्ति हुने गरी यो बजेट आएको छ जस्तै खानेपानी, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन र पूर्वाधार यो विषयमा केन्द्रित हुन गरी यो बजेट आएको छ। हामीले सुन्दा अलिकति सजिलो लाग्न सक्छ मैले यो भन्दा अगाडि नीति तथा कार्यक्रममा एउटा बोल्ने मौका पाएको थिएँ त्यो बेला पनि मैले गुरुङको एउटा उखान भनेको थिएँ कि ...... कोट्याइराख्यो कन्याइराख्यो भने सबैको खरानी निस्कन्छ भनेर मैले प्रस्तुत गरेको थिएँ। यो जोकको कुरा होइन एक घर एक धारा र यो एक घर एक धारा मात्र हामीले सम्पन्न गर्न सक्यौ भने साँच्चिकै रुपमा गण्डकी प्रदेश जनताको विचमा छ गण्डकी प्रदेश जनताको पक्षमा छ र गण्डकी प्रदेशको सरकारले पक्कै पनि जनताको पक्षमा निरन्तर रुपमा काम गरिराखेको छ भन्ने कुराको झल्को आउँछ।

आदरणीय सभामुख महोदय, गण्डकी प्रदेशलाई उज्यालो प्रदेश बनाउने जुन प्रतिवद्धताका साथ यो बजेट यहाँ प्रस्तुत भएको छ। जम्माजम्मी यो बजेटले ३ वटा कुरामा फोकस गरेको छ विद्युतमा, ऊर्जामा, उत्पादन, वितरण र व्यवस्थापनमा जोड दिएको छ

र यो उत्पादन र वितरण र व्यवस्थापनमा जोड दिइराख्दाखेरि ६० करोड बजेट अझै पनि गण्डकी प्रदेशमा १५०० घरधुरीले बिजुली बाल्न नपाएको भन्ने कुरा त तथ्याङ्कले पुष्टि गरिसकेको छ त्यसकारणले यी १५०० घरधुरीलाई पुग्ने बिजुली दिएर पनि मर्मत सम्भारको लागि वा व्यवस्थापनको लागि पनि जुन ६० करोड बजेट विनियोजन गरिएको छ त्यो अत्यन्तै सान्दर्भिक छ सभामुख महोदय त्यसकारणले त मैले राम्रो भन्न खोजेको हो सभामुख महोदय। अर्को कुरा यो शिक्षा, शिक्षा बिना हाम्रो जीवन अन्धकार हुन्छ। अर्को हामी सबैको भविष्य अन्धकार हुन्छ तर शिक्षा आगामी २ वर्षभित्रमा यो गण्डकी प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा गरी कार्यक्रम आएको छ त्यसकारणले प्रदेश सरकारलाई धन्यबाद दिन पर्छ यो कारणले पनि। यति महत्त्वपूर्ण कार्यक्रमहरु ल्याएको छ सुन्दा भन्दा जति सजिलो छ मृगौला पिडित विरामीहरुलाई स्वास्थ्य सम्बन्धी डायलासिस हुने ठाउँ ठाउँमा व्यवस्था गर्ने गरी जुन कार्यक्रमहरु आएको छ त्यसकारणले यो असाध्यै राम्रो छ सभामुख महोदय।त्यति हुँदाहुँदै पनि मैले प्रदेश सरकारलाई सकारात्मक ढंगले केही सुझाव दिने अनुमति चाहेँ सभामुख महोदय। राजधानी राम्रो बनाउनुपर्छ भन्ने मेरो कुरा हो यहाँ बजेट छुट्याएकै छ। तैपनि अझै म ध्यानाकर्षण के गर्न चाहन्छु भने जवसम्म हामी टेकिएको वा टेकेको हामी उभिएको ठाउँ बलियो हुन सक्दैन हामीले अरु सोच गर्न व्यर्थ छ।मुटु नै राम्रो भएन हाम्रो शरीरमा मुटु नै राम्रो भएन भने सबै रक्तसञ्चारहरुले काम गर्न कठिनाइ हुन्छ सभामुख महोदय। त्यसकारणले पूर्वबक्ता माननीयहरुको भनाइलाई सापटी लिदै यो प्रदेश राजधानीलाई छुट्टै मोडेलको रुपमा अगाडि विकास गर्नुपर्छ भन्ने मेरो कुरा हो। हुन त यो उपसहरहरुको रुपमा सिटी र तपाईको चाहि यो ल्यान्डपुलिङ्गको सबै कुराहरु आइसकेको छ तर पनि यो राजधानीलाई अझै राम्रो बनाउन पर्छ भन्ने मेरो आग्रह। अर्को कुरा यहाँ धेरै गुनासाहरु सुन्न आइन्छ सभामुख महोदय। हुन त धेरै कुरामा प्रदेश सरकारले यो रोष्टमबाट हामीलाई खटाइसकेको छ। कार्यविधिको कारणले सार्वजनिक खरिद ऐनको कारणले वा आशयपत्रको कारणले बजेट कार्यान्वयन गर्ने कुरामा अलिकति ढिला भयो भन्ने कुराहरु आएको छ त्यसकारण अबको दिनमा पक्कै पनि यी सबै कुरालाई समाधान गर्ने गरी हामी कार्यान्वन पक्षमा अगाडि बढ्नुपर्छ भन्ने मलाई लाग्दछ। हुन त हामीले जतिसुकै मिठो कुरा गरे पनि हाम्रो चिन्तन हाम्रो सोच हाम्रो व्यवहार हाम्रो चेतना हाम्रो द्दष्टिकोणमा हामीले सकारात्मक परिवर्तन ल्याउन सक्दैन भने यो कागज जति सुकै राम्रो भए पनि कार्यान्वन पक्ष फितलो नै हुन्छ कि सभामुख महोदय। त्यसकारण यी कुराहरुलाई मध्यनजर गरेर आगामी दिनहरुमा पक्कै पनि यो बजेटलाई हामीले कार्यान्यिन गर्न सक्यौँ भने साँच्चिकै रुपमा अरु प्रदेश भन्दा यो प्रदेश भूगोलको हिसावले सांस्कृतिक हिसावले र प्राकृतिक श्रोतको हिसावले सबै भन्दा अब्बल छ।यो अब्बल प्रदेशलाई साँच्चिकै रुपमा ऋषिमुनिहरुको बास भएको ठाउँ मैले पटक पटक

भन्ने गरेको छु। ६९औ अन्नपूर्ण दिवस पर्यटन व्यवसायी साथीहरुले अस्ति भर्खरै मनाए। १९५० मा अन्नपूर्णको आरोहण गरेको १९५३ मा सगरमाथाको आरोहण भएको हामीले अझै यो बजेटमा हिमाललाई छुने गरी हिउँसँग खेल्ने गरी अन्नपूर्णलाई तपाईको वा संसारको ८ हजार माथिको १४ वटा अग्लो हिमाल मध्ये ८ /९ वटा हिमाल त यही गण्डकी प्रदेशमा पर्दछ।यो गण्डकी प्रदेशलाई हिमाल आरोहणको एउटा क्षेत्रको रुपमा विकास गर्न सक्यौ भने साच्चिकै रुपमा २०१९, २०२० र २०२२ जुन प्रदेश सरकारले लिएको लक्ष्य जुन नेपाल सरकारले लिएको लक्ष्य पक्कै पनि हामीले पूरा गर्न सक्नेछौँ भन्ने विचारहरु राख्दै मैले फेरि पनि अत्यन्तै मेहनतका साथ असाध्यै सुझबुझका साथ असाध्यै कोसिसका साथ यो बजेट यो सदन समक्ष प्रस्तुत गर्नुभएको छ। प्रस्तुत गरिएको छ म पूर्ण रुपमा कार्यन्वयन सफल होस् भन्ने शुभकामना दिदै प्रदेश सरकारलाई धेरै धेरै धन्यवाद र बधाई दिदै मेरो भनाइ अन्त्य गर्दछु। धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री चन्द्रमोहन गौचनलाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय चन्द्रमोहन गौचन

माननीय सभामुख महोदय, आज हामी यस सम्मानित सभामा २०७६/०३/०१ गते आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङ्ग ज्यूबाट प्रस्तुत बजेट माथि छलफलमा छौ। सर्वप्रथमः म यो बजेट समानुपातिक र समावेशी सिद्धान्तको आधारमा ल्याइएको छ। त्यसैले बजेट गण्डकी प्रदेशको भाग्यरेखा कोर्न सक्ने सफल र जनमुखी बजेट आएको छ। यस मानेमा म पूर्णरुपमा आत्मसाथ गर्दै सरकारलाई धन्यबाद दिन चाहन्छु । यतिमात्र हो कि यो बजेट सही ढंगबाट छिटोछरितो कार्यान्वयनको बाटोमा जान सक्छ कि सक्दैन भन्ने एउटा चिन्ता छ तर बजेटलाई कार्यान्वन गर्ने कानून वा कार्यविधि कमजोर होइन कडा वा सही ढंगको हुनु पर्दछ। सभामुख महोदय, यो भन्दै गर्दा हामी अलमलमा छौँ। अममलमा परेका छौ प्रदेशको उत्तरी नाका चिनको स्वसासित क्षेत्र तिब्बतसँग जोडिएको कोरला नाका जो कि छिट्टै नै कानूनी रुपमा खोलिदै छ। संघीय सरकारबाट पनि विभिन्न संरचनाको लागि बजेट बिनियोजन भएको अवस्थामा हाम्रो सरकारले कोरला नाकालाई पहिलो प्राथमिकता दिई यो बजेटमा सम्वोधन गरिनु पर्थ्यो

तबमात्र सरकारको अवनत्वको भावना जोडिएको महसुस हुन्थ्यो। आज हामी मुस्ताङ्गबाट प्रतिनिधित्व गर्ने सदस्यहरुले महसुस गरेका छौँ किनकि जनताले विश्वास गरेका थिए अहिलेको बजेटमा कोरला नाकालाई पहिलो प्राथमिकतामा सम्बोधन हुन्छ भनेर किनकि केही समय अगाडि मुख्यमन्त्रीज्यू, आर्थिक मामिला तथा योजना मन्त्रीज्यू, मन्त्रीज्यूहरु लगायत प्रदेशका सभासद्हरुको स्थलगत भ्रमणबाट झन बढी विश्वास गरेका थियौँ तर सरकारबाट सम्बोधन हुन सकेन यो विषयमा सभामुख मार्फत सरकारलाई ध्यान आकर्षण गर्न चाहन्छु। सभामुख महोदय, सरकारले सदन र समृद्ध प्रदेश निर्माण गर्नको लागि संवैधानिक व्यवस्था प्रदेशका अधिकारको सूची नेपालले अन्तराष्टिय क्षेत्रमा जनाएको दिगो विकासको लक्ष्य संघीय आर्थिक नीति र प्रदेश सरकारले आर्थिक वर्ष २०७६/०७७मा लिएका नीति तथा कार्यक्रमलाई मार्गदर्शनको रुपमा लिनुपर्छ तबमात्र यो बजेटले सार्थकता पाउँछ। यो आर्थिक वर्षलाई प्रदेश सरकारको सदृढ र व्यवस्थापनको लागि प्रादेशिक नीति तथा संरचना निर्माण वर्षको रुपमा कार्यान्वयन गर्न अगाडि बढाउनुपर्छ तबमात्र सरकारले छुट्याएको बजेटलाई कार्यान्वयन गर्न सफल हुन्छ। सभामुख महोदय, बजेटमा समाजबाद उन्मुख अर्थव्यवस्थाको लक्ष्य सार्वजनिक निजि, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा विकास गर्न नवप्रबर्तक र प्रगतिशील नीतिको कार्यान्यनमा जोड अर्थतन्त्रलाई उत्पादनमुखी, आयआर्जन, रोजगार प्रबन्ध आत्मनिर्भर र निर्यातमूलक बनाउनमा जोड दिएको छ। यो सफल पक्ष हो। संघीयता कार्यान्वयनमा प्रदेश प्रदेशका विचमा सुशासन विकास र संवृद्धिता हासिल गर्न तिव्र प्रतिस्पर्धा हुने हुँदा सार्वजनिक निजी र सहकारी क्षेत्रको पूँजीलाई प्रदेशमा लगानी गर्ने वातावरणमा सहजता ल्याइएको छ। सभामुख महोदय, प्रदेशको आथिक संवृद्धिको आधारको रुपमा रहेको पर्यटन, ऊर्जा, कृषि, उद्योग र भौतिक पूर्वाधार विकासमा लगानी गर्ने वातावरण अहिलेको यस बजेटमा मुख्य रुपमा समेटिएको छ। यो हाम्रो लक्ष्य पनि हो त्यसैले यस मानेमा यो बजेट राम्रो र सफल छ। धन्यबाद। नमस्ते।

## माननीय सभामुख

माननीय सदस्य श्री विष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय विष्णु प्रसाद लामिछाने

माननीय सभामुख महोदय, हामी यतिबेला गण्डकी प्रदेशको भविष्यको रुपमा रहेको ....धेरै कुराहरु छन्। यस पुस्तकले धेरै कुराहरु समेट्ने प्रयास गरेको छ। धेरै कुराहरु आएका छन् यद्यपि सरसर्ती हेर्दा प्रतिपक्षले आरोप लगायो नभनियोस् केही महत्त्वकांक्षी बजेट आएको छ र नयाँ रुप हिजो भन्दा फरक यो आकार प्रकारमा पुस्तकका आकार प्रकारमा र केही शब्दहरुमा आएका छन्। त्यो बाहेक खासै नयाँ रुप यो चाहि नयाँ कार्यक्रम आएछ यसले केही गर्छ कि भन्ने होइन कि झै लाग्छ। यसको मतलब यसभित्र केही छैन भन्ने होइन धेरै कुराहरु छन् मैले सुरुमै निवेदन गरेको छु आउनुपर्ने कुराहरु आएका छन् छुटेका कुराहरु छुटेका छन्। हामी त्यही छुटेका कुराहरुलाई स्मरण गराउन चाहन्छौँ। हाम्रो धर्म हो मैले पटक पटक भन्दै गर्दैछु एउटै संकल्प बोकेर हिँडेका छौ राम्रो गण्डकी प्रदेश बनाउनुपर्छ भनेर लागेका छौं त्यसैले कही कतै कमी कमजोरी भयो भने देखाउनुपर्छ भन्ने धर्म पनि हो जनताले हामीलाई त्यही म्यान्डेट पनि दिएको छ। हेर है तिमीहरुको अहिलेको ५ वर्षको काम भनेको सत्तापक्षलाई खवरदारी गर्ने हो। सत्तापक्ष गलत बाटोमा हिँड्न थाल्यो भने त्यो चाहि होइन है बाटो यताबाट बाटो हो त्यता काँडा छ यताबाट राम्रो बाटो छ भनेर सिकाउने काम हो। सचेत बनाउने काम हो भनेर हामीलाई जिम्मेवारी दिएको छ त्यसैले पनि हामीले जे कुराहरु यहाँ राख्छौँ त्यो विरोधको लागि विरोध होइन। एउटा धर्म निर्वाह गर्ने हो राम्रो कसरी बनाउने भन्नेतिर हो। हामी हिजो सिद्धान्त र प्राथमिकतामा पनि छलफल गर्‍यौँ मलाई खुसी लागेको छ। माननीय मन्त्रीज्यू यहाँ हुनुहुन्छ मैले २ वटा प्रस्ताव राखेको थिएँ। म बालबालिकाको क्षेत्रमा लामो समयदेखि कार्यरत। बालमैत्री छुट्यो भनेर मैले अस्ति भनेको थिएँ। लौन यो त बरबादै हुन्छ यत्रा बालबालिकको भविष्य विषय गाँसिएको कुरा हो यो बालमैत्री अभियान भनेको थिएँ। समेटिएको छ म धन्यबाद दिन चाहन्छु । कम्तीमा पनि कुरो छुटेको रहेछ छुटेको कुरालाई स्वीकारिएको छ। अहिले पनि केही कुराहरु त्यस्ता छन् त्यसलाई हामीले स्वीकार्नुपर्छ त्यसलाई करेक्सन गरेर जान सकियो भने राम्रो हुन्छ भन्ने लाग्छ। यो बजेटमा अझै पनि आफैमा आत्मनिर्भर हुने भरपर्दो अवस्था भने अजै आएको छैन। हामी सधै संघको मुख

ताक्न पर्ने परिस्थिति संघले हामीलाई कति बजेट देला भनेर आस गरिरहनुपर्ने परिस्थिति यसको मतलव हामी अब संघलाई वास्तै नगरेर हामी आफै प्रदेश मात्रै दौणिन सक्नुपर्छ भन्ने होइन। हाम्रा आधार त्यो पनि। त्यो बाहेक हामीले प्रदेशलाई अझै आत्मनिर्भर बनाउने किसिमले चाहि अगाडि बढ्नुपर्छ भन्ने मलाई लाग्छ तर कार्यान्वयनको पाटो अझै पनि भरपर्दो चाहि छैन। हिजो बजेट आउँदै गर्दा हामीले केही कुराहरु गर्‍यौँ र हामीले भन्यौ यही रोष्टमबाट भन्यौ हामीले अलि हौसियौ कि अलि अलि महत्त्वकांक्षी बजेट ल्यायौ कि कार्यान्वयन गर्न गारो हुन्छ कि हामीले त्यतिबेला भनेका थियौँ। होइन एकदमै ठीक छ हामी सबै गर्न सक्छौ भन्ने भएको थियो परिणाम त्यो आएन। परिणाम आएन सरकारले गरेन सरकारले गर्न सकेन ठूलो कुरा होइन ठूलो कुरा भनेको के हो भने महत्त्वपूर्ण कुरा भनेको के हो भन्दा हामीले जुन बजेट विनियोजन गर्‍यौ सरकारले जुन बजेट विनियोजन गर्‍यो त्यो कागजमा मात्रै सिमित रहे केही बजेटहरु केही योजनाहरु कार्यान्वयन गर्न सकेन। प्रदेशमा एउटा मात्र उदाहरण दिन्छु प्रदेशस्तरको बाटोमा सरकारले छुट्याएको हो २ करोड १० लाख छुट्यायो। अन्त कहाँ के भएको छ मलाई थाहा छैन। मैले जुन सिफारिस गरेको थिएँ प्रदेश स्तरीय बाटो अहिले सम्म पनि टेण्डर हुन नसकेको अवस्था छ। अर्थात् हामीले गरेका कार्यान्वयनका पक्षहरु हामी रोजगारका कार गर्‍यौ ५० हजारलाई भन्यौ के के भन्यौ। हामीले भन्यौ धेरै कुराहरु गर्‍यौ सरकारले गरेन भनेर मैले विरोध गर्दैमा फेरि काम हुन्छ होइन। महत्त्वपूर्ण कुरा के हो त भन्दा बजेट विनियोजन गर्‍यौ त्यो लक्षित ठाउँमा पुग्यो कि पुगेन काम हुन सक्यो कि सकेन त्यो महत्त्वपूर्ण कुरा हो त्यसैले हामीले बजेट विनियोजन गर्दा योजना बनाउँदा जे काम गरेन सक्छौँ जुन काम गर्ने सम्भावना छ कम्तीमा पनि जनतालाई के चाहि नपरोस् भने अहिले पनि म सार्वजनिक बसमा हिँड्ने गर्छु। बसमा हिँड्दै गर्दा अघि पछि पब्लिकका कुरा सुन्छु नेता भनेका फटाहा ढाँट्छन् छल्छन् सांसद भनेका नि त्यस्तै हुन् भन्ने कुरा मैले सुनिराको हुन्छ। कम्तीमा पनि गण्डकी प्रदेशका प्रदेशको सरकार र गण्डकी प्रदेशका माननीयज्यूहरु झुटो बोल्दैनन् है नसक्नी कुरा गर्दैनन् है राम्रो काम जे गर्न सकिन्छ त्यही मात्रै बोल्छन् र कार्यान्वयन गर्ने काममा पनि लाग्छन् है भन्ने वातावरण हामीले हाम्रो

प्रदेशबाट उदाहरण बनेर देखाउनुपर्छ भन्ने मलाई लाग्दछ  त्यसैले आकाशको तारा झारिदिन्छु भन्ने भन्दा पनि मैले कुनै बेला मुक्तक लेख्याथेँ,

आकाशको तारा झारिदिन्छु सानु, भन्छ्यौ भने जुन वर सारिदिन्छु सानु , तिमीलाई गर्मी भएको थाहा मात्रै पाए , त्यो बादलको पानी पारिदिन्छु सानु, मैले कुनै बेला मुक्तक लेखेको थिएँ। हामीले त्यो आकाशको तारा झार्ने कुरा र जुनलाई वर सार्ने कुरा नगरौं। हामीले जे चाहि काम चाहि गर्न सक्छौं त्यही काम गरौं बजेट ल्याउँदा योजना बनाउँदा त्यही गरौं भनेर म निवेदन गर्न चाहन्छु। सुकुम्वासी साँच्चै छुटेछ। अस्ति हामीले सुझाव दिएका थियौं। मलाई लाग्छ मन्त्रीज्यूको जिल्लामा सुकुम्वासी समस्या नभएर हो कि अव्यवस्थित बसोबासीहरु नभएर हो कि किन हो मलाई थाहा भएन। हामी कहाँ प्रशस्त सुकुम्बासीहरु हुनुहुन्छ उहाँहरुले दुःख पाउनुभएको छ। अव्यवस्थित बसोबास अहिले पनि निकै छ। त्यति महत्त्वपूर्ण विषयवस्तु कही छुटेको हो कि अथवा मेरो अध्ययनमा कमी भएको हो कि मैले त्यो पत्ता लगाउन सकिन कि कहिलेकाँही त्यो हुन्छ मैले अरुलाई दोष दिन चाहन्नँ मेरो कमजोरी पनि हुन सक्छ मैले फेला पार्न नसकेको हुनसक्छ त्यसैले त्यो महत्त्वपूर्ण सुकुम्वासी  अव्यवस्थित बसोबासीहरुको लागि व्यवस्थापन गर्ने कही कतै बजेटमा देखिएन। यसले ती सुकुम्वासी जसको घर छैन जग्गा छैन कतिपय बसेका छन् जग्गा छ घर पनि छ आफ्नो नाममा पुर्जा छैन त्यसैले त्यसले अबसर पाउनुपर्छ भन्ने मलाई लाग्दछ। थारु मुसरफ थारु यो गण्डकी प्रदेशको गहनाको रुपमा नवलपुरमा मात्रै छ तिनीहरुलाई पनि सम्बोधन हुने किसिमका कतै नआएको हो कि भन्ने मलाई लाग्छ। एकीकृत बस्ती विकास हामीले अभ्यास गरौं न त हामीले प्रयास गरौं कही कतैबाट सुरु गरेका थियौ त्यसलाई पनि कही कतै बजेट नआएको हो कि भन्ने मलाई लाग्छ ।अब यो मैले विरोध गर्न चाहि खोजेको छैन एक जना माननीयज्यूले मन्टेश्वरीमा छौं भन्नुभएको छ पहिला बालबालिका सम्बन्त्री ऐन २०४८ अनुसार १६ वर्ष भनिन्थ्यो बालबालिका र अहिले १८ वर्ष छ। हामी १८ वर्ष फेरि बालबालिकाको हो भनेर गण्डकी प्रदेशले १८ वर्षसम्म चाहि कुर्न चाहि सक्दैन है। हामीले अब १६ महिनामा मन्टेश्वरी जानेबेला पनि भएको छैन बालबालिका नै हो भनेर १८ वर्ष कुर्न पर्ने परिस्थिति चाहि नआओस् काम चाहि हामीले

झटाझट गर्ने परिस्थिति आओस् सपना राम्रो देख्नुभएको छ। सपना पनि हाम्रो पूर्वीय दर्शनले के भन्छ भन्दा चौथो प्रहरमा भएको देखिएको सपना मात्रै पूरा हुन्छ भनेर भन्ने गर्छ। मन्त्रीज्यूहरुलाई मेरो के निवेदन छ भन्दा कृपया सपना देख्दा चौथो प्रहरमा देखिदिनुहोला यहाँहरुले जुन सपना पूरा हुन्छ यही कुराहरु राख्दै बिदा हुन्छु धन्यबाद जयनेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री महेन्द्र बहादुर थकालीलाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय महेन्द्र बहादुर थकाली

माननीय सभामुखज्यू, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ्गजीले मिति २०७६ साल असार १ गते प्रदेश सभा समक्ष प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७६ /०७७ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि हिजोदेखि हामी सैद्धान्तिक छलफलमा जुटेका छौं।१५५ वटा बुँदाहरु समावेश भएको यो विधेयक आफूमा राम्रो अति मेहनत र मसिनो ढंगले ल्याएको हुँदा माननीय आर्थिक मामिला तथा योजना मन्त्री मार्फत प्रदेश मन्त्रीपरिषद्लाई धन्यबाद तथा आभार व्यक्त गर्न चाहन्छु। सभामुख महोदय, प्रदेश सरकारको विकासको मुख्य आधार भनेको सडक, ऊर्जा ,पर्यटन, खानेपानी स्वास्थ्य र शिक्षा हुन्। त्यसबाहेक कृषि, उद्योग, खेलकुद आदि पनि पर्दछन्। यसक्रममा हाल सम्म २५ वटा ऐन ३ वटा नियम नियमावली र ३ वटा गठन आदेश जारी भइसकेका छन्। चालू आ.व. को बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि १४३ वटा कार्यविधि र निर्देशिका जारी भई कार्यान्वयनमा आएका छन्। यसै कार्यविधि र निर्देशिकामा टेकेर संवृद्धि प्रदेश सुखी नेपाली निर्माण गर्ने प्रदेश सरकारको दिर्घकालिन सोचबाट निर्देशित भई प्रदेशको विकास र संवृद्धिको लागि आगामी बाँकी अवधिभित्र बहुआयामिक गरिबी १४.२ प्रतिशतबाट ७ प्रतिशतमा झार्ने र प्रदेशको वार्षिक आर्थिक वृद्धिदर १०.२ ले बृद्धि गर्ने लक्ष्य अनुरुप प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने जम्मा रु. ३२ अरब १३ करोड ४७ लाख ९२ हजार बजेट ल्याएको

छ।जसको पूँजीगत तर्फ रु. १९ अरब ८४ करोड ९० लाख २० हजारको जसको कूल बजेटको ६२ प्रतिशत विनियोजित गरेको छ। यो नै विकासको राम्रो पक्ष हो भन्ने मैले ठानेको छु। सभामुख महोदय, पूजीगत बजेटको कूल बजेटको ५२ करोड ५९ लाख सडकमा विनियोजित गरेको विकासको सम्वाहक सडक र पुल प्राथमिकतामा राखेको छ।त्यसको साथसाथै प्रदेश गौरव आयोजना प्रदेशको राजधानीलाई जिल्ला सदरमुकाम जोड्ने १ निर्वाचन क्षेत्र एक सडक जस्ता आयोजनाहरु व्यवस्था गरेको छ।साथै २ वर्षभित्रमा झोलुङ्गे पुल निर्माण गरी निर्माण सम्पन्न गर्ने पनि नीति लिएको छ। यो सबल पक्ष हो भन्ने मैले ठानेको छु। आधारभूत खानेपानी नपुगेको गाउँहरुमा एक घर एक धारा कार्यक्रमको लागि २ अरव २० करोड विनियोजन भएको छ । यसैगरी क्रमागत र नयाँ छनौट गरी २४४ ,१७ सिचाई र ४० भूमिगत सिचाइँ योजनालाई पनि बजेट विनियोजन गरेको छ। साथै पहिरो नियन्त्रण गरी जोखिमयुक्त क्षेत्रहरुलाई संरक्षण र नदीहरुको तटबन्धन गर्न पनि आवश्यक बजेट प्रबन्ध गरिएको छ। सभामुख महोदय, गण्डकी प्रदेश उज्यालो प्रदेश योजनालाई साकार गर्ने उद्धेश्यले १५०० घरधुरीलाई सौर्य ऊर्जा प्रविधि जडान गरी ५ वर्षभित्र १५ हजार काठेपुल प्रतिस्थापन गर्ने ३० वटा लघुवित्त आयोजनालाई मर्मत सम्भार गर्न बजेट छुट्याएको छ। शहरी विकासको लागि स्थानीय तहको सह लगानीमा बहुउद्धेश्यीय सामुदायिक सभाकक्षको बजेट विनियोजन गरेको साथै उपसहरहरुमा स्याटलाईट सिटीको रुपमा विकास गर्न पनि बजेट छुट्याइएको छ। पर्यटन पूर्वाधारको विकास र विस्तार गरी पर्यटन सेवामा सुधार गर्न ल्याएको योजनामा ११० पर्यटन गन्तव्य मध्ये प्रत्येक जिल्लामा ४ गन्तव्यको छनौट गरी ४४ गन्तव्यमा १७ करोड ६० लाख र पदमार्ग, पार्क, उद्यान तथा भ्यूटावर निर्माणको लागि १८ करोड विनियोजन गरेको छ र साथै यो राम्रो पक्ष हो भन्ने मलाई लागेको छ र होमस्टे प्रवर्धनको लागि निरन्तरता दिएको छ। सभामुख महोदय आगामी ५वर्षभित्र खाद्यान आत्मनिर्भर हुने गरी कृषिमा आधुनिकिकरण, व्यवस्थित यान्त्रिकरणका कार्यक्रमलाई निरन्तरता दिएको छ। गरिवी निवारण र रोजगारीका अवसरहरुका लागि स्थानीय

तहमा मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ स्थापना गर्ने कृषकले बैङ्कबाट लिएको ब्याजको अनुदान दिने र प्रदेश दुग्ध विकासमा आत्मनिर्भर भई प्रदेश दुग्घ विकास बोर्डको स्थापना सकारात्मक पक्षहरु छन्। मौसमी तथा बेमौसमी कृषि उपजको संरक्षण र कृषि भण्डारको लागि कोल्ड स्टोर मनाङ, मुस्ताङ्ग लगायतका उत्तरी भेगका अन्य क्षेत्रमा उन्नत जातको स्याउको विरुवा वितरणमा बजेट विनियोजन गरेको छ सभामुख मार्फत प्रदेश सरकारलाई धन्यबाद दिन चाहन्छु। वन वातावरणको लागि आगामी ५ वर्षभित्र एक नागरिक एक संरक्षण जडीबुटी, एक फलफूल जडीबुटी र एक बृक्षारोपण कार्यक्रम गरी सफा वातावरण स्वस्थ जीवनका लागि पनि बजेट विनियोजन गरिएको छ। साथै विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना गर्न एक सबल पक्ष हो र यसमा पनि बजेट विनियोजन गरिएको छ ।

सभामुख महोदय, सबै नागरिकलाई सर्वसुलभ र गुणस्तरीय शिक्षाको व्यवस्था गर्न र शिक्षालाई वैज्ञानिक र व्यवसायिक बनाउन आगामी २ वर्षभित्र प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा गरेको छ यसको साथसाथै गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना गर्ने ३६ वटा सामुदायिक विद्यालयलाई आकर्षक विद्यालयको रुपमा रुपान्तरण गर्ने नगर विकास केन्द्रको स्तर उन्नति गर्न स्थानीय तहको सरकार्यमा दुर्गम हिमाली क्षेत्रमा ७ वटा आवासीय विद्यालयको आधारमा अनुरुप पिच्छे बजेटको व्यवस्था गरिएको छ। ३६ माध्यमिक विद्यालय विशेष विद्यालयको रुपमा स्थापना गर्ने र विज्ञान विषय पढाउन कक्षा ११ / १२ लाई प्रोत्साहित गर्ने पनि बजेट विनियोजन गरिएको छ यो राम्रो पक्ष हो भन्ने मैले ठानेको छु।सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा आम नागरिकको पहुँचमा पुऱ्याउन स्वास्थय बिमा कार्यक्रम आधारभूत स्वास्थ्य सेवा र चेतना कार्यक्रममा बजेट छुट्याएको छ जसअनुसार क्यान्सर, मुटु र मृगौला रोगको उपचारको लागि विशिष्टीकृत अस्पताल मृगौला पिडित विरामीका लागि विभिन्न निल्लामा डाइलासिस सेवा उपलब्ध गराउन ५ जिल्लामा डाइलासिस सेवा उपलब्ध गराउनको लागि रकम विनियोजन गरेको छ। यसको स्थापनाले गर्दा गरिव जनताहरुलाई धेरै नै सुविधा हुने कुरा मैले महसुस गरेको छु। मातृशिषु स्वास्थ्यको

सुधार र बाल मृत्युदर घटाउन प्रदेशभित्र महिला तथा बाल अस्पताल निर्माणको लागि निरन्तरता दिने व्यवस्था गरिएको छ। गर्भवती र सुत्केरी महिलाहरुको लागि सुरक्षित गन्तव्यमा ल्याउन एयर लिफ्टिङ्ग सेवा स्वास्थ्य शिविर वर्थ सेन्टर आदिमा पनि बजेटको व्यवस्था गरिएको छ। यस आवश्कताअनुसार थप्ने स्थानमा बलेड बैङ्क स्थापनाको लागि बजेट छुट्याएकफो सकारात्मक पक्ष हो भन्ने मैले ठानेको छु।

सभामुख महोदय, हिंसा प्रभावित व्यक्तिको लागि पुर्नस्थापना केन्द्र स्थापना गर्न श्रमिक तथा जोखिममा परेका बालबालिकाको लागि पुर्नस्थापना केन्द्र र बालमैत्री कार्यक्रमहरुमा बजेटको व्यवस्था गरिएको छ। आगामी वार्षिक वर्षभित्रै प्रदेश निजामती कानून स्थापना गर्न र प्रदेश लोकसेवा आयोग सञ्चालनको लागि विशेष बजेट बिनियोजन गरेको छ। यसको साथसाथै प्रदेश प्रहरी प्रदेश अनुसन्धान व्युरो प्रहरी प्रदेश प्रहरी तालिम तालिम प्रतिष्ठानको गठन गरी घोषित कार्यहरु गर्न पनि बजेट विनियोजन गरेको छ। साथै गोरखा, मनाङ्ग र मुस्ताङ्गमा विपद उद्दार केन्द्रको लागि १ करोड ५० लाख विनियोजन जुन गरेको छ राम्रो पक्ष हो भन्ने मैले ठानेको छु। अन्त्यमा अब धेरै कुराहरु मैले राखैँ बजेटभित्र अहिलेको यो बजेटमा जे जस्तो कुराहरु लेखिएको छ त्यो कुराहरु अहिले मैले राखैँ। अझ एउटा दुईटा केही कुराहरु छुटेको हो कि भन्ने मलाई लागेको हुनाले अघि मेरा मित्र मुस्ताङ्गका माननीय सदस्यहरु दुवै जनाले भन्नुभयो कोरला नाकालाई अलिकति वाइपास भएको हो कि कतिले छुटेको हो कि भएको हुनाले त्यसलाई चाहि अलिकति समावेश गरेर कोरला नाकालाई केही रकमको चाहि विनियोजन गरेमा धेरै राम्रो हुन्थ्यो भन्ने कुरा म यो सुझावको रुपमा राख्न चाहन्छु। दोश्रो कुरो भनेको मुस्ताङ्ग जिल्लाको बारगाउँ मुक्तिक्षेत्रको वडा नं ३ मा पर्ने तेङ्गताङ्ग गाउँको चाहि तेङ्गताङ्ग गाउँको अलिकति माथितिर नरसिंह खोलाको किनारतिर जाँदाखेरि करिव डेढ घण्टा जतिको बाटोमा एउटा चाहि खानी छ जो नुनखानी भन्छ त्यसमा चाहि हाम्रो आर्थिक मामिला तथा योजना मन्त्रीज्यू त्यसमा गएर अवलोकन पनि गर्नुभएको छ।खानीको चाहि त्यसमा नूनखानी भएको हुनाले त्यसमा समावेश गरेमा अलि राम्रो हुन्थ्यो कि त्यसमा केही

बजेटहरु उपलब्ध गराइदिनुभयो भने केही राम्रो हुन्छ भन्ने यो सुझाव राख्न चाहन्छु। साथै अन्त्यमा बजेट समय सान्दर्भिक छ बस्तुपरक छ राम्रो छ हुँदाहुँदै पनि चुनौतीहरु पनि छ। त्यसैले प्रदेश सरकार विशेष गरी विषयगत निजामती कर्मचारी मित्रहरुले आलटाल नगरी समयको पावन्दीलाई ख्याल गरी यथासशिघ्र योजनाहरुलाई सम्पन्न गर्न भूगोल र भौगोलिक मौसमलाई ख्याल गरी अगाडि बढाउनुभयो भने पक्कै पनि हामीले सोचेको अरु प्रदेश भन्दा राम्रो नमूना प्रदेश हुनेछ भन्ने विश्वासका साथ यो बजेट म र मेरो दलको पूर्ण समर्थन रहेको जानकारी गराउँदै बजेटको पूर्ण सफलताको कामना गर्दछु। धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु।

## माननीय प्रकाशचन्द्र दवाडी

सभामुख महोदय, आज बजेट आयो छलफल गरिदै छ खुसी लागेको छ। सबैको खुसी छ यहाँ सुनिन्छ प्रतिपक्षको मात्रै बेखुसी भनिन्छ। प्रतिपक्षको नि केही खुसीका कुराहरु छन् तर बेखुसीका कुराहरु भन्ने ठाउँ हो यो र छलफल गर्ने ठाउँ हो त्यसमा सभामुख मार्फत सरकारलाई ध्यानआकर्षण गर्न चाहन्छु। आज आयो ६ अरव घाटा बजेट आयो। ६ अरव घाटा छ त्यो ६ अरव घाटाले कहाँ के पूरा गर्ने हो त्यो कही पनि आएको छैन। ऋण लिन पऱ्याछ ऋण पाउने हो कि होइन त्यो पनि थाहा छैन। यसलाई पनि अलिकति मध्यनजर राख्न पर्छ जस्तो मलाई लाग्छ र एक घर एक धारा भन्याछ मेरो क्षेत्रमा गोरखाको उत्तरी भेगमा ४१ वटा गाउँमा अहिले सम्म पनि गाग्रीमा पानी बोक्नुपर्छ। यसमा सभामुख मार्फत म सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु। अहिले सम्म गाग्रीमा बोकेर कम्मरमा बोकेर हिँड्ने ठाउँ सरकारको अलिकति ध्यान जाओस् भन्न आग्रह गर्न चाहन्छु। पर्यटकीय विकास गुरुयोजना तयार गरी स्पष्ट कार्ययोजना सहित पर्यटन क्षेत्रको एकीकृत विकास गरिनेछ। गण्डकी प्रदेशलाई पर्यटन हब र पोखरालाई नेपालको पर्यटकीय राजधानीको रुपमा विकास गरिने राष्टिय तथा अन्तराष्टिय पर्यटन बजारमा पर्यटकीय गन्तव्यको रुपमा प्रदेशको छवि स्थापना गरिनेछ। यो भनाइ मेरो होइन तर

गण्डकी सरकारले नीति तथा कार्यक्रम प्रस्तुत हुँदा सबै भन्दा पहिलो प्राथमिकता कार्यक्रम हो यसकै आधारमा बजेट हेरेँ।न गुरुयोजनाका लागि पैसा छ न पर्यटनको हब बनाउने पैसा भेटे। न त पर्यटकीय राजधानीका लागि स्पष्ट पैसा छुट्याएको छ। सरकार पर्यटनको नारा घोक्छ। बजेटले पर्यटन शब्द लेख्नै चाहँदैन । ३ पटकसम्मको नीति कार्यक्रममा समेटिएको मनाङ्ग, मुस्ताङ्ग र उत्तरी गोरखामा फिलिम सिटी बनाउने कार्यक्रममा ३ नै पटक सम्म बजेट परेन। के नीति कार्यक्रम पाना भर्नका लागि मात्रै हो? नीति कार्यक्रम अनुसार बजेट छुट्याउन पर्छ कि पर्दैन ? मलाई अचम्म लागेको छ। सभामुख महोदय, एक दुईटा बजेटको आर्थिक शीर्षक र सम्मानित सदन समक्ष राख्न चाहन्छु। तनहुँको डुम्रे भन्छार र बागलुङ्गको बुर्दिवाङ्गको आधुनिक सहर निर्माण गर्ने, तनहुँको शुक्लागण्डकी, भिमाद लमजुङ्गको मध्यनेपाली स्याङ्गजाको पुतलीबजार पर्वतको फलेवास र कुश्मा उपसहर स्मार्ट सिटी बनाउन ३ करोड छुट्याएछ। अनौठो लाग्यो ३ करोड ले ५० मिटरको पक्की पुल त बन्दैन यति ठूलो सपना कसरी पुरा हुनेछ? अघिल्लो बजेटले समेटेको गोरखाको पालुङ्गटारलाई स्मार्ट सिटी बनाउने कार्यक्रम यसपालि नराखिएको हो कि छुटेको हो? यसको जवाफ सम्मानित सदन समक्ष राख्न चाहन्छु। प्रदेश स्तरीय २ वटा औद्योगिक क्षेत्र स्थापना र पूर्वाधार विकासका लागि २ करोड रुपैया छुट्याएको छ। सरकार यो रकम धैरै भएन र भन्न मलाई अलिकति अप्ठ्यारो लागेको छ। बरु अलिअलि घटाएर अरु क्षेत्रमा लगानी गरौँ कमसेकम केही कार्यक्रम त थालिन्छ। २ करोडले कस्तो औद्योगिक क्षेत्र बनाउने हो। एउटा सामान्य बस्ने घर बनाउँदा त २ करोड लाग्दछ अब यसमा औद्योगिक क्षेत्रमा कसरी सकिन्छ जस्तो लाग्दछ। एकताको गोरखाको चाम्लिङ्गमा पनि औद्योगिक क्षेत्र लैजाने कुरा सुनिएको थियो। बजेट पनि विनियोजन भएकै लाग्छ तर एकाएक गायब भयो त सरकार किन यो मन्त्रालयमै गायब भएको त छैन? तर मलाई लाग्दछ नयाँ पहिचान खोज्दै छौ हामी तर मलाई लागेको छ गोरखाको रबर उद्योग हाम्रो भृकुटी कागज कारखाना लगायतका प्राथमिकतामा रहेका औद्योगिक क्षेत्रलाई किन हेरिदैन? यसको पनि ध्यान जाओस् भनेर सभामुख मार्फत म ध्यानाकर्षण गर्न चाहन्छु। होमस्टे मोडल फर्म,

मुख्यमन्त्री जलवायुमैत्री कृषि गाउँ कार्यक्रम रोजगारीका लागि तालिम दिने कार्यक्रम यो सबै कार्यकर्ता केन्द्रित पैसा हुनको लागि त विगतको सिकाई त छैन भन्ने मलाई शंका लागेको छ सभामुख महोदय। प्राथमिकता एकातिर छ बजेट अर्कोतिर छ। अझै पनि कोठे र ढोके बजेट ल्याएर सरकार समृद्ध प्रदेशको सपना बुनिरहेको छ। सरकारलाई आफ्नो नीति कार्यक्रमतिर फर्किएर पढ्न आग्रह गर्दछु। हाम्रो गन्तब्य के हो र कता जाँदै छौ हेर्न पनि आग्रह गर्न चाहन्छु। नीति कार्यक्रम कागजबाट बाहिर निस्कीसकेको बजेट जनताको हुनै सकेन। कार्यकर्तामुखी बजेट बाँडेर समाजबादको नारा बाँड्न छोड्नुहोस्। हामीलाई थाहा छ बजेट आकार सानो छ सानो बजेट पनि व्यवस्थापन सही तरिकाले गर्न सके ठूलो कार्य सम्पन्न गर्न सकिन्छ। भ्रष्टाचार गर्दिनँ र गर्न पनि दिन्नँ यो सरकारको नारा हो र यो हाम्रो पनि नारा हो। यो नारा अहिले सबै सरकारको कार्यालयको फ्रेसहोल्डमा झुन्ड्याएको छ।सभामुख महोदय, टाँसिएको छ कार्यालय बोर्ड टाँगेर भ्रष्टाचार रोकिदैन सरकार। भष्टाचार नियन्त्रण गर्न ग्यारेन्टी के छ? संयन्त्र बनेको छ कि छैन कार्यक्रम अनुसार बजेट आएन भन्ने लक्ष्य पनि फगत नारा बाहिर आउन सक्दैन तसर्थ संलग्न बजेट सुधारिएको छ गए साल भन्दा छ।यसका लागि धन्यबाद तर धेरै कुरा छुटेका छन् जुन छुट्नै नहुनी थियो। त्यसलाई समेटियोस् अधिकरण बजेट कार्यन्वयन सफल होस् किनभने आज सफल बजेटलाई अगाडि बढाउन हामी गएसाल पनि सफल भएका छैनौँ त्यसैले यसलाई पनि ध्यान जाओस् र बजेट आएकोमा र बजेट ल्याउनु भएकोमा हाम्रो अर्थमन्त्रीज्यूलाई धन्यबाद दिदै र एउटा कुरा बजेटमा समेटिएको जस्तो लाग्छ मैले सधै उठाएको तामाखानी र अहिले पनि त्यो समेटिएको छ कि छैन अजै किताब नहेरी थाहा हुँदैन तैपनि त्यसलाई पनि अन्त्यमा ध्यान जाओस् भन्ने कुरा राख्दै सरकारलाई यो बजेट कार्यान्वयन गरेर यो देश यो हाम्रो गण्डकी प्रदेशलाई समृद्ध बनाउने शुभकामना मिलोस् र हामी सबैले एउटा आत्मसाथ गरेर यसलाई अगाडि बढाउन हामी पनि प्रयत्न गर्नेछौँ र छुटेका कुरालाई अपुरो कुरालाई साँच्चै नै विरोधको रुपमा नहेरीकन साँच्चै यो एउटा सुझावको रुपमा लिइदिन आग्रह गर्दै बिदा हुन्छु । धन्यबाद। जयनेपाल।

**माननीय सभामुख**

माननीय सदस्य श्री रोशन गाहा मगरलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय रोशन गाहा मगर

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको जगमा उभिएर आर्थिक वर्ष २०७६/०७७ को बजेटलाई कार्यान्वयन गर्न सरकारले ठोस बजेट ल्याएको छ। करको दायरालाई फराकिलो बनाएको छ। करलाई थप भार गरेको छैन। बरु प्रगतिशिल बनाइ राजश्व परिचालन गर्ने व्यवस्था यसले गरेको छ। यो चालू तर्फ ३८ प्रतिशत र पूजीगततर्फ ६२प्रतिशत प्रस्ताव आएको छ र यो गण्डकी प्रदेशलाई संमृद्धि प्रदेश निर्माण गर्नको निम्ति बनाउनको निम्ति जनताको मन छुने गरी विकास निर्माणको कामलाई अगाडि बढाउनको निम्ति अर्थमन्त्रीजीले ठोस बजेट ल्याउनुभएको छ। धैरै माननीय सदस्यमित्रहरुले कुरा राख्नुभयो आफ्नो तर्कसहित यो स्वभाविकै हो तर पनि अर्थमन्त्रीज्यूले सरकारले ल्याउने कुरा छुटाएको छ जस्तो मलाई लाग्दैन। ठोस कुरा हामीले त्यो भित्रबाट विश्लेषण पनि हामीले गर्नुपर्छ तर सरकारले बजेट प्रस्तुत गरिरहँदा बजेट लुकाए जस्तो पनि मलाई लाग्दैन। आगामी आर्थिक वर्षका लागि अनुमानित प्रस्तावित गरिएको खर्च व्यहोर्ने श्रोतहरुलाई समेत यसले देखाएको छ। नेपाल सरकारबाट प्राप्त हुने समानीकरण रकमको बारेमा पनि यसले प्रस्ट बोलेको छ। शायद त्यो शसर्त अनुदानको रुपमा होस् चाहे त्यो समपूरक अनुदानको रुपमा होस् चाहे त्यो विशेष अनुदानको रुपमा होस् चाहे त्यो राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम होस् चाहे रोयल्टीबाट आउने रकमको कुरा होस् ती सबै कुरालाई प्रस्ट पारेको छ। आन्तरिक राजश्वबाट प्राप्त रकमबाट पनि न्यून हुन गएमा थोरै हुन गएमा आन्तरिक व्यहोर्ने र आन्तरिक ऋणबाट पनि नपुग भएमा नेपाल सरकारसँग पनि अनुरोध गर्ने कुराको सरकारले प्रष्ट राखेको छ नि। कही कतै लुकाएको त छैन । त्यसोभएको हुनाले हामीले एउटा गरिमामय प्रदेश सभाको सदनमा हामीले जनताको निम्ति र यो प्रदेशलाई विकसित बनाउनको निम्ति प्रस्तुत भइरहेको बजेटलाई हामीले अलि गम्भीरतापूर्वक यसको विश्लेषण गरेर ठोस रुपमा भएका कुरालाई हामीले बुझेर उजागर गर्न जरुरी छ।

बजेट राम्रो छ धेरै माननीयज्यूहरुले भनिसक्नुभयो। प्रतिपक्षका मित्रज्यूहरुले पनि बजेट राम्रो आएको छ सबैको निम्ति समानुपातिक समावेशीको हिसावले राम्रो छ यो धेरै राम्रो पक्ष हो र यसपटक बजेट राम्रो आएको छ। मलाई गतवर्षको स्मरण आयो। गतवर्ष प्रतिपक्ष साथीहरु धेरै दुःख पाउनुभयो। हामीले त्यही वस्नुहोस् भन्दाभन्दै पनि बस्ने ठाँउ छोडेर रोष्टमसम्म आउनुभयो बडा दुःख भयो ............ र सिमान्तकृत बोटे, माझी ,मुसरफहरु बस्छन्। उनीहरुको लागि सरकारले के गर्नुपर्छ वास्तवमा यो गण्डकी प्रदेशको निम्ति एउटा सम्पत्ति हो एउटा गहना हो र अरु प्रदेशको निम्ति पनि एउटा पहिचानको रुपमा स्थापित गर्न जातिय रुपमा पनि हो यसलाई गरोस् र सुकुम्बासीको कुरा धेरै उठेँ। सुकुम्बासीको व्यवस्थापन गर्ने कुरामा आयोगको नाममा आयोग मात्रै होइन अधिकार सम्पन्न जग्गालाई व्यवस्थापन गर्ने सक्ने आयोगको रुपमा सरकारसँग माग गर्ने कुरामा यो गण्डकी प्रदेशले त्यो खालको गर्न सकोस् र एउटा ठूलो समस्या छ हामी नवलपुरलाई। राष्ट्रिय निकुन्ज मध्यवर्ती भनेर चितवन जिल्ला प्रदेश नं. ५ मा पर्छ तर २०२९ को वन ऐनले गर्दा हामी सँधियारी छिमेकीको हिसावले हामी नवलपुरबासीहरु हामी ठूलो मारमा छौँ। हामीले त्यहाँ उद्योग व्यवसाय चलाउन पाउँदैनौँ। हामीले घरेलु कुटील उद्योगहरु चलाउन पाउँदैनौँ। जग्गाधनी प्रमाणपुर्जा पाउने कुराको अझै परै जाओस्। यो विषयवस्तुलाई पनि अलि गम्भीरतापूर्वक यो गण्डकी प्रदेशको सरकारले केन्द्रीय सरकारसँग यो २०२९ को वन ऐनलाई संशोधन गरेर यसको व्यवस्थापन गर्ने कुरामा समेत यो अहिलेको वक्तव्यको छलफलमा मैले यो प्रस्ताव राखेँ। यो बजेट बक्तव्य राम्रो छ। यो बजेटले गण्डकी प्रदेशको एउटा मुहार फेर्नेछ र यसले श्रमजिवी किसानको निम्ति यसले एउटा युवाहरुको निम्ति एउटा खेलप्रेमीहरुको निम्ति सबैको निम्ति यसले हितकर गर्नेछ भन्ने विश्वास राख्दै बजेटप्रति सम्मान गर्दै आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु। धन्यबाद।

## माननीय सभामुख

मानननीय सदस्यहरु, यो छलफल आजको लागि यहीँ स्थगित हुन्छ।

माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल असार ४ गते बिहान ११ :०० बजे सम्मको लागि स्थगित हुन्छ।